वर्ष २० | अंक ६७ | काठमाडौं | बुधवार, १२ मङ्सिर २०८१ | Wednesday, 27 November 2024 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

सेन्ट्रल फाईनान्सको 'टप अपमा क्यास ब्याक'को विजेता घोषणा ३

अन्तरिम लाभांशको अवधारणा ४

नेप्से २७ सय विन्दुमाथि ७

बोर्डका नवनियुक्त अध्यक्ष श्रेष्ठले लिए शपथ ८

घर बिक्रिमा

बालकोट चोक नजिक ७ आनामा बनेको घर बिक्रिमा ।

सम्पर्क नं. ९८१३०४४११८

कीर्तिपुरको स्थानीय अर्थतन्त्रमा एनपीएलले कस्तो प्रभाव पर्ला ?

प्रशान्त खड्का

काठमाडौं

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय (त्रिवि) क्रिकेट मैदानमा मङ्सिर १६ देखि पुस ६ गतेसम्म हुन गइरहेको नेपाल प्रिमियर लिग (एनपीएल) ले कीर्तिपुरको स्थानीय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्ने सरोकारवालाले बताएका छन् ।

नेपाल क्रिकेट संघ (क्यान) ले नेपालमै पहिलोपटक यति ठूलो खेल प्रतियोगिता गर्दा स्थानीय व्यवसायीले समेत लाभ पाउने उनीहरूको भनाइ छ ।

क्यानका सचिव पारस खड्काले उक्त प्रतियोगिता सम्पन्न गर्न करीब ६० करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको आर्थिक अभियानलाई बताएका छन् । दर्शकले खेल हेर्न जाँदा मैदान वरिपरि खान तथा पिउनका लागि खर्च गर्ने हुँदा स्थानीय अर्थतन्त्रलाई सघाउ पुग्ने विश्वास गरिएको स्थानीय व्यापारीको भनाइ छ ।

विश्वभरि नै फ्रेन्चाइज क्रिकेटमा हुने रकमको वर्षाले व्यावसायिकताको दुनियाँमा नयाँ फड्को मार्दै आएको समयमा हुन लागेको यस प्रतियोगिताले क्यान, खेलाडी, स्थानीय व्यवसायी र समग्र मुलुककै अर्थतन्त्रमा अर्थ राख्ने विश्वास लिइएको क्यानका प्रवक्ता चुम्बी लामाले बताए ।

लामाका अनुसार यस प्रतियोगिताले मुख्यगरी कीर्तिपुरको स्थानीय व्यापार व्यवसाय, स्थानीय नेवा संस्कृति र त्यहाँको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुग्ने सक्ने अनुमान गरिएको छ ।

'त्रिवि मैदान कीर्तिपुरको मुख्य बस्तीभन्दा टाढा भए पनि ३ साता चल्ने खेल प्रतियोगिता हेर्न हजारौं दर्शक उपस्थित हुनेछन् । विदेशी प्रसारण च्यानलमार्फत प्रतियोगिता देखाइने हुँदा पहिलो कुरा त मुख्य रूपमा विश्वभर कीर्तिपुरको चर्चा चुलिने कुरामा दुईमत छैन,' उनले भने, 'मैदानबाहिर नाइलो र ठेलामा चाउचाउ बिस्कुट र पानी बेच्नेदेखि त्यहाँका अन्य स्थानीय व्यापारीको व्यापार बढ्न सक्छ । खेल सकिएपछि दर्शकले कीर्तिपुरका पर्यटकीयस्थल भ्रमण गर्न सक्छन् । उक्त क्रममा स्थानीय होटेल तथा रेस्टुराँको पनि व्यापारमा टेवा पुग्ने देखिन्छ ।'

उक्त प्रतियोगितामा सुदूरपश्चिम रोयल्स, लुम्बिनी लायन्स, कर्णाली याक्स, जनकपुर बोल्ट्स, चितवन राइनोज, विराटनगर किंग्स, काठमाडौं गोर्खाज र पोखरा एभेन्जर्ससहित आठओटा टिम भिड्नेछन् । क्यानका अनुसार एउटा टोलीले लिगका सातओटा खेल तथा प्लेअफ हुँदै फाइनल खेलमा १० खेल खेल्नुपर्ने भएकाले एउटा खेल खेल्दा करीब १ करोड ३० लाख रुपैयाँसम्म खर्च हुन सक्ने अनुमान गरिएको छ ।

कीर्तिपुर नगरपालिका, वडा नम्बर ३ का अध्यक्ष सुविन्द्र महर्जन भने नेपाली क्रिकेट इतिहासकै ठूलो प्रतियोगिता कीर्तिपुरमा हुन लाग्दा पनि त्यसले आर्थिक तथा व्यावसायिक रूपमा स्थानीयले धेरै ठूलो फाइदा तत्काल लिन नसक्ने बताउँछन् ।

'हजारौं दर्शकको उपस्थिति रहने हुँदा स्थानीय व्यापारीले आर्थिक लाभ त पक्कै लिन्छन् नै, तर त्रिवि मैदानदेखि बस्तीसम्मको दूरीका कारण स्थानीयले व्यापारिक रूपमा जति लाभ लिन सक्थे त्यति लिन सक्दैनन् । तथापि यहाँको नेवा संस्कृति, स्थानीय पर्यटकीय क्षेत्रसँगै संसारभर कीर्तिपुरको नाम चर्चामा आउने भएकाले हाम्रा लागि यो प्रतियोगिता महत्त्वपूर्ण छ,' उनले भने ।

खुद्रा तथा फुटपाथ व्यापारीका लागि भने एनपीएल अवसर हुन सक्ने स्थानीय व्यापारी बताउँछन् । त्रिविभित्रै रहेका क्यान्टिन व्यवसायीको व्यापार ३ सातासम्म भए पनि बढ्ने देखिएको स्थानीय खुद्रा व्यापारी नवीन महर्जनले बताए । उनका अनुसार फुटपाथमा व्यापार गर्नेका लागि त्यसबेला खेलमैदान वरपरको क्षेत्र उपयुक्त अवसर बन्न सक्नेछ । भाडाको घरमा रेस्टुराँ सञ्चालन गरिरहेकाहरूले रेस्टुराँ सेवा मैदान वरिपरि लैजान सक्छन् । किराना पसलेले आफ्नो सामान मैदान वरिपरि लगेर बेच्न सक्नेछन् । यसलाई रोक्ने निर्णय नभएको लामाले बताए ।

त्रिवि मैदान वरपर र नजिकै त्रिविको क्यान्टिनबाहेक अन्य खाजा पसल नभएका कारण प्रतियोगिता अवधिभर फुटपाथमा व्यापार गर्नेहरूले लाभ लिन सक्ने उनको भनाइ छ । अहिले विभिन्न देशका क्रिकेट बोर्डले टी-२० फ्रेन्चाइज लिग आयोजना गर्दै आएका छन् । यस्ता फ्रेन्चाइज लिगबाट बोर्डले कमाइ गर्नुका साथै खेलाडी पनि व्यावसायिक बन्ने गरेका छन् । छिमेकी मुलुक भारतको भारतीय क्रिकेट बोर्ड (बीसीसीआई) ले पनि संसारकै महँगो टी-२० फ्रेन्चाइज लिग इन्डियन प्रिमियर लिग (आईपीएल) आयोजना गर्दै आएको छ ।

पछिल्लो समय दक्षिण एशियामा बंगलादेश, श्रीलंका, पाकिस्तान, अफगानिस्तानका क्रिकेट बोर्डले आफ्नै स्वामित्वमा प्रत्येक वर्ष टी-२० फ्रेन्चाइज लिग आयोजना गरिरहेका छन् । नेपालमा भने यस्तो ठूलो टी-२० फ्रेन्चाइज लिग पहिलोपटक हुन लागेको हो । यसअघि एभरेस्ट प्रिमियर लिग (ईपीएल), धनगढी प्रिमियर लिग (डीपीएल) र पोखरा प्रिमियर लिग (पीपीएल) हुने गरे पनि लगानी र व्यावसायिकताको हिसाबले एनपीएल नेपालमा अहिलेसम्मकै ठूलो प्रतियोगिता हो ।

स्थानीय सार्वजनिक यातायात व्यवसायीका लागि अवसर

कीर्तिपुरबाट विभिन्न रुटमा सार्वजनिक यातायात सञ्चालन गर्दै आएका व्यवसायीले भने एनपीएललाई आर्थिक लाभको एउटा मुख्य अवसरका रूपमा हेरेका छन् ।

बाघभैरब यातायात प्रालिका अध्यक्ष कृष्ण कोजुले एनपीएललाई कीर्तिपुर रुटमा चल्ने यातायात धनीहरूले महत्त्वपूर्ण अवसरका रूपमा लिएको बताए । यसअघि पनि त्रिवि मैदानमा खेल हुँदा बस/माइक्रो बसमा यात्रुको चाप बढ्ने गरेको अवस्थालाई दृष्टिगत गर्दै प्रालिले खेल अवधिभर बस छुट्ने समय छोटचाउने तयारी गरेको कोजुले बताए ।

'सामान्य अवस्थामा कीर्तिपुरबाट एक मिनेटको अवधिमा ३ ओटा माइक्रो छुट्ने गर्छन् । प्रतियोगिता अवधिभर प्रालिले आवश्यकताअनुसार १ मिनेटमा ६ देखि ८ ओटासम्म माइक्रो छुटाउने योजना बनाएको छ,' उनले भने । कीर्तिपुरमा दुईओटा समिति सञ्चालनमा छन् । त्यसमार्फत दैनिक १५० ओटा बस कीर्तिपुर रत्नपार्क र कीर्तिपुर लगनखेल रुटमा गुड्ने गर्छन् ।

- स्थानीय व्यापार व्यवसाय, नेवा संस्कृति र पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुग्ने
- विश्वभर कीर्तिपुरको कला, संस्कृति प्रकाशमा आउने
- स्थानीय सार्वजनिक यातायात व्यवसायीका लागि अवसर
- त्रिविभित्रका क्यान्टिनदेखि फुटपाथ व्यापारीसम्मका लागि कमाउने अवसर

एनपीएलको स्टार स्पोर्ट्ससँग प्रसारण सम्झौता

विज्ञापन बोर्डलाई समयमै क्यानको जवाफ आएन

अभियान संवाददाता

काठमाडौं

नेपाल क्रिकेट संघ (क्यान)ले नेपाल प्रिमियर लिग (एनपीएल)को प्रसारण अधिकार भारतीय टेलिभिजन च्यानल स्टार स्पोर्ट्सलाई दिएको सन्दर्भमा विज्ञापन बोर्डले सोधेको स्पष्टीकरणको जवाफ दिन क्यानले ढिलाइ गरेको छ ।

विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा ६ अनुसार नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलहरुले विज्ञापनरहित (क्लिन फिड) प्रसारण गर्नुपर्नेछ । उक्त ऐन २०७७ सालबाट लागू भइसकेको छ । यस विषयलाई लिएर बोर्डले यो कानूनी प्रावधान पालना भएको छ कि छैन भनी गत मंगलवार क्यानसँग जवाफ मागेको थियो ।

तर, उक्त म्याद मंगलवार सकिँदासम्म क्यानले कुनै जवाफ नदिएको बोर्डका अनुगमन तथा मूल्यांकन शाखा प्रमुख कुमारीतारा घिमिरेले बताइन् ।

उनका अनुसार विज्ञापन नियमन गर्ने ऐन २०७६ को दफा ६ मा नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलले विज्ञापनरहित (क्लिन फिड) प्रसारण गर्नुपर्ने कानूनी प्रावधान सम्झाउँदै बोर्डले क्यानलाई स्पष्टीकरण सोधेको हो ।

'विदेशी कम्पनीमार्फत स्टार स्पोर्ट्स च्यानलबाट प्रत्यक्ष प्रसारण गर्ने व्यवस्था गर्दा उल्लिखित कानूनी प्रावधानबमोजिम गरिएको छ वा छैन भनी जवाफ मागेका हौं,' उनले भनिन् ।

विज्ञापन बोर्डका अनुसार प्रत्यक्ष प्रसारणको व्यवस्था गर्दा खरीद सम्झौता वा समझदारीपत्रमा हस्ताक्षर भएको भए त्यसको प्रमाणित प्रतिसमेत संलग्न गरी विस्तृत बेहोरासहित ७ दिनभित्र जवाफ पेश गर्न भनिएको थियो ।

नेपाल क्रिकेट संघका बोर्ड सदस्य चुम्बी लामाले विज्ञापन बोर्डलाई जवाफ पठाउनेबारे अहिलेसम्म छलफलै नभएको बताए । 'प्रतियोगिताको लागि हाम्रो तयारी अरू धेरै गर्नु छ,' उनले भने, 'जवाफ आवश्यक परे पठाइन्छ ।'

क्लिन फिडसम्बन्धी कानूनी प्रावधानको पालना गरेरै स्टार स्पोर्ट्ससँग सम्झौता गरिएको उनले जिकिर गरे । 'क्लिन फिडसम्बन्धी कानूनअनुसार विज्ञापनरहित प्रसारण गर्न पनि सकिनेछ । स्पोन्सरहरूले अनिवार्य रूपमा विज्ञापन देखाउनुपर्छ भनेका छैनन्,' उनले भने ।

क्यान अधिकारीहरूका अनुसार नेपालको क्रिकेटलाई खेलकुदको अन्तरराष्ट्रिय मानचित्रमा पुऱ्याउन स्टार स्पोर्ट्स जस्तो इन्डियन प्रिमियर लिगलगायत संसारका लोकप्रिय खेल प्रतियोगिता प्रसारण गर्ने च्यानलसँग सम्झौता महत्त्वपूर्ण हुन्छ ।

यसअघि नेपाल विज्ञापन संघ, राष्ट्रिय विज्ञापन संघ नेपाल र मिडिया अलाइन्सले नेपाल क्रिकेट संघले नेपालको कानूनले अनिवार्य गरेको सार्वजनिक खरीद ऐन र खेलकुद ऐनलाई उल्लंघन गरेको आरोप लगाएको थियो ।

गत मंगलवार संयुक्त विज्ञप्ति जारी गर्दै उनीहरूले सम्झौतालाई अवैधानिक भनेका थिए । त्यसलगत्तै विज्ञापन बोर्डले क्यानलाई पत्र लेखेको थियो । यही मङ्सिर १५ गतेदेखि एनपीएलका खेल हुँदै छन् । सबै खेल काठमाडौंस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा हुनेछन् । पहिलो संस्करणको एनपीएलमा आठ टोलीबीच प्रतिस्पर्धा हुनेछ ।

डेंगीबाट बच्न
आफूवरिपरि भएका पानी जम्ने खाल्डाखुल्डी पुरौं !
शरीर ढाक्ने लुगा लगाऔं !
डेंगी संक्रमणबाट बचौं !!!

नेप्से परिसूचक



सुन (तोला)



अमेरिकी डलर



विद्युत् प्राधिकरणलाई नियमन आयोगको पत्र

उद्योगको बिजुली नकाट

अभियान संवाददाता

काठमाडौं

मन्त्रिपरिषद्को निर्णयअनुसार नै डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता महशुल उठाउन र लाइन नकाट्न निर्देशन दिँदै विद्युत् नियमन आयोगले नेपाल विद्युत् प्राधिकरणलाई पत्र लेखेको छ ।

उद्योगहरूको लाइन काट्दा सरकारको राजस्वमा असर पर्ने भन्दै आयोगले लाइन नकाट्न निर्देशन दिएको हो । यसअघि गत कात्तिक २५ गते बसेको मन्त्रिपरिषद् बैठकले टाइम अफ डे (टीओडी) मीटरका आधारमा पुनः गणना गरी १५ दिनभित्र बक्यौता उठाउन र उद्योगहरूमा काटिएको लाइन जोड्न प्राधिकरणलाई निर्देशन दिएको थियो ।

मन्त्रिपरिषद् र नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिको निर्णयअनुसार प्राधिकरणले बक्यौता महशुल नतिरेका सबै २८ उद्योगमा कात्तिक २८ गते राति पुनः बिजुली जोडिदिएको थियो ।

१५ दिनभित्र बक्यौता तिर्न उद्योगीलाई दिएको समय बुधवार (आज) सकिँदै छ । तर, अहिलेसम्म कुनै पनि उद्योगी बक्यौता तिर्न नआएपछि प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले २८ उद्योगमा फेरि लाइन काट्ने तयारी गरेका थिए । त्यसकारण ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नियमन आयोगलाई निर्देशन दिन लगाएका हुन् ।

'हालसम्म कुनै पनि उद्योगी महशुल तिर्न आएका छैनन् । आयोगले पठाएको पत्र प्राप्त भएको छ, तर के कसरी अघि बढ्ने भन्नेबारे प्राधिकरण सञ्चालक समिति बैठक बसेपछि मात्रै निर्णय हुन्छ,' घिसिङले आर्थिक अभियानसँग भने ।

मन्त्री खड्काको दबाब थेग्न नसकेपछि आयोगले मंगलवार प्राधिकरणलाई लाइन नकाट्न चारबुँदे पत्र पठाउँदै 'टीओडी मिटरको आधारमा डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकहरूको बक्यौता विद्युत् महशुल निर्धारण गर्नेसम्बन्धी आवश्यक सत्य तथ्य विवरण/प्रमाण संकलन एवं प्रमाणीकरण गर्ने भन्ने कार्यादेशसहित मन्त्रीस्तरबाट निर्णय भई बक्यौता रकमको जाँच गर्ने प्राविधिक समिति गठन भएको र सो समितिले कार्य प्रारम्भ गरिसकेको हुँदा प्राधिकरणलाई समेत विवादित विषयमा आफ्नो तथ्य स्थापित गराउने अवसर हो भन्ने यस आयोगले महसुस गरेको छ । तसर्थ माथि उल्लिखित बेहोरालाई मनन् गर्दै समितिले प्रतिवेदन बुझाएर सरकारले निर्णय नगरेसम्म लाइन नकाट्न विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा ३७ बमोजिम निर्देशन जारी गरिएको छ,' आयोगले मंगलवार प्राधिकरणलाई पठाएको पत्रमा उल्लेख छ ।

सामाजिक सुरक्षा कोषले ५ लाखसम्म उपचार खर्च बेहोर्ने

विजय दमासे

काठमाडौं

सामाजिक सुरक्षा कोषले योगदानकर्तालाई हाल प्रदान गर्दै आएको सुविधाको दायरा विस्तार गरेको छ ।

सातौं सामाजिक सुरक्षा दिवसको अवसर पारेर कोषले योगदानकर्ता अस्पतालमा भर्ना भई उपचार गर्दा पाउने सुविधाको दायरा बढाएको छ । कोषले योगदानकर्तालाई हाल १ लाख रुपैयाँ उपचार सुविधा उपलब्ध गराउँदै आएकोमा अब १० लाख रुपैयाँसम्मको उपचारमा ५० प्रतिशत बेहोर्ने भएको छ । औपचारिक योगदानकर्ताको श्रीमान् र श्रीमतीमा रहेको स्वास्थ्य उपचार सेवा अब १८ वर्षसम्मका छोराछोरीमा समेत विस्तार गरेको छ ।

कोषका अनुसार अहिलेसम्म १९ हजार ७६९ रोजगारदाता सामाजिक सुरक्षा कोषमा सूचीकृत छन् । वैदेशिक रोजगारीमा गएका समेत १७ लाख ९७ हजार ६४० श्रमिक कोषमा आबद्ध छन् । कोषमा ६८ अर्ब ६८ करोड रुपैयाँ योगदान भइसकेको छ । सुविधा थपबाट लाखौं योगदानकर्ता लाभान्वित हुने कोषको भनाइ छ । कोषले हाल औषधि उपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा, वृद्ध अवस्था सुरक्षालगायत योजना अघि बढाउँदै आएको छ । सातौं सामाजिक सुरक्षा दिवसका अवसरमा मंगलवार राजधानीमा आयोजित कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले दायरा विस्तार गरिएको घोषणा गर्नुभयो । उहाँका अनुसार अब पछ्राडि परेकाहरूलाई अगाडि बढाउने र हरेक नागरिकलाई आम्दानी उपलब्ध गराउन सरकार लागिरहेको छ ।

सूचीकृत रोजगारदाता	१९,७६९
सूचीकृत योगदानकर्ता	१,७९७,६४०
कुल योगदान रकम	रू. ६,८६८.९ करोड
कुल दाबी भुक्तानी रकम	रू. १,१६२.५६ करोड
औषधि उपचार, स्वास्थ्य तथा मातृत्व दाबी रकम	रू. १४८.१७ करोड
दुर्घटना तथा अशक्तता सुरक्षा दाबी रकम	रू. १५.२१ करोड
आश्रित परिवार सुरक्षा दाबी रकम	रू. १८.५५ करोड
अवकाश दाबी रकम	रू. ९८०.६४ करोड

स्रोत : सामाजिक सुरक्षा कोष

'त्यसका लागि उत्पादन वृद्धि गर्दै बचत गर्न सक्ने अवस्था भएपछि समृद्धि हुन्छ,' प्रधानमन्त्री ओलीले भन्नुभयो । औपचारिक मात्र होइन, अनौपचारिक क्षेत्रमा समेत सामाजिक सुरक्षा विस्तार गर्नुपर्ने भन्दै अस्थायी र ज्यालादारी क्षेत्रका मानिसलाई समेत समेट्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

अर्बौं रकम पूर्वाधारमा लगानी गर्न निजीक्षेत्रको माग

निजीक्षेत्रले भने सामाजिक सुरक्षा कोषमा रहेको अर्बौं रकम परिचालन हुन नसकेको बताउँदै पूर्वाधारमा लगानी गर्न माग गरेको छ । सामाजिक सुरक्षा कोषले आयोजना गरेको उक्त कार्यक्रममा बोल्दै निजीक्षेत्रका छाता संगठनका नेताहरूले कोषको रकम पूर्वाधार र उत्पादनशील क्षेत्रमा लगानी गर्न माग गरे । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले कोषमा अहिले निष्क्रिय बसेको रकम उत्पादनशील र पूर्वाधार क्षेत्रमा लगानी गर्न माग गरे । 'सामाजिक सुरक्षा कोषले छोटो समयमै धेरै रोजगारदाता र श्रमिकलाई समेट्न सक्नुमा निजीक्षेत्रले अपनत्व लिनु एक मुख्य कारण रहेको छ,' उनले भने, 'कोषमा निजीक्षेत्रको योगदान अधिक रहेको छ ।' कार्यक्रममा नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले समेत कोषको रकम उत्पादनशील क्षेत्रमा लगाउन माग गरे । यसले अर्थतन्त्र विस्तारमा समेत योगदान पुग्ने उनको भनाइ छ । नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले अझै पनि कतिपय संगठित संस्था, बैंक तथा वित्तीय संस्थालाई समेट्न नसकिएको भन्दै त्यसमा काम गर्न सुझाव दिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय
भगवतीबहाल, नक्साल, काठमाण्डौ
फोन नं. ०१-४५१३७९४,४५१३८४०

ऋण कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०८/१२ गते बुधवार)

यस लघुवित्त वित्तीय संस्थावाट तपसिलमा उल्लेखित ऋणीले तपसिलमा उल्लेखित धितो सुरक्षण राखि/सामूहिक जमानीमा कर्जा लिनु भएकोमा ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायत अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको सर्त कवुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी सर्त बन्देज उल्लङघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखि यस वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा ब्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नुहोला अन्यथा प्रचलित ऐन, कानून तथा यस लघुवित्त वित्तीय संस्थासँग गरेको लिखत बमोजिम ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरिनुका साथै धितोमा रहेका वा नरहेको चलअचल सम्पत्ति लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

तपसिल

क्र.सं.	शाखा कार्यालय	ऋणीको नाम, ठेगाना, ना.प्र.प.नं.	ऋणीको ३ पुस्ते विवरण (पति/पिता, ससुरा/बाजे)	समुह जमानिकर्ताको नाम, ठेगाना, ना.प्र.प.नं.	समुह जमानिकर्ताको ३ पुस्ते विवरण (पति/पिता, ससुरा/बाजे)	व्यक्तिगत जमानिकर्ताको नाम, ठेगाना, ना.प्र.प.नं.	व्यक्तिगत जमानिकर्ताको ३ पुस्ते विवरण (पति/पिता, ससुरा/बाजे)
१	अत्तरिया	भजनी देवी टमटा, डडेल्धुरा, ४८२।१५३५२	जोगी टमटा/धनी टमटा	मन्जु देवी टमटा, डडेल्धुरा, १०४६।४४	नरिराम टमटा/कमल सिह टमटा	हरि टमटा, कन्चनपुर,७५-०१-७३-०८४२७	जोगी टमटा/धनी टमटा
२	अत्तरिया	मन्जु देवी टमोटा, डडेल्धुरा, १०४६।४४	नरीराम टमोटा/कमल सिह टमोटा	तारा देवी टमाटा, कन्चनपुर, २७७०	देवान टमटा/प्रेम बहादुर टमटा	नरीराम टमोटा, डडेल्धुरा, ९१०	कमल सिंह टमोटा/थाहा नभएको
३	अत्तरिया	जानवी टमटा, कन्चनपुर, ७५३०१४।१९३	दिलिप टमटा/पान सिहं टमटो	सुमित्रा टमटा, कञ्चनपुर, ७५-०१-७०-६५३३	दलिप टमटा/विरभान टमटा	दिलिप टमटा, कन्चनपुर, ७५१०१४।१२६	पान सिह टमटो/थाहा नभएको
४	अत्तरिया	बसन्ती टमटा, कन्चनपुर, ७५-०१-७४-०२१७८	उमेश टमटा/गगी टमटा	मन्जु देवी टमटा, डडेल्धुरा, १०४६।४४	नरिराम टमटा/कमल सिह टमटा	उमेश टमटा, कन्चनपुर, ७५-०१-७३-०९४५५	गगी टमटा/थाहा नभएको
५	अत्तरिया	संगिता दमाई, कन्चनपुर, ७५-०१-७३-१०६५३	खडुक बहादुर दमाई/जगी दमाई	मन्जु देवी टमटा, डडेल्धुरा, १०४६।४४	नरिराम टमटा/कमल सिह टमटा	नरेन्द्र नेपाली, कन्चनपुर, ७५३००३-४७०	चन्द्र बहादुर दमाई/थाहा नभएको
६	अत्तरिया	निर्मला ताम्राकार, कन्चनपुर, ७५-०१-७३-०७५४७	पवन ताम्राकार/मान बहादुर टमाटा	मन्जु देवी टमटा, डडेल्धुरा, १०४६।४४	नरिराम टमटा/कमल सिह टमटा	पवन ताम्राकार, कन्चनपुर, ७५१००३।२८०३८	मान बहादुर टमाटा/थाहा नभएको
७	अत्तरिया	सिता देवी ताम्राकार, कन्चनपुर, ६७-०१-६९-०६८५४	नारायण ताम्राकार/बहादुर टमटा	मन्जु देवी टमटा, डडेल्धुरा, १०४६।४४	नरिराम टमटा/कमल सिह टमटा	नारायण ताम्राकार,कन्चनपुर,७५३००३।४५६	बहादुर टमटा/थाहा नभएको
८	अत्तरिया	कलापती टमटा, कन्चनपुर, ७५-०१-७४-१२४०४	ईश्वरी टमोटा/कल्यान टमोटा	मन्जु देवी टमटा, डडेल्धुरा, १०४६।४४	नरिराम टमटा/कमल सिह टमटा	ईश्वरी टमोटा, कन्चनपुर, १००७	कल्यान टमोटा/थाहा नभएको
९	अत्तरिया	हिमा देवी टमाटा, कन्चनपुर, ७५३००३।२३०८	खडक बहादुर टमाटा/चमरे	मन्जु देवी टमटा, डडेल्धुरा, १०४६।४४	नरिराम टमटा/कमल सिह टमटा	खडक बहादुर टमाटा, कन्चनपुर,५६१६७	चमरे टमटा/थाहा नभएको
१०	अत्तरिया	पदमा देवी महता, कन्चनपुर, ७५३००३।२२५०	नरेन्द्र नेपाली/चन्द्र बहादुर दमाई	मन्जु देवी टमटा, डडेल्धुरा, १०४६।४४	नरिराम टमटा/कमल सिह टमटा	नरेन्द्र नेपाली, कन्चनपुर, ७५३००३-४७०	चन्द्र बहादुर दमाई/थाहा नभएको
११	अत्तरिया	तारा देवी टमाटा, कन्चनपुर, २७७०	देवान टमाटा/प्रेम बहादुर टमाटा	मन्जु देवी टमटा, डडेल्धुरा, १०४६।४४	नरिराम टमटा/कमल सिह टमटा	दिपक टमाटा,कन्चनपुर,७५-०१-७६-०२२७३	भोज टमाटा/थाहा नभएको
१२	अत्तरिया	गंगा देवी उपाध्याय, कैलाली, ३०७०८	राधाकृष्ण उपाध्याय/पुन्य प्रसाद उपाध्याय	लक्ष्मी देवी बडु, बैतडी, ३४३७२	परमानन्द बडु/केशब दत्त बडु	भिम बहादुर कार्की, कैलाली, १०७३८	भक्त बहादुर कार्की/थाहा नभएको
१३	अत्तरिया	मनु थापा, कैलाली, ६७१०२०।७९९२	राजु थापा/अजुध बहादुर थापा	लक्ष्मी देवी बडु, बैतडी, ३४३७२	परमानन्द बडु/केशब दत्त बडु	पूर्ण कुमारी थापा, कैलाली, ८०१७	अजुध बहादुर थापा/थाहा नभएको
१४	अत्तरिया	रीता कुमारी बडु, कन्चनपुर, १२०७/०६०/०६१	चन्द्र प्रसाद शर्मा खतिवडा/गोविन्द शर्मा खतिवडा	लक्ष्मी देवी बडु, बैतडी, ३४३७२	परमानन्द बडु/केशब दत्त बडु	देविमाया शर्मा खतिवडा, कैलाली,६७३०२८।७९	गोविन्द शर्मा खतिवडा/थाहा नभएको
१५	अत्तरिया	लीला आर्चाय उपाध्याय, कैलाली, १।३६५।३३५	देव उपाध्याय/गंगाधर उपाध्याय	लक्ष्मी देवी बडु, बैतडी, ३४३७२	परमानन्द बडु/केशब दत्त बडु	देव उपाध्याय, कैलाली, १०२५४	गंगाधर उपाध्याय/थाहा नभएको
१६	अत्तरिया	सरस्वती कुमारी खडुका, कैलाली, ४७२४६	राजेन्द्र प्रसाद भट्ट/गोविन्द भट्ट	निता चौधरी,कैलाली,६७-१८-७०।००५०७	सालिक राम डगौरा थारु /थाहा नभएको	राजेन्द्र प्रसाद भट्ट, डडेल्धुरा, १८१४	गोविन्द भट्ट/थाहा नभएको
१७	अत्तरिया	श्रीमति सर्मिला गिरी, कैलाली, ६९७५७	धनराज गरी/वहादुर गिरी	निर्मला सोव, कैलाली, १५७९	मोहन कुमार सोव/प्रधुमान सोव	धनराज गिरी, बझाङ, २८७	वहादुर गिरी/थाहा नभएको
१८	अत्तरिया	भागरथी महरा, कैलाली, ७०७३९	शेर बहादुर महरा/प्रताप महारा	लक्ष्मी कुमारी लामीछाने, कैलाली, २२६११	चित्र वहादुर न्यौपाने/अन बहादुर न्यौपाने	शेर बहादुर महरा, कैलाली, ५१०९१	प्रताप महरा/थाहा नभएको
१९	अत्तरिया	जानकी शाक्य, सुर्खेत, ६४१००९/१०९१९१	तेज बहादुर थापा/राम बहादुर थापा	ज्योती आग्री, कैलाली, ६७१०२०/३५५२	भरत आग्री/थोले आग्री	रोसन कुमार थापा, बझाङ, ७११०२५/४०७	राम बहादुर थापा/थाहा नभएको
२०	अत्तरिया	विष्णु दमाई, कैलाली, ६७-०१-६९-१०५५०	गणेश कुमार दमै/महाविर दमै	राधा देवी ऐर, कैलाली, ६७७५८	प्रेम सिं ऐर/नर बहादुर ऐर	गणेश दमै ,कैलाली, ५०७७१	महाविर दमै/थाहा नभएको
२१	अत्तरिया	शुशिला देवी दमाई, कैलाली ,१४६६	श्याम कुमार दमाई/बाबु राम	विष्णु दमाई, कैलाली, ६७-०१-६९-१०५५०	गणेश कुमार दमै/महाविर दमै	संदिप नेपाली, कैलाली, ६७-०१-७०-०४९५४	श्याम कुमार दमाई/बाबु राम
२२	अत्तरिया	पार्वती देवी टेलर, कैलाली, ३६१	हर्क बहादुर टेलर/राम बहादुर टेलर	लक्ष्मी नेपाली, थाहा नभएको	विर बहादुर नेपाली/राई मान नेपाली	हर्क बहादुर टेलर , कैलाली ,५५	राम बहादुर टेलर/थाहा नभएको
२३	अत्तरिया	डम्मरु ताम्राकार, कन्चनपुर, ७५३००३-२१९४	जगत टमाटा/बहादुर टमाटा	माया टमाटा,कञ्चनपुर ,७५३००३/१९९१	पवन टमाटा/चेती टमाटा	जगत टमाटा, कन्चनपुर , ७५-०१-७०-०३०७३	बहादुर टमटा/थाहा नभएको
२४	अत्तरिया	करिश्मा ताम्राकार, कन्चनपुर, ७५३०१४/२७६	मोहन ताम्राकार/प्रताप टमाटा	सरिता देवी ताम्राकार, सुर्खेत ,७२४७२	धर्म राज ताम्राकार/रमेश प्रसाद ताम्राकार	चम्पा टमाटा, कन्चनपुर ,७५३०१४	प्रताप टमाटा/थाहा नभएको
२५	अत्तरिया	कौसिला ताम्रकार, कैलाली, ७६-०१-७३-१०४१६	किशोर ताम्रकार/धनुवा टमोट्टा	सुमित्रा टमाटा, कन्चनपुर, ७५-०१-७०-०६५३३	दिलीप टमाटा /बिर मान टमाटा	किशोर ताम्रकार, कैलाली , ३३०४२	धनुवा टमोट्टा/थाहा नभएको
२६	अत्तरिया	लक्ष्मी कडेल, रुपन्देही, ३७२०१३/६३८६९	ऋषि राम कडेल/पुनाराम कडेल	लक्ष्मी शाही, बर्दिया, २/२४४९	दिनेश कुमार शाह/उदय बहादुर शाह	ऋषि राम कडेल, रुपन्देही ,१०१९	पुनाराम कडेल/थाहा नभएको
२७	अत्तरिया	निर्मला कुमारी श्रेष्ठ, कैलाली, १३५६९	सुसिल कुमार श्रेष्ठ/पदम बहादुर श्रेष्ठ	लक्ष्मी शाही, बर्दिया, २/२४४९	दिनेश कुमार शाह/उदय बहादुर शाह	अनिता देवी मुडभरी, कैलाली, १२६१०	ज्ञानेन्द्र राज मुडभरी/थाहा नभएको
२८	अत्तरिया	वसन्ती देवी सोव, कैलाली, २३६७२	कर्ण सोव/दल बहादुर सोव	निर्मला सोव, कैलाली ,१५७९	मोहन कुमार सोव/प्रधुमान सोव	किरन सोव, कैलाली, ६७१०२०/९६५५	कर्ण बहादुर सोव/दल बहादुर सोव
२९	अत्तरिया	विष्णु गोतामे, कैलाली, ६७५३०	राज कुमार गोतामे/कमल राज सोव	निर्मला सोव, कैलाली, १५७९	मोहन कुमार सोव/प्रधुमान सोव	राज कुमार गोतामे, कैलाली, ३३५९१	कमल राज सोव/थाहा नभएको
३०	अत्तरिया	एलिशा सिजापती, कैलाली, ६३३६४	लोकेन्द्र सिजापती/गणेश राज सिजापती	निर्मला सोव, कैलाली, १५७९	मोहन कुमार सोव/प्रधुमान सोव	पुजा घिमिरे सिजापती, कैलाली ,६७-०१-७२-०५३९६	धर्म राज सोव/थाहा नभएको
३१	अत्तरिया	रेशमा निरौला, कैलाली, ६७-०१-७२-०१८७७	श्याम सिं निरौला/धर्म सिं निरौला	निर्मला सोव, कैलाली, १५७९	मोहन कुमार सोव/प्रधुमान सोव	श्याम सिं निरौला, कैलाली,६७-०१-७२-०१५१५	धर्म सिं निरौला/थाहा नभएको
३२	अत्तरिया	समिरा जोशी, डडेल्धुरा, ७४-०१-७१-००९८४	पुष्पराज जोशी/हरि प्रसाद जाशी	निर्मला सोव, कैलाली, १५७९	मोहन कुमार सोव/प्रधुमान सोव	पुष्पराज जोशी,डडेल्धुरा,५०१/१७५११	हरि प्रसाद जोशी/थाहा नभएको
३३	अत्तरिया	निर्मला सोव, कैलाली, १५७९	मोहन कुमार सोव/प्रधुमान सोव	बसन्ती देवी सोव, कैलाली, २३६७२	कर्ण सोव/दल बहादुर सोव	मोहन बहादुर सोव, कैलाली, ४६२	प्रधुमान सोव/थाहा नभएको
३४	अत्तरिया	कल्पना सोव, कैलाली, १।४१५/३९३१	प्रेमलाल सोव/दल बहादुर सोव	निर्मला सोव, कैलाली, १५७९	मोहन कुमार सोव/प्रधुमान सोव	विवेक सिजापती, कैलाली, ६७-०१-७२-१०१५५	कर्ण सोव/थाहा नभएको
३५	अत्तरिया	मोहनी श्रेष्ठ, कैलाली, १४७८०	राम नारायण श्रेष्ठ/देवी नारायण श्रेष्ठ	निर्मला सोव, कैलाली, १५७९	मोहन कुमार सोव/प्रधुमान सोव	अन्जु श्रेष्ठ, कैलाली,६७१०२०/२२५९	राम नारायण श्रेष्ठ/थाहा नभएको
३६	अत्तरिया	लक्ष्मी शाही, बर्दिया, २/२४४९	दिनेश बहादुर शाह/उदय बहादुर शाह	सन्तु देवी पौडेल, कैलाली, ८२१३	घनश्याम पौडेल/लिलाराम पौडेल	सोनिया शाह/थाहा नभएको	दिनेश बहादुर शाह/उदय बहादुर शाह
३७	अत्तरिया	लक्ष्मी देवी टमाटा, कञ्चनपुर, २७६९	जगत राम टमाटा/बहादुर टमाटा	मन्जु देवी टमटा, डडेल्धुरा, १०४६।४४	नरिराम टमटा/कमल सिह टमटा	जगत टमाटा,कन्चनपुर ,७५-०१-७०-०३०७३	बहादुर टमाटा/थाहा नभएको
३८	अत्तरिया	राधिका ताम्राकार, डडेल्धुरा, ७४-०१-७३-०२१२४	प्रकाश टमोटा/टिकाराम टमोटा	मन्जु देवी टमटा, डडेल्धुरा, १०४६।४४	नरिराम टमटा/कमल सिह टमटा	प्रकाश टमोटा, डडेल्धुरा,६९८	टिकाराम टमोटा/थाहा नभएको
३९	पुतलीवजार	निर्मला सुनार, स्याङजा, ४२१०६२/९४७४३	मान बहादुर सुनार/शोभाखर सुनार	रेवती पाध्या रेग्मी, स्याङजा, ५४३१४	हुमनाथ रेग्मी/राम वन्धु रेग्मी	नम्रता वि.क., स्याङजा, ४२-०१-७४-०२८२४	थम बहादुर कामी/थाहा नभएको
४०	पुतलीवजार	लालु कामी, स्याङजा, ६२१७८	थम बहादुर कामी/बल वहादुर कामी	रेवती पाध्या रेग्मी, स्याङजा, ५४३१४	हुमनाथ रेग्मी/राम वन्धु रेग्मी	प्रमिला वि.क., स्याङजा, ४२३०११/३२७	इमान सिं वि.क./थाहा नभएको
४१	पुतलीवजार	मिना कुमारी श्रेष्ठ, स्याङजा, ८७२५७	भलक नारायण श्रेष्ठ/तेज वहादुर श्रेष्ठ	रेवती पाध्या रेग्मी, स्याङजा, ५४३१४	हुमनाथ रेग्मी/राम वन्धु रेग्मी	रुखुमाया श्रेष्ठ, स्याङजा, ८७७	भलक नारायण श्रेष्ठ/तेज वहादुर श्रेष्ठ
४२	पुतलीवजार	मिन सरी सुनार, स्याङजा, ३१/१४५०	शोभाखर सुनार/धन वहादुर	रेवती पाध्या रेग्मी, स्याङजा, ५४३१४	हुमनाथ रेग्मी/राम वन्धु रेग्मी	निर्मला सुनार, स्याङजा, ४२१०६२/९४७४३	मान बहादुर सुनार/शोभाखर सुनार
४३	पुतलीवजार	तन कुमारी गुरुङ, स्याङजा, ४२३०६२/१९६	विरेन्द्र वहादुर गुरुङ/टुल वहादुर गुरुङ	गौमती गुरुङ, स्याङजा, १३३१	डिल वहादुर गुरुङ/पदम वहादुर गुरुङ	विरेन्द्र वहादुर गुरुङ, स्याङजा, ४२३०६२/१९९	टुल वहादुर गुरुङ/थाहा नभएको
४४	पुतलीवजार	भीमा कुमारी कुवर, पर्वत, २३५५	रन वहादुर कुवर/थाहा नभएको	संगिता नेपाली, स्याङजा,४२-०१-७३-०४५४०	मिन वहादुर नेपाली/बोधमान दमाई	सुजल कुंवर, स्याङजा, ४२-०१-७७-०१४२७	थाहा नभएको
४५	पुतलीवजार	सुकमाया नेपाली, स्याङजा, ९८५८१	सन्तोष नेपाली/दल वहादुर सार्की	गीता कुमारी नेपाली, स्याङजा, ४२१०६२।११।२०६	याम वहादुर नेपाली/ढक वहादुर सार्की	पुनम सार्की, स्याङजा, ४२१०५१।२०९	हर्के सार्की/थाहा नभएको
४६	पुतलीवजार	रिता सार्की, स्याङजा, ४२१०५४।२२८	रुप कुमार सार्की/भीम वहादुर सार्की	रिता सार्की, स्याङजा,४२-०१-६९-००१७४	दिपक सार्की/विरे सार्की	सुबाश नेपाली, स्याङजा,४२-०१-७७-००४६७	रुप कुमार सार्की/भीम वहादुर सार्की
४७	पुतलीवजार	प्रभा रिमाल क्षेत्री, स्याङजा, ६९०२०	मित्र वहादुर रिमाल क्षेत्री/चित्र वहादुर रिमाल क्षेत्री	दुर्गा देवी रोका, स्याङजा, ३९७८९	हुम बहादुर रोका/कर्ण वहादुर रोका	गंगा कुमारी गुरुङ, स्याङजा, ९६०२	हुम वहादुर गुरुङ/थाहा नभएको
४८	पुतलीवजार	चित्र कुमारी गुरुङ, स्याङजा, ४२३०४८/३३९	नरेश कुमार गुरुङ/छविलाल गुरुङ	दुर्गा देवी रोका, स्याङजा, ३९७८९	हुम बहादुर रोका/कर्ण वहादुर रोका	यम वहादुर गुरुङ, स्याङजा, ४२२०४०/२९६५०	निर जङ्ग गुरुङ/थाहा नभएको
४९	पुतलीवजार	नरसुवा गुरुङ, स्याङजा, ४२१००७८९२१४	कुमार गुरुङ/निम वहादुर गुरुङ	इन्द्र मया गुरुङ, स्याङजा, ८४०५०	खुमान सिङ गुरुङ्ग/आन बहादुर गुरुङ्ग	बाल कृष्ण गुरुङ, स्याङजा, ४२-०१-७७-०३००८	चन्द्र बहादुर गुरुङ/थाहा नभएको
५०	पुतलीवजार	ज्ञानु माया गुरुङ, स्याङजा, ४२१०३७/०८	नर वहादुर गुरुङ/सतवहादुर गुरुङ	नरसुवा गुरुङ, स्याङजा, ४२१००७८९२१४	कुमार गुरुङ/निम वहादुर गुरुङ	नरवहादुर बुढा, रोल्पा, ५४१०२८/५२६	चन्द्र बहादुर बुढा/थाहा नभएको
५१	पुतलीवजार	लोकमाया गुरुङ, स्याङजा, ४२३०११/११९	सोम प्रसाद गुरुङ/खिम वहादुर गुरुङ	नरसुवा गुरुङ, स्याङजा, ४२१००७८९२१४	कुमार गुरुङ/निम वहादुर गुरुङ	जतिन गुरुङ , स्याङजा, ४२-०१-७७-००५१७	हर्क वहादुर गुरुङ्ग/पहलमान गुरुङ्ग
५२	पुतलीवजार	कल्पना गुरुङ्ग, स्याङजा, ७४२२१	हर्क वहादुर गुरुङ्ग/पहलमान गुरुङ्ग	नरसुवा गुरुङ, स्याङजा, ४२१००७८९२१४	कुमार गुरुङ/निम वहादुर गुरुङ	जतिन गुरुङ , स्याङजा, ४२-०१-७७-००५१७	हर्क वहादुर गुरुङ्ग/पहलमान गुरुङ्ग
५३	पुतलीवजार	नानु माया गुरुङ्ग, स्याङजा, ४२१००७/२२१	डम्वर सिंह गुरुङ्ग/दिक बहादुर गुरुङ्ग	नरसुवा गुरुङ, स्याङजा, ४२१००७८९२१४	कुमार गुरुङ/निम वहादुर गुरुङ	विमला गुरुङ, स्याङजा, ४२-०१-७७-०२६१२	योकेन्द्र गुरुङ/थाहा नभएको
५४	पुतलीवजार	कुमाया गुरुङ्ग, स्याङजा, ४२३०११/२९	निम वहादुर गुरुङ्ग/महाविर गुरुङ्ग	नरसुवा गुरुङ, स्याङजा, ४२१००७८९२१४	कुमार गुरुङ/निम वहादुर गुरुङ	कल्पना गुरुङ्ग, रुपन्देही,३७-०१-७७-०९४१८	विर वहादुर गुरुङ्ग/थाहा नभएको
५५	पुतलीवजार	कला कुमारी थापा, स्याङजा, ७१५२०	इन्द्र वहादुर थापा/टेक वहादुर थापा	नरसुवा गुरुङ, स्याङजा, ४२१००७८९२१४	कुमार गुरुङ/निम वहादुर गुरुङ	इन्द्र वहादुर थापा,स्याङजा, २१२५४	टेक वहादुर थापा/थाहा नभएको
५६	पुतलीवजार	श्रीमती उमा कुमारी राना, स्याङजा, १६५९	दल वहादुर राना/नरवहादुर राना	नरसुवा गुरुङ, स्याङजा, ४२१००७८९२१४	कुमार गुरुङ/निम वहादुर गुरुङ	दल वहादुर राना, स्याङजा, ६	नरवहादुर राना/थाहा नभएको
५७	पुतलीवजार	छु माया गुरुङ, स्याङजा, ५१६	चन्द्र वहादुर गुरुङ/खिम वहादुर गुरुङ	नरसुवा गुरुङ, स्याङजा, ४२१००७८९२१४	कुमार गुरुङ/निम वहादुर गुरुङ	विमला गुरुङ, स्याङजा, ४२-०१-७७-०२६१२	योकेन्द्र गुरुङ/थाहा नभएको
५८	पुतलीवजार	अनिता श्रेष्ठ, स्याङजा, ४२३०६२।१६५	श्री कृष्ण श्रेष्ठ/लिला वहादुर श्रेष्ठ	नरसुवा गुरुङ, स्याङजा, ४२१००७८९२१४	कुमार गुरुङ/निम वहादुर गुरुङ	कृतन श्रेष्ठ, स्याङजा, ४२-०१-७८-०१३८७	श्री कृष्ण श्रेष्ठ/लला वहादुर श्रेष्ठ
५९	पुतलीवजार	लक्ष्मी कामी, स्याङजा, ४२३०६२।३५०	दिपक कामी/टेके कामी	विष्णु कुमारी गुरुङ, स्याङजा, ११३२८	लोक वहादुर गुरुङ/लाल वहादुर गुरुङ	दिशान्त वि.क., स्याङजा, ४२-०१-७७-०१८९६	दिपक वि.क./टेके कामी
६०	पुतलीवजार	कोपिला कुमारी कुवँर, स्याङजा, ९७५९	काशि नारायण कवर/याम वहादुर कवर	विष्णु कुमारी गुरुङ, स्याङजा, ११३२८	लोक वहादुर गुरुङ/लाल वहादुर गुरुङ	काशि नारायण कवर, स्याङजा, १५९	याम वहादुर कवर/थाहा नभएको
६१	इलाम	सुवास अधिकारी, इलाम, ५५४९१-५८३३	टिकाराम अधिकारी/मान बहादुर अधिकारी	थाहा नभएको	थाहा नभएको	मधुरोमा थापा, मोरङ, ६६७/५८४६	सुवास अधिकारी/टिका राम अधिकारी
६२	इलाम	खम्बसिंह राई, इलाम, ०३-०१०-३/८१६	राम कुमार राई/हर्कमान राई	थाहा नभएको	थाहा नभएको	कुसुम देवी गुरुङ, इलाम, ०३-०१०-३/८३१	खम्बसिंह राई/राम कुमार राई
६३	इलाम	किरण रन्जितकार, इलाम, ०३-१-०३०/८८७५६	पूर्ण कुमार रन्जितकार/रत्न कुमार रन्जितकार	थाहा नभएको	थाहा नभएको	नानु श्रेष्ठ ,मोरङ, ०५३०१३/३८६	किरण रन्जितकार/पूर्ण कुमार रन्जितकार
६४	इलाम	देवीभक्त निरौला, इलाम, ६५६९८	मित्र लाल निरौला/केदार नाथ निरौला	थाहा नभएको	थाहा नभएको	निर्मला निरौला ,इलाम, ०३०३६३/१२०	देवीभक्त निरौला/मित्रलाल निरौला
६५	इलाम	कृष्ण बहादुर खड्गी, इलाम, ८७	थिर बहादुर खड्गी/रत्नमान खड्गी	थाहा नभएको	थाहा नभएको	बसुन कुमारी खड्गी,सुनसरी,४०४९	लिला खड्गी/थीर बहादुर खड्गी
६६	इलाम	मंगलसिंह फेजुङ लिम्बु, इलाम, ८५७५४	लक्ष बहादुर लिम्बु/लाल बहादुर लिम्बु	थाहा नभएको	थाहा नभएको	हरि माया लिम्बु ,झापा ,५७०४३४७३	मंगलसिंह फेजुङ लिम्बु/लक्ष बहादुर लिम्बु
६७	इलाम	डिकेन्द्र कुमार देवान, इलाम, ७०४००/१०	पंच बहादुर देवान/ऋषमान देवान	थाहा नभएको	थाहा नभएको	पुनम देवान थेवे ,इलाम, ०३-१-०४५/१००५८५	डिकेन्द्र कुमार देवान/पंच बहादुर देवान
६८	इलाम	कालाजी देवान, इलाम, १११११	टिका प्रसाद देवान/वजहाङ देवान	थाहा नभएको	थाहा नभएको	नन्द कुमारी राई ,इलाम ,५८७७	कालाजी देवान/टिका प्रसाद देवान
६९	इलाम	दुर्गा माया तामाङ्ग, इलाम, ०३-०१६-३/९१	मणि कुमार तामाङ्ग/पूर्णसिंह तामाङ	थाहा नभएको	थाहा नभएको	मित्र लाल तामाङ ,इलाम ,०३-०१-७२-०३३८५	सुरविर तामाङ/थाहा नभएको
७०	इलाम	मिना देवी भट्टराई, इलाम, ६०८९१/६५	लाल बहादुर सुवेदी/खड्ग बहादुर सुवेदी	थाहा नभएको	थाहा नभएको	लाल बहादुर सुवेदी ,इलाम, ०३११५२/५३९८५	खड्ग बहादुर सुवेदी/डिल्लीराम सुवेदी
७१	इलाम	रितु माया अधिकारी, इलाम, ०३०३७३-४१३	गणेश बहादुर अधिकारी/बम बहादुर अधिकारी	थाहा नभएको	थाहा नभएको	गणेश बहादुर अधिकारी,इलाम, ७२३७५	बम बहादुर अधिकारी/बल बहादुर अधिकारी
७२	इलाम	टिकामाया सुवेदी, झापा, ०४३००२/४७४	दिपक सुवेदी/बाल कुमार सुवेदी	थाहा नभएको	थाहा नभएको	दिपक सुवेदी ,झापा,८५०११३७१	बाल कुमार सुवेदी/थाहा नभएको
७३	इलाम	अविदल कामी, इलाम, ३७२०६-२१८७	तुल बहादुर कामी/बल विर कामी	थाहा नभएको	थाहा नभएको	तारा देवी कामी ,इलाम,०३०३७३/३२१	अविदल कामी/तुल बहादुर कामी
७४	इलाम	पदम बहादुर खाती, इलाम, ६४१०५	शेर प्रसाद खाती/जित बहादुर खाती	थाहा नभएको	थाहा नभएको	सलिना रसाइली ,इलाम ,०३-०१६-३/१८१	धन बहादुर रसाइली/शेर प्रसाद खाती
७५	इलाम	अमृता क्षेत्री, इलाम, ०३-१-०४३/९४०१६	तारानाथ क्षेत्री/सिताराम क्षेत्री	थाहा नभएको	थाहा नभएको	तारानाथ क्षेत्री ,इलाम, ७०३२४/७९९	सीताराम क्षेत्री/होम बहादुर क्षेत्री
७६	इलाम	जस माया लिम्बुनी, इलाम, १६१/१३०३	बल हाङ्ग लिम्बु/जंगविर लिम्बु	थाहा नभएको	थाहा नभएको	सन्तोष कुमार लिम्बु ,इलाम, ६५६११	नर बहादुर लिम्बु/थाहा नभएको
७७	इलाम	जानुका श्रेष्ठ, इलाम, ७४७४२/६०८१	हिरा कुमार श्रेष्ठ/लिला कुमार श्रेष्ठ	थाहा नभएको	थाहा नभएको	हिरा कुमार श्रेष्ठ, ओखलढुङ्गा,४९७४६/१९८६	लिला कुमार श्रेष्ठ/चन्द्रमान श्रेष्ठ
७८	इलाम	कमला बास्तोला, झापा, ६४३८१८१३१	खगेन्द्र प्रसाद बास्तोला/राम कुमार बास्तोला	पवित्रा मगर, इलाम, ०३८२/०१४/८०५७	डम्बर बहादुर मगर/होम बहादुर मगर	खगेन्द्र प्रसाद बास्तोला,झापा, ०४६४३८/०३५	राम कुमार बास्तोला/थाहा नभएको
७९	इलाम	राधिका देवी ढकाल, इलाम, ०३-१-०३७/१०११	भोला भट्टराई/चन्द्र प्रसाद भट्टराई	लक्ष्मी माया गुरुङ, इलाम, ४५६०३	होम बहादुर गुरुङ/तिल बहादुर गुरुङ	सोमनाथ ढकाल ,इलाम, थाहा नभएको	थाहा नभएको
८०	इलाम	दिल कुमारी राई, पांचथर, ६०२/१२८१	पेम्बु तामाङ/श्री प्रसाद तामाङ	कौशिला राई, इलाम, १७८३/१२०६	उदय बहादुर राई/ज्ञान बहादुर राई	पेम्बु तामाङ ,पांचथर, ४६४-६७१	श्री प्रसाद तामाङ/बखत सिंह तामाङ
८१	इलाम	टिका श्रेष्ठ, इलाम, ०३०४१३/४७८	सुमन श्रेष्ठ/गोविन्द श्रेष्ठ	सविता बलम्पाकी, इलाम, ३७५/२७७	मनोज थापा/धन बहादुर थापा मगर	सुमन श्रेष्ठ ,इलाम,४०२१२/७५७	गोविन्द प्रसाद श्रेष्ठ/थाहा नभएको
८२	इलाम	सुहिना कर्माचार्य, इलाम, ०३-१-०४१/१६१५	नितिज कन्डङवा/शरद कन्डङवा	ठुली तामाङ, इलाम, ५/०४६	बिनोद तामाङ/टाउके तामाङ	कृष्ण श्रेष्ठ ,इलाम ,२९२८/१९१३	गणेश प्रसाद श्रेष्ठ/थाहा नभएको
८३	इलाम	पुनम देवान थेवे, इलाम, ०३-१-०४५/१००५८५	डिकेन्द्र कुमार देवान/पंच बहादुर देवान	सुक माया लिम्ब, इलाम, ०३०४५३/४७३	धन विर लिम्बु/चन्द्र प्रसाद लिम्बु	डिकेन्द्र कुमार देवान ,इलाम ,७०४००/१०	पंच बहादुर देवान/ऋषमान देवान
८४	इलाम	खिन माया लिम्बु, इलाम, ६७५/३४६	भिम बहादुर लिम्बु/भरत बहादुर लिम्बु	पवित्रा जबेगु, इलाम, ०२१०१४/४९८	मंगलसिङ लिम्बु/सुख बहादुर लिम्बु	भिम बहादुर लिम्बु ,इलाम ,६४२५२/२१८	भरत बहादुर लिम्बु/मन बहादुर लिम्बु
८५	इलाम	खड्ग कुमारी खत्री खुलाल, इलाम, ०३०४१३/१५८	राज कुमार खुलाल/नारायण बहादुर खुलाल	मनमाया बस्नेत, इलाम, ०३-१-०७२-००५२२	मिलन बस्नेत/गणेश बस्नेत	राज कुमार खुलाल,इलाम,६११४९/१७९	नारायण बहादुर खुलाल/थाहा नभएको
८६	इलाम	भुमिका अ

आरम्भ चौतारी लघुवित्त

त्रैमासिक समीक्षा तथा अर्धवार्षिक लक्ष्य निर्धारण गोष्ठी सम्पन्न

काठमाडौं (अस) । आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेडले त्रैमासिक समीक्षा तथा अर्धवार्षिक लक्ष्य निर्धारण गोष्ठी सम्पन्न गरेको छ । संस्थाको केन्द्रीय कार्यालय, बनेपाको आयोजना तथा सबै प्रदेश कार्यालयको समन्वयमा 'प्रथम त्रैमासिक लक्ष्य प्रगति समीक्षा तथा अर्धवार्षिक लक्ष्य निर्धारण' कार्यक्रम गरिएको जानकारी दिइएको छ ।

उक्त गोष्ठीमा कर्णाली प्रदेशको वीरेन्द्रनगर, सुर्खेत, लुम्बिनी प्रदेशका नेपालगञ्ज तथा बुटवल, गण्डकी प्रदेशको पोखरा, बागमती प्रदेशको सौराहा, मधेश प्रदेशको बर्दिवास र कोशी प्रदेशको इटहरीमा देशभरका सबै शाखामा कार्यरत ४६१ जना सहायक, शाखा प्रमुख, कार्यक्रम अधिकृत र प्रदेश प्रमुखहरूको सहभागिता रहेको संस्थाले बताएको छ ।

कार्यक्रममा हरेक शाखा तथा प्रदेशको प्रथम त्रैमासको लक्ष्य प्रगति समीक्षा गरिएको थियो । कर्णाली प्रदेशको वीरेन्द्रनगरबाट शुभारम्भ भएको गोष्ठी कोशी प्रदेशको इटहरीमा सम्पन्न भएको थियो । गोष्ठीमा देशभरका शाखामा भएका समस्या पहिचान, देशको विद्यमान अवस्थाले पारेको प्रभाव र समस्या समाधानका उपायबारे छलफल गरिएको थियो ।

लुम्बिनी प्रदेशको बुटवलमा आयोजित कार्यक्रम उद्घाटन गर्दै संस्थाका सञ्चालक समितिका सदस्य पुष्पराज ढकालले संस्थाको प्रगतिमा कर्मचारीको योगदानको चर्चा गरेका थिए । लुम्बिनी प्रदेशको बुटवलमा आयोजित कार्यक्रममा समाजसेवी व्यक्तित्व मनोज भट्टराईबाट कर्मचारीलाई उत्प्रेरणा दिइएको थियो । कार्यक्रममा सहायक महाप्रबन्धक मनरुपा पौडेलले लेखा, लघुवित्त संस्थाहरूको बीचमा आरम्भ चौतारी लघुवित्त संस्थाको अवस्था र संस्थाको भावी रणनीतिको बारेमा प्रष्ट पारिन् ।

शाखाहरूमा कर्जा लगानी गर्दा देखिएका समस्या र समाधानका उपाय, ग्राहक पहिचान, कर्जा विश्लेषण, बचत परिचालन, कर्जा लगानी र अनुगमन लगायत विषयमा कर्जा विभाग प्रमुख टोपबहादुर रास्कोटीले प्रकाश पारेका थिए ।

सबै प्रदेशको कार्यक्रम उद्घाटन समारोहमा प्रदेश प्रमुखको अध्यक्षता रहेको थियो । साथै संस्थाका प्रमुख कार्यकारी अधिकृत शिवप्रसाद ज्ञवालीको उपस्थिति रहेको थियो ।

चालू आर्थिक वर्षको प्रथम त्रैमासको लक्ष्य प्रगति समीक्षा तथा अर्धवार्षिक लक्ष्य निर्धारण कार्यक्रममा डेटा प्रस्तुतीकरणका लागि सहजीकरण सूचना प्रविधि विभागमा कार्यरत रामप्रसाद पौडेल र कर्जा जोखीम व्यवस्थापन विभागमा कार्यरत रोशनप्रसाद जैसीले गरेका थिए ।

आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेडले ६ प्रदेशका ५३ जिल्लाका १३५ शाखा कार्यालयमार्फत लघुवित्त सेवा प्रदान गर्दै आएको छ । चालू आर्थिक वर्षको असोज मसान्तसम्ममा संस्थाले १ लाख १ हजार सदस्यमार्फत १ अर्ब ५१ करोड बचत संकलन गरी ३३ हजार पाँच सय ऋणीमार्फत ४ अर्ब ४१ करोड कर्जा लगानी गरेको छ । पहिलो त्रैमासमा संस्थाले २ करोड १५ लाख रुपैयाँ खुद नाफा आर्जन गरेको छ ।

चन्द्रपुरका २५ सहकारी संस्था खारेजीमा

चन्द्रपुर (रौतहट) । रौतहटको चन्द्रपुर नगरपालिकाको नियमन क्षेत्राधिकारभित्र रहेका विगत दुई वर्षदेखि निष्क्रिय रहेका सहकारी संस्था खारेजको लागि नगरपालिकाको सहकारी शाखाले सूचना प्रकाशन गरेको छ । सहकारी शाखाले चन्द्रपुर नगरपालिका सहकारी ऐन, २०७९ परिच्छेद १४ दफा ६६ उपदफा (१), (२) (३), (४), (५) र (७) तथा दफा ६७ उपदफा (१), (२) बमोजिम सहकारी संस्था विघटन तथा दर्ता खारेज गर्न सकिने हुँदा यो सूचना प्रकाशित भएको उल्लेख गरिएको छ ।

पैंतीस दिनभित्र संस्थाको दर्ता प्रमाणपत्र, सक्कल पान नं प्रमाणपत्र, पछिल्लो लेखा परीक्षणको प्रमाणित प्रतिलिपी, पछिल्लो साधारणसभा भेलाको छायाकपीलगायत आवश्यक कागजातसहित चन्द्रपुर नगरपालिका सहकारी शाखामा सम्पर्क गर्न सहकारी शाखाका प्रमुख शेख नसरे आलमले जानकारी दिए ।

तोकिएको समय सीमाभित्र सम्पर्क गर्न नसक्ने सहकारी संस्थालाई खारेज प्रक्रियामा लगिने शाखा प्रमुख आलमले बताए । चन्द्रपुर नगरपालिकाको सहकारी शाखाद्वारा जारी पत्रमा चन्द्रसूर्य बचत तथा ऋण सहकारी संस्था लिमिटेड (लि) चन्द्रपुर-४, छहारी समाज कृषि सहकारी संस्था लि चन्द्रपुर-४, कामधेनु महिला दुग्ध उत्पादन सहकारी संस्था लि चन्द्रपुर-५, देवी कृषि सहकारी संस्था लि चन्द्रपुर-४, सक्षम कृषि सहकारी संस्था लि चन्द्रपुर-४, अनुग्रह सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि चन्द्रपुर-४, चाँदी स्वास्थ्य सहकारी संस्था लि चन्द्रपुर-४ खारेजीको प्रक्रियामा रहेको उनले जानकारी दिए ।

यसैगरी सयपत्री बचत तथा ऋण सहकारी संस्था लि चन्द्रपुर-४, सिद्धार्थ कृषि सहकारी संस्था लि चन्द्रपुर-१०, पारिजात साथी कृषि सहकारी संस्था लि चन्द्रपुर-१, कामधेनु दुग्ध उत्पादक सहकारी संस्था लि चन्द्रपुर-२, सगुन कृषि सहकारी संस्था लि चन्द्रपुर २, नुनथर कृषि सहकारी संस्था लि चन्द्रपुर -२, आग्रह महिला विकास बचत तथा ऋण सहकारी संस्था लि चन्द्रपुर ४, डुमरिया महिला कृषि सहकारी संस्था लि चन्द्रपुर-९, शिवशक्ति कृषि सहकारी संस्था लि चन्द्रपुर-१०, गढीमाई कृषि सहकारी संस्था लि चन्द्रपुर- ९, रामायण कृषि सहकारी संस्था लि चन्द्रपुर -९ समेत खारेजीको प्रक्रियामा छन् ।

त्यस्तै कलश बचत तथा ऋण सहकारी संस्था लि चन्द्रपुर-९, शिव बचत तथा ऋण सहकारी संस्था लि चन्द्रपुर-१०, श्रमजीवी कृषि सहकारी संस्था लि चन्द्रपुर-९, गोधुली कृषि सहकारी संस्था लि चन्द्रपुर-८, आशिक कृषि सहकारी संस्था लि चन्द्रपुर-८, वृन्दावन महिला दुग्ध उत्पादन सहकारी संस्था लि चन्द्रपुर-८ र नुनथर सूचना तथा सञ्चार सहकारी संस्था लि चन्द्रपुर चार गरेर २५ ओटा सहकारी संस्थाको खारेजीको प्रक्रियाको लागि नगरपालिकाले नाम प्रकाशन गरेको छ । *रासस*

सबै संघीय अस्पतालमा विद्युतीय हाजिरी अनिवार्य

काठमाडौं । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै संघीय अस्पताललाई विद्युतीय हाजिरी अनिवार्य गर्न परिपत्र गरेको छ । कतिपय सरकारी अस्पतालमा कार्यालय समयमा चिकित्सक उपलब्ध नहुने गुनासो आएपछि विद्युतीय हाजिरीमार्फत रेकर्ड राख्ने व्यवस्था मिलाउन मन्त्रालयले परिपत्र गरेको हो । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले कार्यालय समयमा चिकित्सक बाहिर भेटिने समस्या अन्त्य गर्न विद्युतीय हाजिरी अनिवार्य गरेर कडाइ गर्न मातहतका कर्मचारीलाई भनेका थिए । त्यसलगत्तै मन्त्रालयअर्न्तगतको गुणस्तरमापन तथा नियमन महाशाखाले २४ ओटा संघीय अस्पताललाई विद्युतीय हाजिरी अनिवार्य व्यवस्था गरेर सोको जानकारी पठाउन पत्राचार गरेको हो । मन्त्रालयले विद्युतीय हाजिरी राखिएपश्चात् समयमा चिकित्सक उपलब्ध भए नभएको अनुगमनसमेत थाल्ने भएको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले कार्यालय समयमा चिकित्सक तथा स्वास्थ्य कर्मचारी नभएका गुनासा सम्बोधन गर्न हाजिरीलाई विद्युतीय बनाउने निर्णय भएको बताए । 'हामीले सबै संघीय अस्पताललाई विद्युतीय हाजिरी व्यवस्था अनिवार्य गर्न भनेका छौं,' उनले भने, 'त्यसपछि अनुगमन गर्दा नभएको पाइएमा कारबाही हुनेछ ।' मन्त्रालयले केही दिनअघि औषधिको मूल्य सबैले देख्ने गरी सार्वजनिक गर्न सबै संघीय अस्पताल तथा मेडिकल कलेजलाई पत्राचार गरेको थियो । दुई साताभित्र सार्वजनिक गर्नका लागि मन्त्रालयले पत्राचार गरेको थियो । यसको समेत अनुगमन गर्ने तयारी मन्त्रालयले गरेको प्रवक्ता बुढाथोकीले बताए । *रासस*

गौरमा 'बजाज माइलेज च्याम्पियन' सम्पन्न

काठमाडौं (अस) । रौतहटको गौरमा 'बजाज माइलेज च्याम्पियन' सम्पन्न भएको छ । कार्यक्रममा बजाज प्लाटिनाका चालकहरू आफ्नो मोटरसाइकलको उच्चतम माइलेज क्षमता प्रदर्शन गर्न सहभागी भएका थिए । माइलेज च्याम्पियनमा लोकेशकुमार चौरसियाले ९९ किलोमिटर प्रति लिटरको प्रदर्शन गर्दै पहिलो स्थान हासिल गरेका थिए । त्यस्तै ९४ किलोमिटर प्रति लिटरको प्रदर्शनका साथ मुकेशकुमार शाह दोस्रो र ९० किलोमिटर प्रति लिटरको प्रदर्शन गर्दै रोशन अली यादव तेस्रो स्थानमा रहे ।

यस माइलेज च्याम्पियनमा सहभागी चालकले न्यूनतम लागतमा सबैभन्दा धेरै दूरी तय गर्ने लक्ष्यसहित प्रतिस्पर्धा गरेको बताइएको छ । कार्यक्रमले बजाज प्लाटिनाको इन्धन दक्षता र विश्वसनीयता उजागर गर्दै नेपालका बजाज प्रेमीबीचको एकताको भावना र मित्रवत् प्रतिस्पर्धालाई प्रोत्साहित गरेको आयोजकको अपेक्षा छ । नयाँ पुस्ताले बढी पेट्रोल खर्च गर्ने मोटरसाइकल चलाउने ट्रेन्ड बसेका बेला प्लाटिना प्रयोगको फाइदाबारे पनि च्याम्पियनले जानकारी दिने विश्वास आयोजकको छ ।

सेन्ट्रल फाईनान्सको 'टप अपमा क्यास ब्याक'को विजेता घोषणा

काठमाडौं (अस) । सेन्ट्रल फाईनान्स लिमिटेडले दशैं तथा तिहार २०८१ लक्षित आयोजना गरेको 'टप अपमा क्यास ब्याक' अभियानको लक्की ड्रमा भक्तपुरका पाण्डव सुवालले सामसङ स्मार्टफोन जितेका छन् । सो अभियानमा टपअप गरी सहभागी भएका संस्थाका मोबाइल बैंकिङ प्रयोगकर्तामध्येबाट सुवालले स्मार्ट फोन जितेका हुन् । त्यस्तै टप अप गर्ने संस्थाका विभिन्न शाखा कार्यालयका बचतकर्तामध्ये १२ जनाले रू. १०० का दरले क्यास ब्याक समेत पाएका छन् ।

HIMALAYAN INVESTMENT BANKER LIMITED.
A SUBSIDIARY OF HIMALAYAN LIFE INSURANCE LIMITED

हिमालयन इन्भेष्टमेण्ट बैंकर लिमिटेड
नयाँ बानेश्वर, काठमाण्डौ, फोनः ५९२०३४२

प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०८/११ गते)

यस कम्पनीको मिति २०८१/८/२ गतेका दिन बसेको संचालक समितिको १० औं बैठकको निर्णय बमोजिम यस कम्पनीको प्रथम बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८१/०९/४ गते (तदनुसार डिसेम्बर १९, २०२४) बिहिबार ।
समय : बिहान ११:३० बजे ।
स्थान : हिमालयन इन्भेष्टमेण्ट बैंकर लिमिटेडको सभाहल, नयाँबानेश्वर, काठमाण्डौं ।

छलफलका विषयहरु :

(क) **साधारण प्रस्तावहरुः**
१) सञ्चालक समितिको तर्फबाट प्रस्तुत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।
३) आ.व. २०८०/८१ को लागी संचालक समितिबाट नियुक्त लेखापरीक्षक श्री एम. बर्मा एण्ड एशोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट्सको नियुक्ती र पारिश्रमिक अनुमोदन गर्ने ।
४) सञ्चालक समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ को हिसावकिताव लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५) संस्थापक समूहको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकको नियुक्ती / निर्वाचन बारे ।

(ख) **विशेष प्रस्तावः**
६) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने । प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा सुझाव आएमा आवश्यक संशोधन, समायोजन गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध** ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

एन आई सी एशिया बैंक म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित
एन आई सी एशिया सेलेक्ट-३० (इन्डेक्स फण्ड)
धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम
नेपाल धितोपत्र बोर्डबाट २०७८/०१/३१ मा योजना संचालन अनुमति प्राप्त
२०७८/०३/२३ देखि २०८५/०३/२२ सम्म अवधि भएको ७ वर्षे योजना

२०८१ कार्तिक मसान्तको खूद सम्पत्ति मुल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	सुचीकृत धितोपत्रमा लगानी		
१	शेयर	९१३,०२४,९७३	८९०,८०३,९९५
२	ऋणपत्र	-	-
	सुचीकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	१,०८८,३०२	२,५८३,३९६
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	१९२,५००,०००	१९२,५००,०००
	कूल लगानी (क)	१,१०६,६१३,२७५	१,०८५,८८७,३५२
	चालू सम्पत्ति		
१	बैंक मौज्दात	२९८,२९७,८३२	३६५,२८६,६४३
२	अन्य सम्पत्ति	१९,४७९,०९०	२,२५८,१३४
	जम्मा (ख)	३१७,७७६,५२२	३६७,५४४,७७७
	चालु दायित्व		
१	चालु दायित्व	-	४,८०५,३४०
२	भुक्तानी दिनुपर्ने शुल्क	२८०,०९६	१८,७१४,४१०
	जम्मा (ग)	२८०,०५६	२३,५१५,७४५
	कूल सम्पत्ति (क+ख-ग)	१,४२४,११०,१००	१,४२५,५१२,४१५
१	योजना व्यवस्थापक शुल्क	१,७५५,७५२	१,७६२,९०६
२	डिपोजीटरी शुल्क	२३४,१००	२३५,०५४
३	कोष सुपरीवेक्षक शुल्क	११७,०५०	११७,५२७
खुद सम्पत्ति		१,४२२,००३,१५७	१,४२७,७५६,५३३
जम्मा जारी इकाई संख्या		१२५,०००,०००	१२५,०००,०००
प्रति इकाई खुद सम्पत्ति मूल्य		११.३८	११.४२

२०८१ कार्तिक मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त (रु.) सम्पत्ति मूल्य	गत मासिक मसान्त (रु.) सम्पत्ति मूल्य
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	७८,७६४,६८५	६७,१९२,००३
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	१०१,२७२,५०२	११६,२३२,३३०
जम्मा आम्दानी		१८०,०३७,१८७	१८३,४२४,३३४
	खर्च		
१	सूचना तथा प्रकाशन खर्च	१८५,५५४	१४७,१३४
२	बैंक शुल्क	१,०५३	१,००३
३	योजना व्यवस्थापन शुल्क	७,५७१,९४४	५,७६७,३५५
४	डिपोजीटरी शुल्क	१,००९,५९३	७६८,९८०
५	कोष सुपरीवेक्षक शुल्क	५०४,७९६	३८४,४९१
६	योजना लेखा परीक्षण शुल्क	३७,६६७	२८,२५०
७	सिडिएससि वार्षिक शुल्क	१७०,०००	१७०,०००
८	स्टक एक्सचेञ्ज वार्षिक शुल्क	५०,०००	५०,०००
९	बुक बिल्डिङ शुल्क	५,०००	-
१०	सफट्वेयर खर्च	-	-
११	अन्य खर्च	१८८,१९५	-
जम्मा खर्च		५,७२३,८०१	७,३१७,२१२
कुल नाफा / (नोक्सान)		१७०,३१३,३८६	१७६,१०७,१२१

नोटः १. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिवेन्चर गरी योजनाले २०८१ कार्तिक मसान्तसम्म गरेको लगानीको परल मुल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत) रु. ८१४,३०३,८४०.६३ रहेको छ ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ का अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मूल्यांकन गरिएको छ ।
३. योजनाको प्रति इकाई खूद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइट www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मूल्य (रु)
क) वाणिज्य बैंक			
१	माछापुच्छे बैंक लिमिटेड	११५,९०९	३३,६१३,६१०
२	सानिमा बैंक लिमिटेड	११७,४२०	३७,९०३,१७६
३	प्रभु बैंक लिमिटेड	७४,८९७	१८,३६४,७४४
४	नेपाल बैंक लिमिटेड	९९,५३७	२८,६१६,८८८
५	सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड	७६,९१८	१८,१५२,६४८
६	कृषि विकास बैंक लिमिटेड	९६,८८१	३५,३७१,२५३
७	प्राइम कमर्सियल बैंक लिमिटेड	१०७,२३१	३०,३०३,५८१
ख) विकास बैंक			
१	महालक्ष्मी विकास बैंक लिमिटेड	८७,४९२	३७,१८४,१००
२	गरिमा विकास बैंक लिमिटेड	७६,४४४	३४,९७३,१३०
३	शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड	८८,९११	४२,४९९,५५८
ग) निर्जीवन विमा कम्पनी			
१	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	६७,६६८	५२,९८४,०४४
२	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	७०,५५५	६२,७९३,९५०
३	प्रभु इन्स्योरेन्स लिमिटेड	६८,०६३	६९,१५२,००८
४	आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	३५,६६६	२२,६८३,५७६
५	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	२७,०००	१८,४४१,०००
६	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	३७,९४९	३८,८२५,६२२
घ) जीवन विमा कम्पनी			
१	नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	९२,०४२	५७,७१०,३३४
२	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	६५,३७८	३२,४९२,८६६
३	सुर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	८९,६३९	४४,५५०,५८३
४	एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	७२,९४४	५४,७१५,५००
ङ) हाइड्रोपावर कम्पनी			
१	रिडी पावर कम्पनी लिमिटेड	२४,९१८	६,२०४,५८२
च) म्युचुअल फण्ड			
१	एनआईबिएल ग्रोथ फण्ड	१,०००,०००	९,१९०,०००
२	सनराइज फोकस्ड इक्विटी फण्ड	१,५००,०००	१४,२५०,०००
३	सिद्धार्थ इन्भेष्टमेण्ट ग्रोथ स्किम ३	१,९५०,०००	१८,९७३,५००
४	हिमालयन ८०-२०	१,०००,०००	१०,०३०,०००
५	कुमारी भवल योजना	५००,०००	४,५४५,०००
६	एनआईबिएल स्टेबल फण्ड	३,०००,०००	२७,०००,०००
७	सिटिजन्स सुपर ३० म्युचुअल फण्ड	१,५००,०००	१५,०००,०००
छ) लघुवित्त वित्तीय संस्था			
१	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	१९,८०१	१४,५९३,३३७
ज) अन्य			
१	हिमालयन रि इन्स्योरेन्स लिमिटेड	२४,९७९	२१,९०६,५८३
	जम्मा	१२,०८८,२५२	९१३,०२४,९७३

कोष प्रवर्द्धकः
NIC ASIA
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५११९७७/७८/८८, फ्याक्सः ९७७-०१-५११९१८०
टोल फ्री नं. : १६५०-०१-५९००१५

योजना व्यवस्थापक/डिपोजिटरीः
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली -१९, काठमाडौं
फोनः ९७७-१-४७०९९९४, फ्याक्सः ९७७-१-४७०९४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

कोष व्यवस्थापन कम्पनी लिमिटेडको
आठौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०८/०७ गते)

आदरणीय शेयरधनी महानुभावहरू,

यस कोष व्यवस्थापन कम्पनीको सञ्चालक समितिको मिति २०८१/०७/२६ मा बसेको ३६६ औं बैठकको निर्णयानुसार यस कम्पनीको साधारण सभा निम्न लिखित स्थान, मिति र समयमा निम्न विषयहरू उपर छलफल गर्न बस्ने भएकोले सबै शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

साधारण सभा हुने मिति, स्थान र समयः
मितिः २०८१/०८/२९ गते (शनिबार)
स्थानः कृषि विकास बैंक लिमिटेड मुख्य कार्यालयको सभाहल, रामशाहपथ, काठमाण्डौ
समयः बिहान ११:३० बजे

छलफलका विषयहरूः
(क) सामान्य प्रस्ताव
१. आ. व. २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन माथी छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात र आ.व २०८०/८१ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत बार्षिक वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने ।
३. संचालक समितिले प्रस्ताब गरे बमोजिम आर्थिक बर्ष २०८०/८१ को लागि चुक्ता पूँजीको १५.७८९५% का दरले हुन आउने रू.४९,०२,३२३।९६ (अक्षरेपि उन्चास लाख दुई हजार तिन सय तेइस र पैसा छयानब्बे मात्र) बराबरको नगद लाभांस (लाभांस कर समेत) वितरण गर्न स्विकृति प्रदान गर्ने ।
४. आर्थिक वर्ष २०८१/८२ को लागि महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तिको लागि परामर्श प्राप्त हुने लेखापरीक्षकलाई यस कम्पनीको लेखापरीक्षकमा नियुक्ति गर्ने तथा पारिश्रमिक र सेवा शर्त तोक्ने ।

(ख) विविध
द्रष्टव्यः
१. कम्पनीको आठौं वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको कार्यालय काठमाण्डौबाट प्राप्त गर्न सकिने छ । कम्पनीको कार्यालयमा उपस्थित हुन नसक्ने आदरणीय शेयरधनी महानुभावहरूले कम्पनीको वेभसाइट https://www.fmcl.org.np/ मा वार्षिक प्रतिवेदन प्राप्त गर्न सक्नुहुनेछ ।
२. साधारण सभामा उपस्थित हुँदा शेयरधनी महानुभावहरूले शेयर प्रमाण-पत्र वा परिचय खुल्ने परिचयपत्र अनिवार्य रूपले ल्याउनु हुन अनुरोध गरिन्छ ।
३. साधारण सभा हुने दिन तोकिएको समयमा उपस्थित भई दिनु हुन अनुरोध छ । उक्त दिन बिहान १०:३० बजेदेखि शेयरधनी उपस्थिति पुस्तिका खुल्ला गरिने छ ।
४. साधारण सभा सम्बन्धी अन्य कुनै थप जानकारी चाहिएमा यस कम्पनीको कार्यालयमा वा टेलिफोन नं. ९८४१३७१९६५ वा ९८४१५२५४६४ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

Coca-Cola

VACANCY ANNOUNCEMENT

COUNTRY MANAGER/MANAGING DIRECTOR - NEPAL

Bottlers Nepal Limited and Bottlers Nepal (Terai) Limited are Manufacturers & Distributors of Coca-Cola, Fanta, Sprite, Kinley and other range of products of The Coca-Cola Company in Nepal.

JOB PURPOSE:
The successful candidate will formulate the country business strategy and oversee the safeguarding and optimisation of the company's overall resources through the implementation of appropriate business management systems and internal controls. The responsibilities will include:
- Formulation of country business strategy, adding overall value to the business, developing portfolio and investment plan
- Formulation of business best practice guidelines/policies and ensuring compliance with international standards
- Implementation of management routines and key performance measures to provide regular feedback on company performance to key stakeholders within the Group/Country
- Emphasis on performance management and development of employees including succession planning
- Performance in a team-based culture, co-accountable with colleagues for the overall delivery of the Nepal business plan
- Planning & controlling on annual budgets and monitoring performance against plans.

KNOWLEDGE/SKILLS/ABILITIES:
- Postgraduate in Management or Business Administration – Engineering background would be an added advantage
- Professional experience of at least 20 years plus working experience of minimum 15 years at senior management level in a beverage industry is a must
- Successful management experience in the capacity of a senior leader in bottling industry of 50 million plus business in a world class manufacturing environment
- Strategic business management experience with demonstrated people skills – capability to strategize sustainable business growth through cross functional collaboration and on ground execution
- Strong process and systems experience
- Varied cross-cultural experience in a progressive business environment
- Pro-active commitment to developing and training staff in her/his competency to meet future needs
- Knowledge of corporate strategy, financial analysis and economics, operational marketing and sales management, HR management, information technology and supply chain optimization
- Proven high levels of integrity

INTERESTED NEPALESE CITIZENS FULFILLING THE ABOVE CRITERIA ARE INVITED TO SUBMIT THEIR APPLICATIONS ALONG WITH RESUME AT bishnu.bista@coca-cola.com.np ON OR BEFORE 3rd December 2024. ONLY SHORTLISTED CANDIDATES WILL BE CALLED FOR INTERVIEW.

कम्पनीको नाम परिवर्तन भएको सूचना

प्रथम पटक प्रकाशित मिति : मंसिर १२, २०८१

यस कम्पनीको मिति असोज २४,२०८१ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय अनुसार साविक **प्रभु स्टील्स एण्ड हाईड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेड**मा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर एवं अन्य दायित्व आदि परिवर्तित नाम **प्रभु स्टील्स एण्ड हाईड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेड**ले तिर्ने व्यहोर्ने गरी मिति मंसिर १०, २०८१ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयबाट यस कम्पनीलाई परिवर्तित नाममा कारोबार गर्न स्वीकृति प्राप्त भएकोले सम्पूर्ण सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

ऋण भन्नेबित्तिकै खराब भन्ने हुँदैन । यो त ऋण केमा प्रयोग भइरहेको छ भन्ने कुरामा निर्भर हुन्छ ।
- स्टिफन मूर

सम्पादकीय

सेबोन अध्यक्षका चुनौती

निकै लामो राजनीतिक विवाद, अन्तर्विरोध र आशंकाहरूबीच शेयरबजारको नियामक निकाय नेपाल धितोपत्र बोर्डको अध्यक्षमा सन्तोषनारायण श्रेष्ठ नियुक्त भएका छन् र मंगलबार उनले शपथ पनि लिएका छन् । लामो समयपछि बोर्ड अध्यक्षको नियुक्ति भएको दिन शेयरबजारले हरियो संकेत देखाएको छ तर अध्यक्षको कार्यकाल भने निकै चुनौतीपूर्ण देखिन्छ। विगतका अत्यधिक अध्यक्ष विवादमा आएको र राजीनामा गर्नसमेत परेको अवस्थामा श्रेष्ठका लागि यो नियुक्ति चुनौती र अवसर दुवै देखिन्छ ।

बोर्ड अध्यक्षको नियुक्तिमा अहिले जस्तो दलहरूको प्रत्यक्ष चलखेल र हस्तक्षेप विगतमा कहिल्यै भएको थिएन । अघिल्लो सरकारको पालामा खाली भएको बोर्ड अध्यक्षको नियुक्ति प्रक्रिया नै दलहरूको स्वार्थ र व्यावसायिक घरानाहरूको लबिङले गर्दा निकै आलोचित भइरहेको छ । खासगरी उच्च व्यावसायिक घरानाले नियामक निकायमा आफ्नो पहुँच पुऱ्याएर आफ्नो स्वार्थअनुसार निर्णय गराउन भूमिका खेलिरहेको व्यापक चर्चा र विश्लेषण भइरहेको छ । नियुक्ति प्रक्रियामा अन्तरवार्तामा अनुपस्थित हुने, अदालत जाने जस्ता कुराले यो आशंकालाई मलजल गरेकै हो । जेहोस्, बोर्डले अध्यक्ष प्राप्त गरेको छ जुन सकारात्मक हो । तर, उनले के कसरी काम गर्छन् त्यसैका आधारमा उनको मूल्यांकन हुने एउटा पाटो त छँदै छ, साथै नेपालको पूँजी बजारलाई कुन बाटोतर्फ लैजाने भन्ने कुरा पनि यसले निर्धारण गर्नेछ । नेपालको शेयरबजार स्वच्छ नभएको, बुक बिल्डिङदेखि हकप्रद शेयरजारीसम्म, ब्रोकर लाइसेन्सदेखि भित्री कारोबारसम्म, नयाँ एक्सचेन्जदेखि कमोडिटी एक्सचेन्जको स्वीकृतिसम्ममा भित्री चलखेल भइरहेको विश्लेषण छताछुल्ल भइरहेको छ ।

सबैभन्दा विवादित र महत्त्वपूर्ण कुरा भनेको नयँ एक्सचेन्जको अनुमति प्रक्रिया हुनेछ । नयाँ एक्सचेन्ज हात पार्नका लागि व्यावसायिक समूहहरूले ठूलै लगानी गरेको चर्चा निकै छ । उनकै नियुक्ति पनि निश्चित व्यावसायिक घरानाको स्वार्थमा हुन लागेको भनेर चर्चा भएको थियो ।

नेपालको शेयरबजारले अहिले निकै फड्को मारेको छ तर छिमेकी मुलुकमा जत्तिको नियामक निकाय सबल बनेको छैन । कानूनी रूपमा बलियो भए पनि बोर्डले त्यो भूमिका निर्वाह गर्न सकिरहेको छैन ।

यस्तो आरोप मिथ्या भएको प्रमाणित गर्नु उनको लागि पहिलो चुनौती हुनेछ । यसमा स्वार्थ समूहको चलखेलबाट बचेर काम गर्न सके मात्रै उनको निर्णय विवादमा पर्ने छैन । अन्यथा यही विवादले उनलाई ठूलो समस्यामा नपार्ला भन्न सकिन्न ।

लामो समयदेखि कमोडिटी एक्सचेन्जको अनुमति दिने काम अड्किएर बसेको छ । यसमा पनि चलखेल भइरहेको छ भन्ने परिचर्चा छ । यो काम ढिला हुँदा कमोडिटी मार्केट नै बन्द अवस्थामा छ जुन विगतमा राम्रैसँग सञ्चालनमा थियो । नियमनका नाममा यसको विकास अवरुद्ध गरिएको छ जसले गर्दा लगानीकर्ताले लगानीको एउटा ठूलो विकल्प गुमाइरहेका छन् । त्यसैले यथाशीघ्र यसको समाधान गर्नुपर्छ जुन उनका लागि चुनौतीपूर्ण देखिन्छ । पारदर्शिता र प्रतिस्पर्धालाई मुख्य आधार बनाएर काम गरेमा आलोचना आफै मत्थर हुँदै जाने देखिन्छ । श्रेष्ठले कुन बाटो रोज्छन् त्यसले नै उनलाई आलोचनामुक्त वा विवादित बनाउने हो । यसमा उनको ध्यान जानुपर्छ ।

अहिले ५५ लाखभन्दा बढी लगानीकर्ता भएको शेयरबजारमा निकै चलखेल हुने गरेको छ । भित्री कारोबारदेखि शेयर निष्कासनसम्ममा चलखेल भइरहेको तथ्य सार्वजनिक भइरहेका छन् । त्यसैले यी कुरालाई ध्यानमा राखेर काम गर्नु नयाँ अध्यक्षको प्राथमिकता हुनुपर्छ। शेयरबजारको सुधारका लागि बुक बिल्डिङलाई व्यवसायीको चलखेलबाट मुक्त गर्नुपर्ने काम गर्नै पर्ने छ। त्यस्तै भित्री कारोबारमा भएका अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउने र यस्ता कार्यलाई रोक्न उच्च प्राथमिकता दिने चुनौती नयाँ अध्यक्षलाई रहेको छ । त्यस्तै इन्ट्रा डे कारोबार, इन्डेक्स ट्रेडिङजस्ता नयाँ कारोबार गराउनुपर्ने आवश्यकता पनि उत्तिकै छ । मुख्य कुरा नियमनलाई स्वच्छ र पारदर्शी बनाएर पूँजी बजारलाई परिपक्व बनाउन आवश्यक छ । यसैमा उनको सफलता मापन हुनेछ । नेपालको शेयरबजारको अहिले निकै फड्को मारेको छ तर छिमेकी मुलुकमा जत्तिको नियामक निकाय सबल बनेको छैन । कानूनी रूपमा बलियो भए पनि बोर्डले त्यो भूमिका निर्वाह गर्न सकिरहेको छैन । बैंकहरूका लागि जसरी राष्ट्र बैंकले बलियो नियमन गरिरहेको छ त्यस्तै सशक्त बोर्ड बनाउने नेतृत्व आवश्यक छ। यसैबाट उनको क्षमता र सफलता मापन हुनेछ ।

आर्थिक अभियान
१० वर्षअघिको आर्थिक अभियानबाट

हनी हण्टिङको नयाँ प्याकेज प्रवर्द्धन गर्दै टान

ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) ले पर्यटक आकर्षण गर्न नयाँ प्याकजेका रूपमा हनी हण्टिङलाई प्रवर्द्धन गर्ने भएको छ। टानले गतसाता लमजुङको घनपोखरा गाविसमा रहेको भीर माहुरीको मह निकाल्ने कामलाई पर्यटकीय प्याकेजका रूपमा प्रवर्द्धन गर्न अध्ययनसमेत गरेको छ। उक्त अध्ययनबाट घनपोखरालाई हनी हण्टिङको प्याकेज बनाए प्रवर्द्धन गर्न गृहकार्य गरिरहेको टानका महासचिव मोहन लम्सालले जानकारी दिए ।

टानले अन्नपूर्ण सर्किटको वैकल्पिक पदयात्राको गन्तव्य बनाउन सकिने भन्दै लमजुङ वेशीशहरदेखि घनपोखरासम्म प्याकेज बनाउने भएको छ। नेपाली तथा विदेशी दुवै पर्यटक आकर्षण गर्न सकिने सो पदयात्रामार्फत हनी हण्टिङको प्याकेज प्रभावकारी र सान्दर्भिक हुने पनि टानको भनाइ छ। टानले नेपालीलाई २ रात ३ दिन र पर्यटकलाई ३ रात ४ दिनकोपदयात्रामार्फत प्याकेज बनाउने भएको छ। लमजुङकै घलेगाउँ-घनपोखरा होम स्टेलाई पनि प्रवर्द्धन गर्ने गरी प्याकेज बनाएर सदस्य कम्पनीलाई वितरण गर्ने टानका महासचिव लम्सालले बताए ।

वर्ष ८, अंक ७४, आइतवार १८ मङ्सिर, २०६९

अन्तरिम लाभांशको अवधारणा

नेपाल कानूनमा के छ ?

नेपाल कानूनमा अन्तरिम लाभांश वितरण गर्नसक्ने प्रावधान भए पनि यसको पर्याप्त अभ्यास भएको छैन । यसो हुनुमा कम्पनीको कोषमा पर्याप्त सञ्चित जगेडाको रकम नहुनुलाई मुख्य कारण मान्नुपर्ने हुन्छ ।

- ज्योति दाहाल

लगानीबाट लाभ प्राप्त गर्न कम्पनीमार्फत गरिने लगानी उत्तम माध्यम बनेको छ । कम्पनी कानूनतः व्यक्ति हो र यसको स्वतन्त्र कानूनी अस्तित्व हुन्छ । व्यक्तिको समूह वा एकै व्यक्तिले कम्पनी स्थापना गर्नसक्छन् । कम्पनी स्थापना भएपछि कम्पनी र यसलाई स्थापना गर्ने व्यक्तिको छुट्टै अस्तित्व हुन्छ। कम्पनी स्थापना गर्ने व्यक्तिलाई शेयरधनी भनिन्छ। यस्ता कम्पनीले सञ्चालन खर्च र प्रचलित कानूनबमोजिम लाग्ने कर तिरेपछि बाँकी रहेको रकम कम्पनीको नाफा हुन्छ। नाफामध्येबाट केही रकम शेयरधनीलाई तिनले गरेको लगानीको अनुपातमा बाँडिन्छ। शेयरधनीलाई बाँडिने रकमलाई 'लाभांश' भनिन्छ । लाभांश त्रैमासिक, अर्धवार्षिक र वार्षिकरूपमा वितरण गर्न सकिन्छ । त्रैमासिक वा अर्धवार्षिक रूपमा वितरण गरिने लाभांशलाई 'अन्तरिम लाभांश' भनिन्छ ।

लाभांशको शास्त्रीय चर्चा

व्यवसायबाट लाभ आर्जन गर्ने अवधारणा वैदिककालदेखि प्रचलित छ । वैदिक विद्वान् मनुले सम्पत्ति वा धन प्राप्त गर्न बताएका सातओटा विधिमध्ये व्यवसाय पनि एक हो । मनुले भनेका छन् :

...**सप्त वित्तगमा धर्मा दायो लाभः क्रयो जयः ।**
प्रयोगः कर्मयोगश्च सत् प्रतिग्रह एव च ।

दाय (उत्तराधिकार वा अंश), लाभ (व्यावसायिक नाफा), क्रय (खरीद), जय (बाजी, जुवा, पुरस्कार), प्रयोग (कृषि, लगानी), कर्मयोग (नोकरी आदि सेवाबाट प्राप्त पारिश्रमिक), सत् प्रतिग्रह (दान) बाट सम्पत्ति प्राप्त हुन्छ । देवर्षि नारदले 'वणिक् प्रभृतयो यत्र कर्म सम्भूय कुर्वते' अर्थात् व्यक्ति-व्यक्ति मिलेर व्यवसाय गर्छन् र यसको मूल उद्देश्य 'फलाहेतोरूपायन कर्म सम्भूय कुर्वताम्' अर्थात् लाभ आर्जन हो । यस्तो लाभ 'आधारभूतः प्रक्षेपस्तेनोत्तिष्ठेयुरंशतः' अर्थात् जसको जति लगानी छ, सोही आधारमा प्राप्त हुन्छ । याज्ञवल्क्यले पनि नारदले जस्तै : 'संभूयसमुत्थानं नाम विवादपदमिदानीमभिधीयते समवायेन वणिजां लाभार्थ कर्म कुर्वताम् । लाभालाभौ यथाद्रव्यं यथा वा संविदा कृतौ' भनेका छन् । अर्थात् व्यक्तिहरू समान उद्देश्य लिई एकजुट भएर उन्नतिका लागि कार्य (व्यवसाय) गर्छन्, यसरी कार्य गर्दा त्यहाँ विवाद पनि आउन सक्छ । लाभ प्राप्त गर्नका लागि सहकार्य गर्छन् । व्यवसायमा लाभ र हानि उनीहरूको लगानी वा सम्झौतामा आधारित हुन्छ । मनुले सम्पत्ति प्राप्त गर्ने एउटा विधि व्यवसाय बताएका छन् भने नारद र याज्ञवल्क्यले व्यावसायिक संगठनको स्वरूप व्याख्या गरेका छन् । व्यवसायबाट लाभ वा हानि पनि हुनसक्ने पनि बताएका छन् ।

लाभांशको आधुनिक चर्चा

नेपालीमा 'लाभांश' र अंग्रेजीमा 'डिभिडेन्ड' भनिने शब्द ल्याटिन भाषाको 'डिभिडेन्डम' बाट आएको हो र यसको अर्थ 'बाँड्न मिल्ने कुल रकम' हुन्छ। लाभांश कम्पनीमा शेयरधनीले गरेको लगानीको प्रतिफल हो । यस्तो प्रतिफल नगद र शेयर गरी दुई प्रकारले प्राप्त हुन्छ । आधुनिक समयमा कम्पनीले शेयरधनीलाई बाँड्ने नाफालाई लाभांश भनिन्छ। यसलाई लाभांश भन्नुको कारण कम्पनी सञ्चालनका क्रममा भएको सम्पूर्ण खर्च र कर कटाएपछि बाँकी रहने खुद नाफामध्येबाट केही अंश शेयरधनीलाई बाँडिने हुँदा लाभांश भनिएको हो। लाभांश प्राप्त हुने कुरा सापेक्ष हुन्छ, निरपेक्ष हुँदैन । कम्पनीले मनग्य नाफा आर्जन गरेको अवस्थामा शेयरधनीलाई यथोचित लाभांश बाँड्नुपर्छ। नाफा के हो भन्ने सन्दर्भमा सन् १९३१ मा लाहोर उच्च अदालतले भारत इन्स्योरेन्स कम्पनी लिमिटेडविरुद्ध कमिशनर अफ इनकम टचाक्सको मुद्दामा 'नाफा भन्नाले कम्पनीको सञ्चालन खर्च घटाएपछि बाँकी रहने रकमलाई जनाउँछ, यस्ता खर्च (सञ्चालन) विना नाफा सम्भव हुँदैन' भनेको छ । सञ्चालन खर्चभित्र कर्मचारीको तलब, भत्ताजस्ता खर्च समावेश हुन्छ। मुद्दाको मुख्य विषय बीमा कम्पनीले बीमितलाई बाँडफाँट गरेको नाफाको अंशमा आयकर लाग्छ कि लाग्दैन भन्ने थियो । अदालतले बीमितलाई बाँडिएको नाफा कम्पनीकै नाफा भएकाले यो करयोग्य हुन्छ भनेको थियो ।

लाभांश कति वितरण गर्ने विषयमा सन् १९१६ मा अमेरिकाको फोर्ड मोटर कम्पनीको मुद्दा निकै चर्चित छ। कम्पनीका संस्थापक हेनरी फोर्ड नाफाको ठूलो अंश तामा, इस्पात आल्युमिनियमजस्ता धातुजन्य पदार्थ उत्पादन गर्ने स्मेल्टिङ प्लान्ट निर्माणमा लगानी गर्न चाहन्थे । यस्तो प्लान्ट निर्माण गर्नुको कारण मोटर निर्माणका लागि आवश्यक धातुजन्य पदार्थ सहज र सस्तोमा आपूर्ति गरी भविष्यमा कारको मूल्य घटाउन सकियोस् भन्ने थियो । कारको मूल्यमा कमी आउँदा बढी विक्री हुने र नाफा अझ बढाउने उनको लक्ष्य थियो । तर, कम्पनीमा १० प्रतिशत शेयर स्वामित्व भएका डज ब्रदर्स (जोहन फ्रान्सिस डज र होरेस एल्गिन डज) लाभांश वृद्धि माग गर्दै अदालत गएका थिए । अदालतले शेयरधनीको अधिकतम प्रतिफल पाउने अधिकारलाई कटौती गर्न नपाइने भन्दै डज ब्रदर्सको पक्षमा निर्णय सुनाएको थियो । तर, अदालतले स्मेल्टिङ प्लान्ट निर्माण कम्पनीको व्यवसाय विस्तारको योजना भएकाले यसलाई कम्पनीका अधिकारभित्रको निर्णय मानेर अनुमोदन गऱ्यो। फोर्ड कम्पनीले यसअघि नियमित लाभांशका अतिरिक्त विशेष लाभांश पनि वितरण गरिरहेको थियो । तर, १९१६ मा कम्पनीले विशेष लाभांशको रकम व्यवसाय विस्तारमा लगानी गर्ने घोषणा गऱ्यो । यो निर्णयको विरोध गर्दै डज ब्रदर्सले अदालतमा मुद्दा दायर गरेका थिए । फोर्डको यस मुद्दाले आज पनि कम्पनीले लाभांश वितरण र व्यवसाय विस्तारलाई कसरी सन्तुलन कायम गर्न सक्छन् भन्ने मार्गदर्शन दिएको अनुमान गर्न सकिन्छ । विशेष गरी शेयरधनीको उच्च लाभांश प्राप्त गर्ने अपेक्षा र कम्पनीको दीर्घकालीन रणनीतिक उद्देश्यबीचको सन्तुलन कायम गर्न कम्पनी सञ्चालकका लागि चुनौतीपूर्ण विषय बनेको छ । कम्पनीले नियमित रूपमा बाँड्ने लाभांशबाहेक विशेष लाभांश पनि हुन्छ । यस्तो लाभांश सम्पत्ति विक्री वा अन्य विशेष घटनाको परिणामस्वरूप वितरण गरिन्छ । यो सामान्य वा नियमित लाभांशको तुलनामा घटी वा बढी हुनसक्छ ।

कुनै पनि चालू आर्थिक वर्षमा वा आर्थिक वर्ष समाप्त भई वार्षिक साधारण सभा हुने अवधिभित्र नाफा-नोक्सान खातामा रहेको सञ्चित रकमबाट वा उक्त अन्तरिम लाभांश घोषणा गर्न खोजिएको आर्थिक वर्षको नाफाबाट वा अन्तरिम लाभांश घोषणा गर्ने मितिको अघिल्लो त्रैमासिकसम्म सञ्चित भएको नाफाबाट अन्तरिम लाभांश घोषणा गर्नसक्छ ।

लाभांशको तालुकी कानून

कम्पनीले लाभांश बाँड्ने विषयमा चर्चा भएपछि लाभांश बाँड्न के कस्ता कानूनी प्रक्रिया पूरा गर्नुपर्छ र लाभांशलाई व्यवस्थित गर्ने कानून कुन हो त्यस विषयमा चर्चा गरिन्छ । लाभांशको तालुकी कानून कम्पनी ऐन, २०६३ हो । विशेष कानूनबाट स्थापित निकायको हकमा सोही कानून तालुकी हुन्छ। उदाहरणका लागि, नागरिक लगानी कोष ऐन, २०४७ द्वारा स्थापित नागरिक लगानी कोष विशेष प्रकारको कम्पनी हो । यसको हकमा कम्पनी ऐन लागू हुँदैन । लाभांशको तालुकी कानूनले लाभांशको परिभाषा गरेको छैन। भारतको कम्पनी कानूनले पनि लाभांशको परिभाषा गरेको छैन । जुनसुकै क्षेत्रका कम्पनीले आर्जित नाफाबाट तोकिएका शर्तबन्देज पूरा गरेर शेयरधनीलाई लाभांश बाँड्न सक्छन् ।

कम्पनी ऐनको दफा १८२(६) मा कम्पनीले कुनै आर्थिक वर्षमा भएको नाफाबाट लाभांश वितरण गर्नुभन्दा पहिले पूर्वसञ्चालन खर्च, ह्रासकट्टी, नाफाबाट भुक्तानी गर्नुपर्ने वा छुट्टचाउनुपर्ने रकम वा विगतका आर्थिक वर्षमा भएको सञ्चित नोक्सानीको रकम पूर्णरूपमा कट्टा गरिसकेको हुनुपर्छ । सोही दफाको प्रतिबन्धात्मक वाक्यांशमा कुनै रकमको जगेडा वा सञ्चित कोष खडा गर्नुपर्ने सम्बन्धमा प्रचलित कानूनले कुनै व्यवस्था गरेको रहेछ भने त्यस्तो कोष खडा नगरी लाभांश वितरण गर्न नसक्ने व्यवस्था गरेको छ । उदाहरणमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ४४, ४५, ४७(२) र ९९(घ) को प्रक्रिया पूरा नगरी लाभांश वितरण गर्न पाइँदैन । दफा ४४ र ४५ अनुसार साधारण जगेडा कोष र सटही समीकरण कोषका लागि रकम छुट्टचाउनुपर्छ । त्यस्तै, दफा ४७(२) मा सर्वसाधारणलाई शेयर निर्गमन नगरेसम्म र दफा ९९(घ) अनुसार केन्द्रीय बैंकद्वारा जारी नियम, विनियम र निर्देशन पालना नगरेमा लाभांश वितरणमा रोक लगाउन सक्छ । त्यस्तै, नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ग(१)(ग) मा समस्याग्रस्त बैंक वित्तीय संस्थालाई निश्चित समयसम्म लाभांश वितरणमा रोक लगाउन सक्छ । बैंक जस्तै बीमा कम्पनीले पनि महाविपत्ति र साधारण जगेडा कोषमा रकम व्यवस्था नगरी लाभांश वितरण गर्न सक्दैनन् ।

कम्पनीले सबै कानूनी प्रक्रिया पूरा गरेर शेयरधनीलाई बाँडेको लाभांश कुनै शेयरधनीको हकमा रोक्का राख्न सक्छ । कम्पनी ऐन, २०६३ को दफा ५२ अनुसार कुनै शेयरधनीले कम्पनीलाई तिर्न बाँकी रहेको शेयरको रकम वा कानूनबमोजिम कम्पनीलाई बुझाउनुपर्ने बाँकी रकम बुझाउन बाँकी लाभांश रोक्का राख्न सक्छ । यस्तो रोक्काको अवधि कम्पनीलाई तिर्नु बुझाउनुपर्ने रकम नतिरे वा नबुझाएसम्म वा वितरित लाभांशबाट कट्टा नहुन्जेलसम्म कायम रहन्छ । दफा १७९ अनुसार लाभांश वितरण गर्न सकिने रकमबाट बोनस शेयर जारी गर्न सकिन्छ। बोनस शेयरलाई पनि लाभांशका रूपमा लिइन्छ। लाभांशका रूपमा वितरण हुनसक्ने रकम वा लाभांश बाँडेर बचतमा रहेको सञ्चित नाफाको रकमबाट कम्पनीले आफ्नो शेयर आफै किन्न सक्छ ।

अन्तरिम लाभांशको कानून

'अन्तरिम' शब्द संस्कृतबाट आएको हो र यसको अर्थ 'बीच' वा 'अस्थायी रूपमा गरिएको व्यवस्था' हो । अन्तरिम सरकार र अन्तरिम आदेश आदि यसका उहारण हुन् । 'अन्तरिम' भनेको अस्थायी रूपमा गरिएको व्यवस्था हो भन्ने जनाउँछ। अन्तरिम अवस्थामा ठूलो दूरगामी असर पार्ने निर्णय गरिँदैन । यसमा साधारण प्रकारका दैनिक प्रशासन चलाउने आदि जस्ता निर्णय हुन्छ। अदालतले पनि बेलाबेलामा अन्तरिम आदेश जारी गर्छ । अन्तिम आदेश नआउन्जेल कुनै पनि कार्य नगर्नु भनेर त्यसलाई यथास्थितिमा राखिन्छ । जस्तो कुनै कम्पनीलाई सम्पत्ति विक्री वा खरीद गर्न रोक लगाउन अदालतले अन्तरिम आदेश जारी गर्छ । कम्पनीको सञ्चालनको सन्दर्भमा 'अन्तरिम' शब्द लाभांशसँग जोडिएर आउँछ । 'अन्तरिम' र 'लाभांश' जोडिएर 'अन्तरिम लाभांश' बन्छ। कम्पनी ऐनमा अन्तरिम लाभांशको परिभाषा गरिएको छैन। भारतको कम्पनी कानूनमा लाभांश भन्नाले अन्तरिम लाभांशसमेतलाई जनाउँछ भनेको छ। नेपालको कम्पनी कानूनमा २०६३ सालसम्म अन्तरिम लाभांश बाँड्न सकिने व्यवस्था थिएन । कम्पनी ऐन, २०६३ जारी भएपश्चात् अन्तरिम लाभांश वितरण गर्नसक्ने व्यवस्था शुरू भएको हो । कुनै पनि कम्पनीको सञ्चालक समितिले अघिल्लो आर्थिक वर्षको नाफाबाट अन्तरिम लाभांश वितरण गर्न सक्छ। यस्तो लाभांश वितरण शर्तयुक्त हुन्छ । कुनै पनि कम्पनीले सञ्चित नाफामा रहेको रकम मात्र अन्तरिम लाभांशका रूपमा विवरण गर्न सक्छ । कम्पनी ऐनको दफा १८२(७)(क) अनुसार कम्पनीको नियमावलीमा अन्तरिम लाभांशको व्यवस्था हुनुपर्छ। त्यस्तै, दफा १८२(७)(ख) अनुसार जुन आर्थिक वर्षको नाफाबाट अन्तरिम लाभांश वितरण गर्ने हो उक्त आर्थिक वर्षको वार्षिक आर्थिक विवरण लेखापरीक्षकबाट प्रमाणित भई सञ्चालक समितिबाट स्वीकृत भइसकेको हुनुपर्छ। यस व्यवस्थाअन्तर्गत कम्पनीले १ आर्थिक वर्षभित्रमा त्रैमासिक वा अर्धवार्षिक रूपमा लाभांश बाँड्न सक्छ । अन्तरिम लाभांश वितरण गर्न साधारण वा विशेषसभा आवश्यक पर्दैन । सञ्चालक समितिले निर्णय गरेर वितरण गर्न सक्छ। बोनस शेयरलाई लाभांशकै एक स्वरूप मानिए पनि अन्तरिम लाभांशको रूपमा वितरण गर्न सकिँदैन ।

भारतमा कम्पनीको सञ्चालक समितिले कुनै पनि चालू आर्थिक वर्षमा वा आर्थिक वर्ष समाप्त भई वार्षिक साधारणसभा हुने अवधिभित्र नाफा-नोक्सान खातामा रहेको सञ्चित रकमबाट वा उक्त अन्तरिम लाभांश घोषणा गर्न खोजिएको आर्थिक वर्षको नाफाबाट वा अन्तरिम लाभांश घोषणा गर्ने मितिको अघिल्लो त्रैमासिकसम्म सञ्चित भएको नाफाबाट अन्तरिम लाभांश घोषणा गर्न सक्छ। यदि कम्पनीले चालू आर्थिक वर्ष अन्तरिम लाभांश घोषणा गर्ने मितिको अघिल्लो त्रैमासिकको अन्त्यसम्म नोक्सान भएको छ भने अघिल्लो ३ आर्थिक वर्षमा घोषणा गरेको औसत लाभांश दरभन्दा बढी अन्तरिम लाभांश दिन सक्दैन। यसरी घोषित लाभांश घोषणा गरेको मितिले ५ दिनभित्र अनुसूचित बैंकमा छुट्टै खाता खोली जम्मा गर्नुपर्छ। भारतमा अनुसूचित बैंक भन्नाले नेपालको हकमा वाणिज्य बैंक हुन् ।

लाभांशसम्बन्धी थप कुरा

कम्पनी ऐनको दफा १८२(८) अनुसार साधारणसभाबाट स्वीकृत लाभांशबाहेक कुनै पनि नगद वा जिन्सीका रूपमा शेयरधनीलाई रकम भुक्तानी गर्न वा वितरण गर्न पाइँदैन । यसअन्तर्गत डायरी, यातायात खर्च जस्ता शीर्षक पर्छ। साधारणसभाका दिन शेयरधनीलाई सामान्य चियापान गराउन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिँदैन । दफा १८२(९) मा लाभांश वितरण गर्ने निर्णय गरेको मितिले ५ वर्षसम्म पनि कुनै शेयरधनीले बुझी नलिएको रकम कम्पनी ऐन दफा १८३ बमोजिम स्थापना हुने लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यसरी रकम जम्मा गर्नुअघि उल्लिखित अवधि समाप्त हुनुभन्दा अगाडि कम्तीमा १ महीनाको म्याद दिई लाभांश बुझिलिन आउन राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्छ । दफा १८२(११) अनुसार पारित लाभांश ४५ दिनभित्र छुट्टै खातामा जम्मा गरी सोही खाताबाट शेयरधनीलाई भुक्तानी गर्नुपर्ने र त्यस्तो रकम अन्य कामका लागि उपयोग गर्न नपाउने व्यवस्था छ । कम्पनी ऐनको दफा १८२(२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र लाभांश वितरण गर्नसक्ने र यस्ता कम्पनीले वितरण गर्ने लाभांशसम्बन्धी विषयमा नेपाल सरकारले आवश्यक निर्देशनसमेत दिनसक्ने व्यवस्था छ। ऐनको दफा १८२(१) अनुसार कम्पनीले घोषणा गरेको लाभांश ४५ दिनभित्र वितरण गरिसक्नुपर्छ । १८२(३) अनुसार तोकिएको म्याद (४५ दिन) भित्र वितरण नगरेमा तोकिएबमोजिमको ब्याज थप गरी लाभांश वितरण गर्नुपर्नेछ । दफा १८२(४) अनुसार शेयरधनीको दर्ता किताबमा जसको नाम कायम छ सोही व्यक्ति वा त्यस्तो व्यक्तिको कानूनबमोजिमको हकवाला लाभांशको हकदार हुनेछ । भारतको सर्वोच्च अदालतले सन् १९५६ मा चुनिलाल खुसलदास पटेलविरुद्ध एचके अध्यारूको मुद्दामा शेयर विक्री भएर पनि तोकिएको दिनसम्म क्रेताको नाम दर्ता भएको छैन भने जसको नाम कम्पनीको अभिलेखमा दर्ता छ उसैलाई लाभांश भुक्तान गर्नुपर्ने आदेश दिएको थियो । दफा १८२(५) अनुसार लाभांश वितरण गर्नको लागि छुट्टचाइएको नाफाको रकमबाट बाहेक अन्य कुनै किसिमबाट कम्पनीले लाभांशको भुक्तानी वा वितरण गर्न सक्दैन ।

अन्त्यमा, नेपाल कानूनमा अन्तरिम लाभांश वितरण गर्नसक्ने प्रावधान भए पनि यसको पर्याप्त अभ्यास भएको छैन । यसो हुनुमा कम्पनीको कोषमा पर्याप्त सञ्चित जगेडाको रकम नहुनुलाई मुख्य कारण मान्नुपर्ने हुन्छ। नेपालमा पूँजी मात्र बढाउने (बोनस शेयर जारी गर्ने) होडबाजी नै चलेको हुँदा पूँजीको भारले थिचिँदा प्रतिशेयर आम्दानी दिनानुदिन घट्दो क्रममा छ । यसरी वर्षैभरि कमाउँदा पनि वर्षमा ५ प्रतिशत लाभांश दिने क्षमता नहुँदा नेपालका सूचीकृत कम्पनीबाट अन्तरिम लाभांश कल्पना गर्नु 'तासको महल' बनाउनुजस्तै हो । तर, सुदूर आशा के गर्न सकिन्छ भने कुनै दिन नेपालका सूचीकृत कम्पनीले सञ्चित जगेडाको महत्त्वलाई बुझ्नेछन् र त्यस दिनदेखि त्रैमासिक वा अर्धवार्षिक रूपमा लाभांश पाइनेछ। यसले कम्पनीको दीर्घकालीन स्थिरता र शेयरधनीको विश्वासमा वृद्धि गर्नेछ ।

लेखक शेयरसम्बन्धी अध्येता एवं करपोरेट अधिवक्ता हुन् ।

पाठक पत्र

क्रिप्टोमा किन प्रतिबन्ध ?

क्रिप्टो करेन्सी अहिले विश्वमा नौलो लगानीको क्षेत्र बनेको छ। अझ माइनिङ गरेर पैसा कमाउने मुलुक पनि थुप्रै छन् । तर, नेपालमा भने यो प्रतिबन्धित छ। प्रतिबन्धित भए पनि थुप्रै नेपालीले यसमा लगानी गरेका छन्। पछिल्लो समय सरकारले कारबाही गर्न थालेपछि भने नेपालभित्र यसको कारोबार निकै सुस्ताएको छ। भारतमा भने नियमन गरेर त्यसमा लगानी गर्न दिइएको छ। नेपालले पनि त्यस्तै गरेर लगानी गर्न किन रोकेको होला ?

नेपालमा लगानी गर्ने ठाउँ नै छैन । शेयर एउटा ठाउँ हो । अर्को घरजग्गा हो जसका लागि धेरै पैसा चाहिन्छ । अन्य क्षेत्र नभएकाले क्रिप्टोमा आकर्षित हुनु अन्यथा होइन। तर, सरकारले यसमा प्रतिबन्ध लगाएर कारबाही गरिरहेको छ ।

चार लाख २४ हजार नेपालीले क्रिप्टोमा लगानी गरेको अनुमान छ । तर, क्रिप्टोकरेन्सी लगानीको आकर्षक क्षेत्र बन्दै गर्दा परम्परागत वित्तीय प्रणालीमा यसले चिन्ता थपेको छ । तर, यसलाई पूर्णरूपले नियन्त्रण गर्न असम्भव देखिन्छ।

चीनले क्रिप्टो माइनिङ गरेर विगतका वर्षमा उठाउनुसम्म फाइदा उठायो । अहिले कजाकिस्तानले यसलाई उद्योगकै रूपमा सञ्चालन गरेको छ भनिन्छ। अहिले क्रिप्टो माइनिङ सबैभन्दा बढी गर्ने देशमा शक्तिराष्ट्र अमेरिका अग्रस्थानमा छ। नेपालमा पनि सस्तो ऊर्जा जलविद्युत् भएकाले माइनिङ गर्न दिनपर्छ भन्ने ठूलो जमात छ तर सरकारले यसमा कुनै ध्यान दिएको छैन । भुटानले समेत यसमा ध्यान दिँदा नेपालचाहिँ पछि पर्नुको कारण यहाँ नयाँ सोचलाई मान्यता नदिने पुस्ताको प्रभुत्व हो भन्न सकिन्छ ।

विकसित अनि प्रजातान्त्रिक मुलुकहरूले क्रिप्टोकरेन्सी किनेर राख्न पाउने अधिकार नागरिकलाई दिएका छन् । कारोबार निरीक्षणको विभिन्न संयन्त्र बनाएर करको दायरामा ल्याएका छन् । भारतमा पनि कमाइ हुने देखेपछि लुकिछिपी भए पनि लगानी भइरहेकै थियो । अहिले कानून बनाएर त्यसलाई करको दायरामा ल्याएको छ ।

भोलिका दिनमा डलर, यूरो, भारू वा नेरूको सट्टा कारोबारका लागि क्रिप्टोको आवश्यकता पर्ने दिन आउन सक्छ । नागरिकले क्रिप्टोमा नेपाली पैसा लगानी गरेर धेरथोर कमाएकै छन् भने पनि करको दायरामा ल्याउन गाह्रो परिरहेको छ । प्रविधिको प्रयोगलाई कानूनले मात्रै रोक्न गाह्रो पर्छ। क्रिप्टो कारोबारको जोखिम र अवसरलाई गहिरो ढंगले अध्ययन गरिनुपर्छ । अहिले वार्षिक ५ सय डलर व्यक्तिले लिएर अनलाइन खर्च गर्न पाउने सुविधा दिएजस्तै क्रिप्टोमा पनि यस्तै सीमा तोकेर लगानी खुला गर्न सकिन्छ। सरकारले प्रतिबन्ध पनि लगाउने र पूर्ण रूपमा नियन्त्रण पनि गर्न नसक्ने अवस्थामा यो समस्या रहिरहन सक्छ ।

प्रभात भण्डारी
बालाजु, काठमाडौं ।

केराखेतीबाट वार्षिक १० लाख नाफा

दोधारा चाँदनी (कञ्चनपुर)। जिल्लाको बेलौरी नगरपालिका-६ विद्यानगरका प्रताप राना सफल केरा किसानका रूपमा परिचित छन्। डेढ दशकदेखि व्यावसायिक केराखेती गर्दै आएका रानाले यसबाट वार्षिक १० लाख रुपैयाँभन्दा बढी नाफा गरिरहेका छन्।

राना जिल्लामा उत्कृष्ट कृषकका रूपमा सम्मानित समेत भइसकेका छन्। शुरुआतमा पाँच बिघा जग्गामा केराखेती गरेका रानाले हाल १७ बिघामा खेती विस्तार गरेका छन्।

राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकबाट २९ लाख ५० हजार रुपैयाँ ऋण लिएर केराखेती शुरू गरेको उनले बताए। अहिले केराखेतीबाट वार्षिक १० लाख रुपैयाँभन्दा बढी आम्दानी हुने गरेको उनले जानकारी दिए।

'केराखेती मेरो आम्दानीको मुख्य स्रोत हो, म यसैमा सन्तुष्ट छु,' रानाले भने, 'वार्षिक २८ देखि २९ लाखसम्मको कारोबार हुने गरेको छ, सबै खर्च कटाएर वार्षिक १० लाख रुपैयाँसम्म नाफा हुन्छ।' केराखेतीको आम्दानीबाट घरखर्च चलाउनुका साथै कृषि औजार जोड्ने गरेको उनले बताए। कृषिमा प्रविधिको प्रयोगले कम लागतमा धेरै आम्दानी हुन थालेपछि उनले पछिल्लो समय आम्दानीको केही अंश कृषिऔजार खरीदमा लगाउने गरेको बताए। 'कृषिमा अहिले थुप्रै प्रविधि आएको छ यसबाट कम लागतमा धेरै आम्दानी गर्न सकिन्छ,' रानाले भने, 'अहिले खेती गर्दा प्रविधिको प्रयोग गर्ने गरेको छु, अहिले ड्रोन प्रविधिबाट खेती गर्ने प्रयास गरिरहेको छु।'

कृषक रानाले केराखेती गर्न पर्याप्त जग्गा नहुँदा समस्या

डेढ दशकदेखि व्यावसायिक केराखेती गर्दै आएका रानाले यसबाट वार्षिक १० लाख रूपैयाँभन्दा बढी नाफा गरिरहेका छन्।

भएको गुनासो गरे। 'मैले जग्गा भाडामा लिएर खेती गरिरहेको छु। यहाँ भाडामा पनि जग्गा पाइँदैन, पाइए पनि २/३ वर्षका लागि मात्रै पाइन्छ,' रानाले भने, 'लामो समयका लागि जग्गा भाडामा नपाउँदा थोरै क्षेत्रफलमा खेती गर्नुपरेको छ।' उनले लामो समयसम्मका लागि जग्गा भाडामा पाइए केराखेती विस्तार गर्दै लैजाने योजना रहेको सुनाए। खेतीमा प्रविधिको प्रयोगले उत्पादन र आम्दानी राम्रो हुन थालेको रानाको भनाइ छ।

'बीउबिजन र विषादीलगायत आवश्यक कीटनाषक औषधि छर्कन ड्रोन प्रविधिबाट खेती गर्ने तयारीमा छौं,' रानाले भने, 'ड्रोन प्रविधिको प्रयोगले उत्पादन र आम्दानी बढ्ने आशा गरेका छौं।' उनले पछिल्लो समय विषादी छर्किंदा किसानको स्वास्थ्यमा समस्या हुने गरेको बताउँदै ड्रोन प्रविधिले कृषकको स्वास्थ्यमा हुने समस्या कम हुने विश्वास व्यक्त गरे।

रानाले दुई जनालाई मासिक तलबमा कामदार राखेको र सिजनमा ३०/४० जनालाई रोजगारी दिने गरेको बताए। उत्पादन गर्न सके बजारको समस्या नरहेको उनको भनाइ छ।

'अहिलेसम्म बजारको समस्या भोग्नुपरेको छैन,' रानाले भने। उनले यहाँ उत्पादित केरा अत्तरिया, दिपायल, डडेलधुरा र दाङको तुलसीपुरसम्मका बजारमा जाने गरेको जानकारी दिए। उनले राज्यले किसानलाई सहयोग गर्ने नीति ल्याए किसानलाई हौसला प्राप्त हुनुका साथै उत्पादन वृद्धिमा सहयोग पुग्ने बताए। *रासस*

नेपाल वन निगम लिमिटेड

केन्द्रीय कार्यालय बबरमहल, काठमाण्डौ
फोन नं. ०१- ५३२२१९२

साल, सिसौ तथा अन्य जातको दाउरा लिलाम बिक्रीको सूचना

सूचना प्रकाशित मितिः- २०८१।०८।१२

यस नेपाल वन निगम लिमिटेडको शाखा कार्यालय धनगढी अन्तर्गत उत्पादन भई सब डिभिजन वन कार्यालय गौरीगंगा चौमाला घाटगट्टी कम्पाउण्डमा मौज्दात रहेका न्यूनतम मूल्यांकन रकम रु.१४९५७५।- मू.अ.कर बाहेक रहेको साल, सिसौ तथा अन्य जातका गरी ५ (पाँच) चट्टा दाउरा जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बढाबढ प्रक्रियाबाट बिक्री गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो **२१ दिने सूचना** प्रकाशित गरिएको छ। दाउराको बोलपत्रको प्रतिस्पर्धामा वन पैदावारको कारोवार गर्ने उद्देश्यले दर्ता भई रीतपूर्वकको भ्याट दर्ताको प्रमाणपत्र प्राप्त काष्ठ व्यवसायी फर्म, कम्पनी वा संघ संस्थाले सम्बन्धित कार्यालयमा सम्पर्क राख्न सक्नेछन्। थप जानकारीका लागि शाखा कार्यालय धनगढीबाट प्रकाशित हुने विस्तृत सूचना एवं निगमको Website (www.nbnl.gov.np) मा समेत हेर्न सकिनेछ।

एम.ए.डब्लू. हायर पर्चेज प्रा.लि.
(M.A.W. Hire Purchase Pvt. Ltd.)

(नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त संस्था)

कर्पोरेट कार्यालय : त्रिपुरेश्वर, काठमाण्डौं, नेपाल, फोन नं. ०१-५९७०२२८

एम.ए.डब्लू. हायर पर्चेज प्रा.लि.(साविक एम.ए.डब्लू. इन्भेष्टमेन्ट प्रा.लि.) त्रिपुरेश्वर, काठमाण्डौको तपशिलको ऋणि तथा जमानीकर्तालाई कालोसूचीमा समावेश गरि धितो सुरक्षणमा रहेको सवारी साधन/अचल जेथा लिलाम बिक्री गरिने सम्बन्धी ७ (सात) दिने गोप्य शिलवन्दी बोलपत्र आह्वानको अत्यन्त जरूरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०८/१२ गते बुधबार आर्थिक अभियान राष्ट्रिय दैनिक)

यस कम्पनीका तपशिलमा उल्लेखित ऋणीले ऋण कर्जा लिँदाका बखत गरेको लिखित तथा सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदी चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा तथा मौखिक तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले निज ऋणी तथा जमानतकर्ताको नाममा कर्जा रकम चुक्ता भुक्तान गर्न र गराउन क्रमशः ३५ (पैंतिस) र १५ (पन्ध्र) दिनको महोलत दिई राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणि तथा जमानीकर्ताहरुले उक्त समयमा पनि कर्जाको सावाँ, ब्याज नतिरी र नबुझाई बसेको हुदाँ ऋण कर्जा उपभोग गरे बापत यस कम्पनीको धितोमा रहेको तपशिल बमोजिमको सवारी साधन तथा अचल जेथा जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा ऋणी तथा जमानतकर्ताले यस कम्पनीमा उपस्थित भई लेखाईदिएको लिखत तथा सम्झौता, कर्जा स्विकृती पत्र एंव प्रचलित कानूनले दिएको अख्तियार प्रयोग गरि गोप्य शिलवन्दी प्रकियाद्वारा लिलाम बिक्री गरि कम्पनीको लेना रकम असुल उपर गरि लिने भएकाले धितो लिलाम बिक्रि गर्ने सम्बन्धि यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित सम्पत्ति खरिद गरी लिनु हुने इच्छुक महानुभावहरुले तपशिलमा उल्लेखित शर्त र बन्देजको अधिनमा रही गोप्य शिलवन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ। साथै धितो सुरक्षणमा रहेको सम्पत्ती लिलाम बिक्रीबाट कम्पनीको सम्पूर्ण बक्यौता रकम असुल/उपर हुन नसकेको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानीकर्ताहरुको घर-घरानाबाट असुल उपर गर्न असुली प्रकिया अगाडी बढाईनुका साथै कर्जा सूचना केन्द्रको कालोसुचिमा समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट सूचित गरिन्छ। कृपया यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरुले लिलाम बिक्री हुने दिन अगावै कम्पनीमा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रकिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल

	ऋणीको नाम, थर र ठेगाना :	जमानतकर्ताको नाम, थर र ठेगानाः
१.	**नाम : श्री एन सी सप्लायर्स** दर्ता नं : ३१५३४।०७५।७६ दर्ता मिति : २०७५।०६।११ रजिष्टर्ड ठेगाना : मोरङ जिल्ला विराटनगर म.न.पा.वडा नं.०७ स्थायी लेखा नं : ६०८५४१६८४	**नाम : श्री चिरन्जित दे** बाबुको नाम : चण्डीदास दे बाजेको नाम : लोक नाथ दे ठेगाना : मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा वडा नं.०१ ना.प्र.नं : ०५३०६६-४३३ जारी मिति : २०६३।१०।१६
	जमानतकर्ताको नाम, थर र ठेगानाः	**सवारीको विवरण**
	नाम : श्री सुमेश नेपाल बाबुको नाम : ऋषिराम नेपाल बाजेको नाम : चुडामणी नेपाल ठेगाना : मोरंग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ०५ ना.प्र.नं : ३९ जारी मिति :२०५६।११।०६	**सवारी दर्ता नं : वाग्मती प्रदेश ०१ ०२५ च ८५४८** **सवारी मोडलं.:** Rapid Active 1.0 **च्यासिस नं.:** TMBBRCNA1MG012110 **इन्जिन नं. :** DSH023704 **बनेको साल:** 2021

१. बोलपत्र आवेदन फारम बापत रु ५००/- (अक्षरेपी पाँच सय मात्र) एम.ए.डब्लू. हायर पर्चेज प्रा.लि.(साविक एम.ए.डब्लू. इन्भेष्टमेन्ट प्रा.लि.) को खातामा जम्मा गरेको सक्कल भौचर पेश गरी कार्यालय समय भित्र कर्जा असुली विभाग, कानून विभागबाट प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फाराम आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।
३. माथि उल्लेखित धितो सुरक्षणहरु सम्पूर्ण जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा खरिद गर्न बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस कम्पनीको धरौटी खातामा नगद जम्मा गरेको भौचरको प्रति बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
५. बोलपत्र बुझाउने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा र बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान समयमा लिलाम बिक्री सम्बन्धि कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
६. बोलपत्र स्विकृत भएको सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र बोलकबोल गरेको सम्पुर्ण रकम बुझाई सवारी साधन/अचल जेथा आफ्नो नाममा नामसारी/द.खा. गरी लिनुपर्नेछ र सोमा लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्ने छ। सो म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
७. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार कम्पनीमा सुरक्षित रहनेछ।
८. बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी बिना ब्याज धरौटी रकम फिर्ता दिईनेछ।
९. लिलाम विक्रिको प्रक्रियाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले सोहि धितो सुरक्षणमा अतिरिक्त थप धितो सुरक्षणमा लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा प्रचालित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पुर्ण अधिकार कम्पनीमा निहित रहनेछ।
१०. कम्पनी समक्ष प्राप्त हुन आएका लिलामी बोलपत्रमा अधिकतम रकम कबोल गर्ने बोलपत्रदाताबाट पछि मूल्य बढाउन चाहेमा र उक्त रकम कम्पनीलाई मुनासिब लागेमा सोलाई समेत स्वीकृती प्रदान गर्न सकिनेछ।
११. बिस्तृत जानकारीका लागि कम्पनीमा सम्पर्क राख्न सक्नुहुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/०८/१८ (मंगलबार)
बोलपत्र खोलिने मिति : २०८१/०८/१९ (बुधबार)
बोलपत्र खोलिने समय : साँझ ५:१५ बजे
स्थान : एम.ए.डब्लू. हायर पर्चेज प्रा.लि.,(साविक एम.ए.डब्लू. इन्भेष्टमेन्ट प्रा.लि.) कर्पोरेट कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं।

पुनश्चः यसै सूचनालाई आधार मानी कम्पनीलाई तिर्न बुझाउनु पर्ने कर्जा किस्ता रकम वक्यौता रहेका ग्राहक महानुभावहरुले यथा समयमानै चुक्ता भुक्तान गर्नु हुन अनुरोध गर्दछौं। अन्यथा उपरोक्तानुसार सुचना प्रकाशित गरिने व्यहोरा सम्बद्ध पक्षलाई जानकारी गराइन्छ।

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः-२०८१।०८।१२)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसील

सम्बन्धित कार्यालय, लिलाम हुने कार्यालय र स्थानः :- कृषि बिकास बैंक लि. शाखा कार्यालय, गौर।
धितो लिलाम बिक्री हुने मिति :- २०८१ साल पुष १७ गते बुधवार :- ग्राहक नं १ देखी ७ सम्म २०८१ साल पुष १८ गते विहिवार :- ग्राहक नं ८ देखी १४ सम्म

ग्राहकको विवरण

१- फर्मको नामः- गौतम ऋषी कन्स्ट्रक्शन दर्ता भएको कार्यालयः- कम्पनी रजिष्ट्रारको कर्यालय, त्रिपुरेश्वर, काठमाण्डौ। दर्ता नं.:- १८०८१३।०७४।७५ दर्ता मिति :-२०७४।०९।१४ पान नं.:- ६०६८१८२८७

प्रोपाईटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको कार्यालय र मिति	बाबु	बाजे
ब्रमा नारायण प्रसाद यादव	कटहरिया ६ रौतहट।	२४२९	जि.प्र.का.रौतहट/२०६५९।१२।०९	जीमदार राय यादव	जंगली राय

लिलाम हुने अचल सम्पत्तिको विवरण

जग्गाधनीको नाम	जिल्ला	न.पा/गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (विगाह)
जीमदार राय यादव	रौतहट	कटहरिया	५	१८२८	०-६-१३¾

२- फर्मको नामः- विशाल कन्स्ट्रक्शन दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय रौतहट। दर्ता नं.:- ५४६१।६०० दर्ता मिति :- २०७४।०३।२९ पान नं.:- ६०४५४९९३७९

प्रोप्राईटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको कार्यालय र मिति	बाबु	बाजे
बुनिलाल राय यादव	पथराबुधराम २ रौतहट।	५२६३	जि.प्र.का.रौतहट/२०६०।१०।२७	टैट राय यादव	बुधन राय यादव

लिलाम हुने अचल सम्पत्तिको विवरण

जग्गाधनीको नाम	जिल्ला	न.पा/गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (विगाह)
बुनिलाल राय यादव	रौतहट	पथराबुधराम	५	२४१, २४७	०-२-१०, ०-३-१०
टैट राय यादव	रौतहट	गोगदौल	४	३४०	०-३-१५
		पतौरा	४	५३१	०-४-१५
किसुनपति देवी	रौतहट	पथराबुधराम	२	८७६	०-२-०

३- फर्मको नामः- आचल ट्रेर्डस दर्ता भएको कार्यालयः- घरेलु तथा साना उद्योग कार्यालय रौतहट। दर्ता नं.:- ७८१४।७४२ दर्ता मिति :- २०७६।०५।३१ पान नं.:- ६११९९६३८९

प्रोप्राईटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको कार्यालय र मिति	पति	ससुरा
रामरति देवी	औरैया ८ रौतहट।	४८०९	जि.प्र.का.रौतहट/२०६२।०१।२०	रामचन्द्र राउत	शिव गोविन्द राउत

लिलाम हुने अचल सम्पत्तिको विवरण

जग्गाधनीको नाम	जिल्ला	न.पा/गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (विगाह)
रामरति देवी	रौतहट	औरैया	१	२४६४	०-३-०
			८	१७२१, ३८३	०-३-१४, ०-५-१०
राम चन्द्र राउत	रौतहट	औरैया	७	५५१	०-७-५
			१	२४६३	०-४-०
			८	१३९८, १४०९, १७४४, १४०५, १३८५, १३९१	०-१-६-४, ०-०-१५,०-०-१९, ०-०-१२,०-०-७, ०-०-१७
जितेन्द्र राउत	रौतहट	औरैया	८	१४१३	०-०-८
			८	२४१५	०-१-०

४- फर्मको नाम :- आदर्श ब्रोदर्स अंसारी टेन्ट हाउस दर्ता भएको कार्यालयः- घरेलु तथा साना उद्योग कार्यालय रौतहट। दर्ता नं.:- ४३८७।१८६ दर्ता मिति :- २०७१।१०।०४ पान नं.:- ६०२९३१२६७

प्रोप्राईटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको कार्यालय र मिति	बाबु	बाजे
मो. यासिन अंसारी	ईनरवारी ४ रौतहट।	१३८३-४०९	जि.प्र.का.रौतहट/२०४४।११।२७	एनुल महमद अंसारी	खेलावन मिया

लिलाम हुने अचल सम्पत्तिको विवरण

जग्गाधनीको नाम	जिल्ला	न.पा/गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (विगाह)
एनुल महमद अंसारी	रौतहट	ईनरवारी	४	१८६	०-१-१६
मो. यासिन अंसारी	रौतहट	ईनरवारी	४	८०६	०-१-८½
		ईनरवारी	४	१३१७	०-०-८

५- फर्मको नाम :- जयसवाल कृषि फर्म दर्ता भएको कार्यालयः- घरेलु तथा साना उद्योग कार्यालय रौतहट। दर्ता नं.:- ८६९३।९९०।२०७।४४ दर्ता मिति :- २०७७।१०।२५ पान नं.:- ६१५१४६६७८

प्रोप्राईटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको कार्यालय र मिति	बाबु	बाजे
विशुन देयाल प्रसाद कलवार	ईनर्वा ७ रौतहट।	३२३०३७/६३०	जि.प्र.का.रौतहट/२०६३।१२।२५	गोनौर साह कलवार	प्रगास साह

लिलाम हुने अचल सम्पत्तिको विवरण

जग्गाधनीको नाम	जिल्ला	न.पा/गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (विगाह)
गोनौर साह कलवार	रौतहट	इनर्वा	६	२८६	०-४-५
	रौतहट	इनर्वा	७	८२९, ११३३	०-०-७½, ०-१-१

६- फर्मको नामः- उज्वल किराना पसल दर्ता भएको कार्यालयः/ घरेलु तथा साना उद्योग कार्यालय रौतहट। दर्ता नं.:- ८४४१।९९६ दर्ता मिति :- २०७६।०८।०८ पान नं.:- ७७१२४६६०१

प्रोप्राईटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको कार्यालय र मिति	पति	ससुरा
रम्भा देवी	ईनरवारी १ रौतहट।	२१४८	जि.प्र.का.रौतहट / २०५३।१२।०४	तेजा राउत कुर्मि	चलितर राउत कुर्मि

लिलाम हुने अचल सम्पत्तिको विवरण

जग्गाधनीको नाम	जिल्ला	न.पा/गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (विगाह)
तेजा राउत कुर्मि	रौतहट	ईनरवारी	१	२८७	०-७-०

७- फर्मको नाम :- अविराज किराना पसल दर्ता भएको कार्यालयः/ घरेलु तथा साना उद्योग कार्यालय रौतहट। दर्ता नं.:- ८५५७।१११ दर्ता मिति :- २०७६।०९।०१ पान नं.:- ६१२६९१७।९

प्रोप्राईटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको कार्यालय र मिति	पति	ससुरा
कोशिला देवी	ईनर्वा २ रौतहट।	३२।३।०३७/५६२	जि.प्र.का.रौतहट, २०६३।१२।२४	विकाउ राउत कुर्मि	श्रीवण राउत कुर्मि

लिलाम हुने अचल सम्पत्तिको विवरण

जग्गाधनीको नाम	जिल्ला	न.पा/गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (विगाह)
कोशिला देवी	रौतहट	इनर्वा	२	५०	०-३-५

८- फर्मको नाम :- आशिष किराना पसल दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय रौतहट। दर्ता नं.:- ७८३०।४८७ दर्ता मिति :- २०७६।०५।३१ पान नं.:- ६१२००४३६६

प्रोप्राईटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको कार्यालय र मिति	पति	ससुरा
सुदामी देवी मुखिया	राजपुर तुलसी ४ रौतहट।	१०२५।२९२२	जि.प्र.का.रौतहट/२०६९।०३।२१	उमाकान्त मुखिया	सिता मुखिया

लिलाम हुने अचल सम्पत्तिको विवरण

जग्गाधनीको नाम	जिल्ला	न.पा/गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (विगाह)
सुदामी देवी मुखिया	रौतहट	राजपुर तुलसी	५	९३	०-०-१९

९- फर्मको नाम :- रेहान ट्रेडर्स दर्ता भएको कार्यालयः/ घरेलु तथा साना उद्योग कार्यालय रौतहट। दर्ता नं.:- १७१९।४९९ दर्ता मिति :- २०६९।१२।१२ पान नं.:- ६०१०२४९०६

प्रोप्राईटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको कार्यालय र मिति	बाबु	बाजे
मो. सनाउल हक	करुनिया ४ रौतहट।	६४१८	जि.प्र.का.रौतहट/२०६१।०१।२४	शेख हामिद अली	शेख अब्दुल हाफीज

लिलाम हुने अचल सम्पत्तिको विवरण

जग्गाधनीको नाम	जिल्ला	न.पा/गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (विगाह)
मो. सनाउल हक	रौतहट	देवाही	७	६६७, ६६३	०-३-०, ०-२-०
		करुनिया	१ क	३७१	०-१-२.५
			१ ख	८७६, ८७२, १०९६, ७७२, ७८०	०-०-३, ०-०-२.२५, ०-०-१५.७५, ०-०-३, ०-०-३

१०-फर्मको नाम :- रोशन कृषि फर्म दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय रौतहट। दर्ता नं.:- ५५५०।८६ दर्ता मिति :- २०७४।०५।१९ पान नं.:- ६०६९११२५०

प्रोप्राईटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको कार्यालय र मिति	बाबु	बाजे
विरेन्द्र साह	माधोपुर ८ रौतहट।	३६०१	जि.प्र.का.रौतहट, २०४५।०२।२४	भिखर साह	पलटन साह

लिलाम हुने अचल सम्पत्तिको विवरण

जग्गाधनीको नाम	जिल्ला	न.पा/गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (विगाह)
विरेन्द्र साह	सर्लाही	गंगापुर सितापुर	७ क	११६६	०-१-०

११- ग्राहकको नामः- सुमित्रा देवी ना.प्र.नं.:- ३२३०३०।१८७ जारी मितिः- २०६३।१०।०९ जारी भएको कार्यालयः- जि.प्र.का.रौतहट। पतिको नामः- परमानन्द साह ससुराः- बाबुलाल साह

लिलाम हुने अचल सम्पत्तिको विवरण

जग्गाधनीको नाम	जिल्ला	न.पा/गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (विगाह)
नन्दलाल साह कानु	रौतहट	डुमरिया	४	५७७, ५७९	०-०-०.५, ०-०-३-१२
			५	४३९, १०२५, ९८०, ३०५, ३०६	०-२-८, ०-०-७, ०-७-०, ०-०-५, ०-०-५,

१२- ग्राहकको नामः- श्याम किशोर सिंह ना.प्र.नं.:- ३२३ जारी मितिः- २०४१।०२।२१ जारी भएको कार्यालयः- जि.प्र.का. रौतहट। बाबुको नामः- राम बहादुर सिंह बाजेः- हरद्वार सिंह

लिलाम हुने अचल सम्पत्तिको विवरण

जग्गाधनीको नाम	जिल्ला	न.पा/गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (विगाह)
श्याम किशोर सिंह	रौतहट	सिर्सिया	४ क	३३७, ७४२	०-०-८, ०-०-१२

१३- ग्राहकको नामः- सहनाज वेगम ना.प्र.नं.:- १०६ जारी मितिः- २०५०।१०।११ जारी भएको कार्यालयः- जि.प्रका रौतहट। पतिको नामः- मो. मामून रसिद बाबुः- अब्दुल रउफ

लिलाम हुने अचल सम्पत्तिको विवरण

जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (विगाह)
सहनाज बेगम	रौतहट	गौर	७	११४६	०-१-१०

बाँकी अंश पृष्ठ ६ मा

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय: जिरी, दोलखा
फोन नं.: ०४९- ४००००४०

शाखा कार्यालय: वीरगंज, पर्सा
फोन नं.: ०५१-५२००८१

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०८/१२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: जिरी, दोलखा

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, दोलखामा मिति: २०७३/०४/१२ मा दर्ता नं. १४४३/०७३/०७४ कायम भई दर्ता भएको दोलखा जिल्ला, जिरी न.पा. वडा नं. ६ स्थित **जिरेल डेरी फर्म** **प्रोपाइटर : गंगा बहादुर जिरेल**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. कान्छामान जिरेलको नाति, भक्त बहादुर जिरेलको छोरा, दोलखा जिल्ला, जिरी गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **गंगा बहादुर जिरेल (ना.प्र.नं. १८४/१५३४०, दोलखा)**
२. भक्त बहादुर जिरेको बुहारी, गंगा बहादुर जिरेलको पत्नी, ओखलढुंगा जिल्ला, खिजीकाती गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, जिरी गा.वि.स./न.पा. वडा नं. ८ बस्ने **मुना सुनुवार (ना.प्र.नं. १३-०१-७१-०३६८१, ओखलढुंगा)**
३. कान्छामान जिरेलको बुहारी, भक्त बहादुर जिरलेको पत्नी, दोलखा जिल्ला, जिरी गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **मसली जिरेल (ना.प्र.नं. १८५०/१०६८, दोलखा)**
४. अमृत बहादुर खत्रीको नाति, टिका बहादुर खत्रीको छोरा, दोलखा जिल्ला, जिरी गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **लोकेन्द्र बहादुर खत्री (ना.प्र.नं. २२३६०१२/२४८८, दोलखा)**

धितोमा रहेको सम्पत्तिको विवरण

गंगा बहादुर जिरेलको नाममा मालपोत कार्यालय दोलखाको लगतमा दर्ता श्रेस्ता कायम रहेको दोलखा जिल्ला, जिरी गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ५८, २४८४, ८०३, ७०, ६६३, ६८५, ७२, ६६, ६६४, ७१, २४८०, ६६५ र ४३ को क्रमश : क्षेत्रफल १६६०, १००, १२०, ५५०, १२०, १५५, ८२०, ४५०, ५०५, ६६०, २६५, ३०५, र ८२० (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालय: वीरगंज, पर्सा

ऋणीको विवरण

सुरुज महतो चाइको नाति, श्याम प्रसाद चाइको छोरा, पर्सा जिल्ला, बहुअर्वाभाठा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **उमेश कुमार चौहान (ना.प्र.प.नं. ०५२३३९०९, पर्सा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. गोपी महतो चाइको नाति, सूरुज महतो चाइको छोरा, पर्सा जिल्ला, बहुअर्वाभाठा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **श्याम प्रसाद चाइ (ना.प्र.प.नं. ०५२३१२४६, पर्सा)**
२. सुरुज महतो चाइको बुहारी, श्याम प्रसाद चाइको पत्नी, पर्सा जिल्ला, बहुअर्वाभाठा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **कोशिला देवी चाइन (ना.प्र.प.नं. ०५२३२३६५, पर्सा)**
३. सुरुज महतो चाइको नाति, श्याम प्रसाद चाइको छोरा, पर्सा जिल्ला, बहुअर्वाभाठा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **अवधेश कुमार चौहान (ना.प्र.प.नं. ३४१००७/१७२, पर्सा)**
४. सुरुज महतो चाइको नाति, श्याम प्रसाद चाईको छोरा, पर्सा जिल्ला, बहुअर्वाभाठा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **किशन कुमार चौहान (ना.प्र.प.नं. ३४-०१-७३-०१०७१, पर्सा)**

धितोमा रहेको सम्पत्तिको विवरण

कोशिला देवी चाइनको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला, पिप्रासिमरा गा.वि.स/न.पा. वडा नं. २ स्थित कित्ता नं. २७०५ को क्षेत्रफल ०-०-१३-८ (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८१/०८/१२ गते बुधबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु जिरी, दोलखा र वीरगंज, पर्साबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/०८/२६ गते बुधबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८१/०८/२७ गते बिहिबार दिउँसो ४:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु जिरी, दोलखा र वीरगंज, पर्सामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

पृष्ठ ५ को बाँकी अंश...

१४- फर्मको नाम:- हिरा ईटा उद्योग दर्ता भएको कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय रौतहट । दर्ता नं.:- ३७५२।०४४ दर्ता मिति :-२०६९।०६।१४ पान नं.:- ६०००१२१९७

प्रोप्राईटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको कार्यालय र मिति	बाबु	बाजे
शेख अब्बास	राजपुर तुलसी ७ रौतहट ।	१३४६	जि.प्र.का.रौतहट / २०२९।०४।१०	शेख अब्दुल लतिफ	.....

लिलाम हुने अचल सम्पत्तिको विवरण

जग्गाधनीको नाम	जिल्ला	न.पा/गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (विगाह)
फतिमा सेखिन	रौतहट	राजपुर तुलसी	४	९१२	०-९-०
			७	६११	०-१७-१११/४
			९ क	९५	१-४-०
			८	२६८	०-०-११

शर्तहरु :

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित शाखामा जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वत: जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारवाही हुने छैन।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय रामशाहपथ, काठमाण्डौं ।

गार्डियन माइक्रो लाइफले वैदेशिक रोजगारीमा रहेका नेपालीमा आईपीओ जारी गर्दै

काठमाडौं (अस)। गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडले मङ्सिर १९ गतेदेखि आईपीओ निष्कासन गर्ने भएको छ। कम्पनीले सर्वसाधारणका लागि विक्री गरिने कुल कित्ता आईपीओमध्ये १० प्रतिशत आईपीओ पहिलो चरणमा वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि जारी गर्न लागेको हो ।

कम्पनीले आफ्नो जारी पूँजी ७५ करोड रुपैयाँको ३० प्रतिशतका दरले हुन आउने २२ करोड ५० लाख रुपैयाँ बराबरको २२ लाख ५० हजार कित्ता आईपीओ सर्वसाधारणमा जारी गर्न अनुमति पाएको हो । सोमध्ये १० प्रतिशतले हुन आउने २ करोड २५ लाख रुपैयाँ बराबरको २ लाख २५ हजार कित्ता आईपीओ भने वैदेशिक रोजगारीमा रहेका नेपालीले खरीद गर्न पाउनेछन् । नेपाल सरकारको सम्बन्धित निकायको श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि कम्पनीले १० प्रतिशत आईपीओ जारी गर्ने मिति तय गरेको हो ।

वैदेशिक रोजगारीमा रहेका नेपालीमा आईपीओ विक्रीपछि सर्वसाधारणका लागि दोस्रो चरणमा आईपीओ जारी हुनेछ ।

पहिलो चरणको आईपीओ खरीदका लागि वैदेशिक रोजगारीमा रहेका नेपालीले पुस ३ गतेसम्म आवेदन दिन सक्नेछन् । न्यूनतम १० कित्ता देखि अधिकतम १ लाख कित्तासम्म माग गर्दै आवेदन दिन सकिने व्यवस्था रहेको छ ।

कम्पनीको आईपीओ निष्कासन तथा विक्री प्रबन्धकमा कुमारी क्यापिटल लिमिटेड रहेको छ । वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सम्पूर्ण आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरूसँगै मेरो शेयर अनलाईन प्रयोग गरी आवेदन दिन सक्नेछन् ।

होटल तथा पर्यटन समूहका दुई कम्पनी घाटामा

काठमाडौं (अस) । नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत होटल तथा पर्यटन समूहका ६ कम्पनीले चालू आर्थिक वर्ष (आव)को पहिलो त्रैमासिक वित्तीय विवरण सार्वजनिक गरेका छन् । सार्वजनिक वित्तीय विवरणअनुसार दुई कम्पनी घाटामा रहेका छन् । कालिञ्चोक दर्शन र सिटि होटल चालू आवको पहिलो त्रैमासमा घाटामा रहेका हुन् भने बाँकी सोल्टी होटल, तारागाउँ रिजेन्सी होटल्स, चन्द्रागिरि हिल्स र ओरियण्टल होटल्स नाफामा रहेका छन् ।

सिटि होटल पहिलो त्रैमासमा रू. ५ करोड ६२ लाख घाटामा छ । होटल गत आवको पहिलो त्रैमासमा पनि रू. ६ करोड ३ लाख घाटामा थियो । यस आधारमा होटलको घाटा गत वर्षभन्दा यस वर्ष केही घटेको छ ।

त्यस्तै, कालिञ्चोक दर्शन पहिलो त्रैमासमा रू. ८५ लाख ७० हजार घाटामा रहेको छ । गत आवको पहिलो त्रैमासमा पनि कम्पनी रू. ९८ लाख ८७ हजार घाटामा थियो ।

नाफामा रहेका चार कम्पनीमध्ये सबैभन्दा बढी सोल्टी होटलले पहिलो त्रैमासमा रू. १२ करोड ११ लाख नाफा कमाएको छ । यो नाफा गत आवको पहिलो त्रैमासको तुलनामा १८ दशमलव ३४ प्रतिशत वृद्धि भएको हो । सो अवधिमा कम्पनीले रू. १० करोड २३ लाख नाफा कमाएको थियो ।

कम्पनीको नाम	खुद नाफा/नोक्सान रू. हजारमा	
	चालू आवको पहिलो त्रैमास	गत आवको पहिलो त्रैमास
सोल्टी होटल	१२१,११३	१०२,३४२
तारागाउँ रिजेन्सी होटल्स	४५,६३९	४४,०८७
चन्द्रागिरि हिल्स	२५,५२९	२१,३७३
ओरियण्टल होटल्स	३२०	१२,७०३
कालिञ्चोक दर्शन	(८,५७०)	(९,८८७)
सिटि होटल	(५६,२७७)	(६०,३३९)

स्रोत : पहिलो त्रैमासिक वित्तीय विवरण

स्ट्याण्डर्ड चार्टर्ड बैंकको शेयर मूल्य समायोजन

काठमाडौं (अस) । मंगलवार नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेडको शेयर मूल्य समायोजन भएको छ । कम्पनीले साधारणसभा तथा लाभांश वितरण प्रयोजनार्थ बुक क्लोज गरेसँगै नेप्सेले शेयर मूल्य समायोजन गरी नयाँ मूल्य निर्धारण गरेको हो ।

नेप्सेले कम्पनीको ६ दशमलव ५ प्रतिशत बोनस शेयर समायोजन गरेको हो । समायोजनपश्चात् कम्पनीको शेयर मूल्य रू. ७१३ दशमलव ६२ कायम भएको छ । नेप्सेले मंगलवार कारोबार दिनको अन्तिम मूल्यका आधारमा यस कम्पनीको शेयर मूल्य समायोजन गरेको हो ।

मंगलवार दोस्रो बजारमा कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. ७६० मा अन्तिम कारोबार भएको थियो । यही समायोजित मूल्यलाई आधार मानेर कम्पनीको शेयर बुधवार (आज)देखि दोस्रो बजारमा कारोबारमा आउनेछ ।

सन्राइज फर्स्ट म्युचुअल फण्डको नाफा रू. १५ करोडमाथि

काठमाडौं (अस) । सन्राइज म्युचुअल फण्ड अन्तर्गत सञ्चालित सन्राइज फर्स्ट म्युचुअल फण्डले कात्तिक मसान्तको खुद सम्पत्ति मूल्य विवरण सार्वजनिक गरेको छ ।

उक्त वित्तीय विवरणअनुसार फण्डले असोज मसान्तमा रू. १५ करोड २४ लाख नाफा कमाएकोमा कात्तिक मसान्तमा रू. १५ करोड ८ लाखमा सीमित भएको छ ।

फण्डले असोज मसान्तको तुलनामा कात्तिक मसान्तमा सूचीकृत शेयरमा लगानी घटाएको छ । फण्डले असोज मसान्तमा सूचीकृत शेयरमा रू. ८३ करोड ४ लाख लगानी गरेकोमा कात्तिक मसान्तमा घटाएर रू. ८० करोड ६१ लाख रहेको छ ।

फण्डको प्रतिइकाई खुद सम्पत्ति मूल्य (न्याभ) असोजको तुलनामा कात्तिक महीनामा केही घटेको छ । असोज मसान्तमा फण्डको न्याभ ११ रुपैयाँ ८६ पैसा रहेकोमा कात्तिक मसान्तमा ११ रुपैयाँ ८४ पैसा कायम भएको छ ।

सामलिङ्ग पावरले साधारणसभा गर्दै

काठमाडौं (अस)। सामलिङ्ग पावर कम्पनी लिमिटेडले पुस २ गते छैटौं वार्षिक साधारणसभा गर्ने भएको छ । मङ्सिर ९ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले द ईन्ट्रान्स क्याफे, ललितपुरमा बिहान १०:३० बजे सभा गर्ने निर्णय गरेको हो । सभाले गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषयलाई टुंग्याउनेछ । कम्पनीले लाभांश प्रस्ताव भने गरेको छैन ।

साधारणसभा प्रयोजनका लागि कम्पनीले मङ्सिर १९ गते एक दिन बुक क्लोज गर्न लागेको छ । बुक क्लोजको आधारमा मङ्सिर १८ गतेसम्म कायम शेयरधनीहरूले मात्र साधारणसभामा भाग लिन सक्नेछन् ।

एशियन हाइड्रोपावरले पुस २ गते बोलायो साधारणसभा

काठमाडौं (अस)। एशियन हाइड्रोपावर लिमिटेडले पुस २ गते छैटौं वार्षिक साधारणसभा बोलाएको छ। मङ्सिर ९ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले द ईन्ट्रान्स क्याफे, ललितपुरमा दिउँसो १२:३० बजे सभा गर्ने निर्णय गरेको हो ।

सभाले गत आर्थिक वर्ष २०८०/८१ सम्मको वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याउनेछ । लाभांश प्रस्ताव भने कम्पनीले गरेको छैन । उल्लिखित प्रस्ताव मात्र तय गरिएको यस सभा प्रयोजनका लागि कम्पनीले मङ्सिर १९ गते एक दिन बुक क्लोज गर्न लागेको छ। बुक क्लोजको आधारमा मङ्सिर १८ गतेसम्म कायम शेयरधनीहरू मात्र सभामा भाग लिन सक्नेछन् ।

समता घरेलु लघुवित्तको एफपीओ सूचीकृत

काठमाडौं (अस)। मंगलवार नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा समता घरेलु लघुवित्त वित्तीय संस्थाको एफपीओ सूचीकृत भएको छ । कम्पनीको ३ लाख ५० हजार ९०४ दशमलव २५ कित्ता एफपीओ सूचीकृत भएको हो । अब यो एफपीओ सम्बन्धित शेयरधनीको हितग्राही खातामा आएपछि कारोबार गर्न सक्नेछन्। कम्पनीले कात्तिक १२ गतेदेखि २० गतेसम्म प्रतिकित्ता १०० रुपैयाँमा एफपीओ विक्रीमा ल्याएको थियो ।

एशियाली शेयर बजारका सूचक (अपडेट : २०२४ नोभेम्बर २६)

स्टक एक्सचेन्ज	सूचकको नाम	इन्डेक्स	फरक प्रतिशत
बम्बई स्टक एक्सचेन्ज	बीएसई सेन्सेक्स	८०,००४.०६	-०.१३%
नेशनल स्टक एक्सचेन्ज	निफ्टी ५०	२४,१९४.५०	-०.११%
जापान एक्सचेन्ज ग्रुप	निक्केइ २२५	३८,४४२.००	-०.८७%
हङकङ स्टक एक्सचेन्ज	हैंग सेंग	१९,१५९.२०	०.०४%
संघाई स्टक एक्सचेन्ज	संघाई एसई कम्पोजिट इन्डेक्स	३,२५९.७६	-०.१२%

लगानी कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ मङ्सिर ११)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	नागरिक लगानी कोष	२१८८	२७००	१८८०
२	सिईडिबि होल्डिङ्गस लिमिटेड	१६८३	२३७०	६२७
३	हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड	१५३८	१८१६	४१४.१
४	इमर्जिङ्ग नेपाल लिमिटेड	११९०	१४५३.५	७२८
५	एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड	१०५७	११३२	२८०.६
६	नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड	२७३	३६६.६	१८२.६
७	हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड	२६७	३६०	१५५.१

प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड
PRABHU CABLE CAR & TOURISM LIMITED
रजिष्टर्ड कार्यालय : का.म.न.पा.-३२, तिनकुने, काठमाडौं ।
टेलिफोन नं.: ०१-५९०४९६१, ५९०४९६४
इमेल : prabhucablecar@gmail.com
वेभसाइट: www.prabhucablecar.com

हकप्रद शेयरको निष्काशन तथा बिक्री खुला बारेको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०८/१२

यस प्रभु केवलकार एण्ड टुरिजम लिमिटेडको मिति २०८१/०८/११ गतेसम्म कायम साविक संस्थापक शेयरधनीहरुको लागि १:१ (अर्थात विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) को अनुपातमा प्रति शेयर रु १००/- अङ्कित दरको ७०,००,००० कित्ता हकप्रद शेयरको निष्काशन तथा बिक्री खुला यहि **मिति २०८१/०८/२९ गतेदेखि मिति २०८१/१०/०४ गते** (बैकिङ्ग समयसम्म) गरिने हुँदा सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

विवरण	स्थान
दरखास्त पाइने र आवेदन बुझाउने स्थान	प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड का.म.न.पा.-३२, तिनकुने, काठमाडौं
रकम जम्मा गर्ने	प्रभु केवलकार एण्ड टुरिजम लिमिटेडको प्रभु बैंक कोटेश्वर शाखाको खाता नं. **1150153562100015**

साथै **"हकप्रद शेयर निष्काशन सम्बन्धी फारम"** निष्काशनकर्ता कम्पनी यस प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड को वेवसाइट www.prabhucablecar.com बाट डाउनलोड गरी भर्न सकिनेछ ।

आगामी साधारणसभा

क्र.सं.	कम्पनीको नाम	आर्थिक वर्ष	स्थान	मिति	समय	प्रस्तावित लाभांश (%) बोनस	प्रस्तावित लाभांश (%) नगद	अन्य प्रस्ताव	बुक क्लोज
१	माईखोला हाइड्रोपावर लिमिटेड	२०८०/०८१	स्मार्ट दरबार, शंखपार्क, काठमाडौं	मङ्सिर १४	११:००			वार्षिक प्रतिवेदन पारित गर्ने	कात्तिक २९
२	सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड	२०८०/०८१	स्मार्ट दरबार, शंखपार्क, काठमाडौं	मङ्सिर १४	९:००	४.७५	०.२५	वार्षिक प्रतिवेदन पारित गर्ने	कात्तिक २६
३	प्राइम कमर्सियल बैंक लिमिटेड	२०८०/०८१	आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं	मङ्सिर १९	११:००		५	वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर ९
४	नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड	२०८०/०८१	अरनिको पार्टी प्यालेस, बनेपा, काभ्रेपलाञ्चोक	मङ्सिर २४	११:००	१४.२५	०.७५	थप सार्वजनिक निष्कासन (एफपीओ) जारी गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १८ - मङ्सिर २४
५	स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड	२०८०/०८१	आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं	मङ्सिर २५	९:३०	६.५	१९	वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १२
६	ग्लोबल आइएमई बैंक लिमिटेड	२०८०/०८१	नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं	मङ्सिर २७	१०:००	५.५		सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर ९
७	नबिल बैंक लिमिटेड	२०८०/०८१	राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाडौं	मङ्सिर २७	१०:००		१०	सञ्चालकको निर्वाचन/नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १०
८	हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड	२०८०/०८१	बोगनभिल्ला इभेन्ट्स, त्रिपुरेश्वर, काठमाडौं	मङ्सिर २७	१०:००			सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १६
९	फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.	२०८०/०८१	दिनेश चौधरी स्मृति प्रतिष्ठान, दुहवी, सुनसरी	मङ्सिर २८	११:००	१३.३	०.७	वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १४
१०	नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड	२०७९/८०, २०८०/८१	डेलिश ओपेरा रेष्ट्रो एण्ड ब्याङ्क्वेट, बालुवाटार, काठमाडौं	मङ्सिर २८	११:००			सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १९
११	सुपरमाई हाइड्रोपावर लिमिटेड	२०८०/०८१	लिसरा रिसेप्सन, भगवती बहाल नक्साल, काठमाडौं	मङ्सिर २८	४:००	७	५.६३१	वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १७
१२	एशियन हाइड्रोपावर लिमिटेड	२०८०/०८१	द ईन्ट्रान्स क्याफे, चाकुपाट, ललितपुर	पुस २	१२:३०			वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १९
१३	सामलिङ्ग पावर कम्पनी लिमिटेड	२०८०/०८१	द ईन्ट्रान्स क्याफे, चाकुपाट, ललितपुर	पुस २	१०:३०			वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १९
१४	चन्द्रागिरि हिल्स लिमिटेड	२०८०/०८१	चन्द्रागिरी हिल्स लिमिटेडको कार्यालय, थानकोट परिसर	पुस ३	११:००			सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर २१
१५	सोल्टी होटल लिमिटेड	२०८०/०८१	नेपाल प्रज्ञा भवन प्रेक्षालय, कमलादी, काठमाडौं	पुस ४	११:००	१०	२६.८५	वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १३ - पुस ४
१६	नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड	२०८०/०८१	कार्की ब्याङ्क्वेट, बबरमहल, काठमाडौं	पुस ४	९:००			वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर २१
१७	छ्याङ्दी हाइड्रोपावर लिमिटेड	२०७९/८०, २०८०/८१	अग्रवाल भवन, कमलपोखरी, काठमाडौं	पुस ५	९:००			वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर २७
१८	सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड	२०८०/८१	दुर्गा पार्टी प्यालेस, इटहरी, सुनसरी	पुस ६	११:००	१३.७७५	०.७२५	वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १४

नेप्से २७ सय विन्दुमाथि

अभियान संवाददाता

काठमाडौं

साताको तेस्रो कारोबार दिन मंगलवार नेप्से परिसूचक १ दशमलव २४ प्रतिशत बढेर पुनः २७ सय विन्दुमाथि बन्द भएको छ । नेप्से २ हजार ७१६ दशमलव ६६ विन्दुमा पुगेको हो ।

नेपाल धितोपत्र बोर्ड (सेबोन)ले झण्डै ११ महीनापछि नयाँ नेतृत्व पाएसँगै शेयर बजारका लगानीकर्ताको मनोबल बढ्दा नेप्से पुनः सकारात्मक लयमा फर्किएको छ ।

यस दिन ३१२ धितोपत्रको १ करोड ४२ लाख ९२ हजार ७४२ कित्ता ७५ हजार ५७२ पटकमा रू. ७ अर्ब ४४ करोड बराबरको कारोबार भएको छ ।

कारोबारमा आएका धितोपत्रमध्ये सपोर्ट लघुवित्त, युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर र कुथेली बुखरी स्मल हाइड्रोपावरको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा १० प्रतिशतका दरले वृद्धि भएको हो ।

मंगलवार थ्रीस्टार हाइड्रोपावर कम्पनीको शेयर मूल्य १० प्रतिशत घटेको हो । शेयर मूल्य प्रतिकित्ता रू. १ हजार ३२ दशमलव ३० मा झरेको छ ।

सर्वाधिक शेयर खरीदविक्रीको हिस्सा नेपाल फाइनान्स लिमिटेडले ओगटेको छ । यस कम्पनीको रू. ४५ करोड ७८ लाख बराबरको कारोबार भएको हो । शेयर मूल्य प्रतिकित्ता रू. १ हजार ५५० कायम भएको छ ।

कारोबारमा आएका १३ समूहगत सूचक सबै बढेका छन् । सबैभन्दा बढी जलविद्युत् समूहको सूचक १ दशमलव ९७ प्रतिशत वृद्धि भएको छ ।

मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र

बढेका धितोपत्र: धितोपत्र	अन्तिम मूल्य रू.	फरक (प्रतिशत)	घटेका धितोपत्र: धितोपत्र	अन्तिम मूल्य रू.	फरक (प्रतिशत)
सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड	२,७५०.००	१०.००	थ्रीस्टार हाइड्रोपावर लिमिटेड	१,०३२.३०	-१०.००
युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लि.	५८७.४०	१०.००	कर्णाली डेभलपमेन्ट बैंक लिमिटेड	७६९.००	-८.४५
कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड	२,७९२.९०	१०.००	सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड	१,७८३.९०	-८.१२
मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड	१,९६०.००	९.६२	११% एनआईसी एशिया बैंक डिबेन्चर ०८२/८३	१,१६३.००	-६.१६
अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड	७०५.००	८.८०	बेष्ट फाइनान्स कम्पनी लिमिटेड	८४३.००	-६.१२

कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको

कारोबार रकमका आधारमा मंगलवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ३८ दशमलव ३९ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. २ अर्ब ८६ करोड १ लाख बराबरको धितोपत्र किनबेच भएको छ । यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा वित्त समूह रहेको छ । उक्त समूहको रू. १ अर्ब ४४ करोड ३८ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

समूहगत कारोबार

क्र.सं.	समूह	कारोबार रकम (रू. करोडमा)	कारोबारमा हिस्सा(%मा)
१	जलविद्युत्	२८६.०१	३८.३९
२	वित्त	१४४.३८	१९.३८
३	विकास बैंक	६१.९६	८.३२
४	बैंकिङ्ग	६०.२२	८.०८
५	लगानी	५१.३०	६.८९
६	लघुवित्त	४८.५६	६.५२
७	जीवन बीमा	२१.९०	२.९४
८	अन्य	१७.५५	२.३६
९	निर्जीवन बीमा	१५.९२	२.१४
१०	उत्पादन तथा प्रशोधन	१५.८६	२.१३
११	होटल तथा पर्यटन	११.१८	१.५०
१२	संस्थापक शेयर	७.२८	०.९८
१३	व्यापार	१.५७	०.२१
१४	म्युचुअल फण्ड	१.०२	०.१४
१५	ऋणपत्र	०.२०	०.०३

सर्वाधिक कारोबार भएका पाँच धितोपत्र

धितोपत्रको नाम	कारोबार रकम (रू. करोडमा)	अन्तिम मूल्य(रू.)
नेपाल फाइनान्स लिमिटेड	४५.७८	१,५५०.००
डादी ग्रुप पावर लिमिटेड	३३.०६	४८३.००
एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड	२८.८३	१,०५७.००
कर्णाली डेभलपमेन्ट बैंक लिमिटेड	२५.६७	७६९.००
जानकी फाइनान्स कम्पनी लिमिटेड	२२.०४	९७०.२०

ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार

मंगलवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. ९२ करोड ५० लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ३९ करोड ८२ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ५२ करोड ६८ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै दोस्रोमा ब्रोकर नं. ४५ रहेको छ। जसबाट मंगलवारको बजारमा रू. ५४ करोड ७४ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)

ब्रोकर नं.	खरीद रकम	विक्री रकम	जम्मा रकम
५८	५२.६८	३९.८२	९२.५०
४५	२८.४५	२६.२९	५४.७४
४१	२४.८५	२४.०७	४८.९२
४२	२४.७९	२३.८९	४८.६८
५७	२४.४१	२१.१६	४५.५७

समूहगत परिसूचकमा आएको परिवर्तन

क्र.सं.	समूह	समूहगत परिसूचक	परिवर्तन (%मा)
१	जलविद्युत्	३,५७६.९०	१.९७
२	अन्य	२,०७६.२६	१.६८
३	वित्त	३,६९१.९०	१.५१
४	व्यापार	३,५४२.३६	१.२९
५	बैंकिङ्ग	१,५०१.०५	१.२०
६	लगानी	१०६.९४	१.१३
७	उत्पादन तथा प्रशोधन	६,८४४.५९	१.०८
८	जीवन बीमा	१३,१३४.५९	१.०२
९	लघुवित्त	५,१४४.५३	०.८५
१०	निर्जीवन बीमा	१३,१०७.१०	०.८१
११	होटल तथा पर्यटन	६,८५३.८६	०.६४
१२	विकास बैंक	५,६२१.०७	०.४९
१३	म्युचुअल फण्ड	२१.८६	०.२३

शुभ लक्ष्मी कोषले कमायो रू. ६ करोड २४ लाख नाफा

काठमाडौं (अस) । लक्ष्मी म्युचुअल फण्ड अन्तर्गत सञ्चालित शुभ लक्ष्मी कोषले कात्तिक मसान्तको खुद सम्पत्ति मूल्य विवरण सार्वजनिक गरेको छ ।

उक्त वित्तीय विवरणअनुसार फण्डले कात्तिक मसान्तमा रू. ६ करोड २४ लाख नाफा कमाएको छ । यो नाफा असोज मसान्तको तुलनामा २ दशमलव २७ प्रतिशत कम हो । सो अवधिमा फण्डले रू. ६ करोड ३९ लाख नाफा कमाएको थियो ।

कात्तिक मसान्तमा फण्डको आम्दानी घटेकाले नाफा प्रभावित भएको हो । असोज मसान्तमा फण्डको जम्मा आम्दानी रू. ६ करोड ५८ लाख रहेकोमा कात्तिक मसान्तमा रू. ६ करोड ५० लाखमा सीमित भएको छ ।

फण्डको प्रतिइकाई खुद सम्पत्ति मूल्य (न्याभ) पनि असोज मसान्तको तुलनामा कात्तिक मसान्तमा घटेको छ । असोज मसान्तमा फण्डको न्याभ १२ रुपैयाँ ८ पैसा रहेकोमा कात्तिक मसान्तमा १२ रुपैयाँ ३ पैसामा सीमित भएको छ ।

फण्डले कात्तिक मसान्तसम्ममा सूचीकृत शेयरमा रू. ३२ करोड ३७ लाख लगानी गरेको छ । यो लगानी असोज मसान्तमा रू. ३१ करोड ८७ लाख थियो ।

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया डाइनामिक डेप्ट फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम
नेपाल धितोपत्र बोर्डबाट २०७७/०७/२१ मा योजना संचालन अनुमति प्राप्त खुल्लामुखी योजना

२०८१ कार्तिक मसान्तको खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	सूचिकृत धितोपत्रमा लगानी		
१	शेयर	२७८,४३२,६५९	२७३,९६४,१४५
२	ऋणपत्र	३१६,३०५,९८१	३१६,३३४,४१६
	सुचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	४,३७१,६९०	१,५४६,८४५
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	८७,०००,०००	५७,०००,०००
	कूल लगानी (क)	**६८६,११०,३३०**	**६४८,८४५,४०६**
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	२४४,८६५,३६५	२४९,०१३,४८९
२	अन्य सम्पत्ति	८,९२३,७१८	८,५३७,५८१
	जम्मा (ख)	**२५३,७८५,०८३**	**२५७,५५१,०७०**
	चालु दायित्व		
१	चालु दायित्व	-	२,६३३,६१९
२	भुक्तानी दिनुपर्ने शुल्क	१,८१०,६३६	१,११४,८२७
	जम्मा (ग)	**१,८९०,६३६**	**३,७४८,४४७**
	कूल सम्पत्ति	**५३८,०८८,७७७**	**५०२,६४८,०३०**
१	योजना व्यवस्थापक शुल्क	१,१५६,५४८	१,११२,८५४
२	डिपोजीटरी शुल्क	१५४,२०६	१४८,३८०
३	कोष सुपरीवेक्षक शुल्क	७७,१०३	७४,१९०
	खुद सम्पत्ति	**५३६,७००,५१५**	**५०१,३१२,६०६**
	जम्मा जारी इकाई संख्या	८८,८६२,०४०	८५,५६४,५९८
	प्रति इकाई खूद सम्पत्ति मूल्य	**१०.५४**	**१०.५३**

२०८१ कार्तिक मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	८,२८२,६०६	७,७०७,८०४
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	३५,४७३,३२५	३३,८४५,२६४
	जम्मा आम्दानी	**४३,७५५,९३१**	**४१,५५३,०६८**
	खर्च		
१	सुचना तथा प्रकाशन खर्च	२०३,९९१	१६७,८३१
२	योजना व्यवस्थापन शुल्क	४,४२१,७२३	३,३०७,५३७
३	डिपोजीटरी शुल्क	५८९,५६३	४४१,००५
४	कोष सुपरीवेक्षक शुल्क	२९४,७८२	२२०,५०२
५	योजना लेखा परीक्षण शुल्क	३८,०८०	२८,७९२
६	सिडिएससि वार्षिक शुल्क	१२०,०००	१२०,०००
७	अन्य खर्च	३१६,१००	२५८,१८६
८	बुक बिल्डिङ शुल्क	५,०००	-
	जम्मा खर्च	**५,९८५,२३५**	**४,५४३,८५२**
	कूल नाफा/(नोक्सान)	**३७,७६६,६९३**	**३७,००५,२१६**

नोटः
१. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८१ कार्तिक मसान्तसम्म गरेको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत) रु. ५७२,४७७,७७०.०१ रहेको छ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ का अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मूल्यांकन गरिएकोछ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइटः www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।

सुचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मूल्य (रु.)
	क) वाणिज्य बैंक		
१	कृषि विकास बैंक लिमिटेड	१०,०६०	३,६७२,९०६
२	नेपाल बैंक लिमिटेड	१५,७७३	४,५३४,७३८
३	सानिमा बैंक लिमिटेड	१२,७९१	४,१२८,९३५
४	प्रभु बैंक लिमिटेड	१३,७४१	३,३६९,२९३
५	सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड	१०,०००	२,३६०,०००
६	लक्ष्मी सनराइज बैंक लिमिटेड	११,४१३	२,९६७,३८०
७	ग्लोबल आइएमई बैंक लिमिटेड	११,०४४	२,८३३,८९०
८	प्राइम कमर्सियल बैंक लिमिटेड	१२,१७१	३,४३९,५२५
९	नबिल बैंक लिमिटेड	११,८२४	६,६४५,०८८
	ख) विकास बैंक		
१	कामना सेवा विकास बैंक लिमिटेड	२०,१७३	९,७२३,३८६
२	गरिमा विकास बैंक लिमिटेड	६,०००	२,७४५,०००
३	शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड	१३,५००	६,४५३,०००
	ग) लघुवित्त वित्तीय संस्था		
१	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१३,३२४	१२,९७७,५७६
२	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	९,२७५	६,८३५,६७५
३	जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	१,७१७	२,८५०,२२०
४	डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१,२४८	१,१५०,६५६
५	महिला लघुवित्त वित्तीय संस्था लिमिटेड	२५५	५४१,८७५
६	साना किसान विकास बैंक लिमिटेड	१,७४९	१,६५८,०५२
	घ) जीवन विमा कम्पनी		
१	एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२४,५४०	१८,४०५,०००
२	नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१४,७५०	९,२४८,२५०
३	नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५,१४०	४,४४६,१००
४	सुर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	९,५७८	४,७६०,२६६
५	आईएमई लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२,३०६	१,१६२,२२४
६	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२,०४६	१,२९९,२१०
७	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	७,८००	३,८७६,६००
८	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड	७,९७८	३,६४५,९४६
	ङ) निर्जीवन विमा कम्पनी		
१	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	१५,८०८	१०,७९६,८६४
२	सानिमा जीआइसी इन्स्योरेन्स लिमिटेड	६,३००	४,५२९,७००
३	आइजीआई प्रुडेन्सियल इन्सुरेन्स लिमिटेड	१०,७७५	६,८५२,९००
४	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	२०,६३४	१६,१५६,४२२
५	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	५,७२८	५,८६०,३१७
६	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	१०,२३७	९,४१९,०६४
७	प्रभु इन्स्योरेन्स लिमिटेड	२१,०५१	२१,३८७,८१६
८	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	१८,५००	१६,४६५,०००
९	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड	९,६१२	८,३४३,२१६
१०	नेको इन्स्योरेन्स लिमिटेड	११,१७५	१०,४८३,१५०
११	युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	५,६४६	३,८७३,१५६
	च) म्युचुअल फण्ड		
१	प्रभु सेलेक्ट फण्ड	५००,०००	५,०५०,०००
२	कुमारी इक्विटी फण्ड	३००,०००	२,७३०,०००
३	आरबिबि म्युचल फण्ड १	२५०,०००	२,३१५,०००
४	एनआईबिएल ग्रोथ फण्ड	२,०००,०००	१८,३८०,०००
५	कुमारी सबल योजना	५००,०००	४,५४५,०००
६	नबिल फ्लेसी क्याप फण्ड	२५०,०००	२,९१०,०००
	छ) जलविद्युत		
१	रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड	५,०००	२,२०६,०००
२	चिरख्वा हाइड्रोपावर लिमिटेड	४	२,७६४
	ज) उत्पादन तथा प्रशोधन		
१	सर्वोत्तम सिमेन्ट लिमिटेड	५००	३९६,५००
	जम्मा	**४,५११,१६६**	**२७८,४३२,६५५**

कोष प्रवर्द्धकः
NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५१११७७७/७८/८८, फ्याक्सः ९७७-०१-५१११५८० टोल फ्री नं. : १६६०-०१-००७७१

योजना व्यवस्थापक/डिपोजिटरीः
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली -११, काठमाडौं
फोनः ९७७-१-४७०९९९४, फ्याक्सः ९७७-१-४७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मितिः २०८१/०८/१२

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक तिनाउ मिसन डेभलपमेन्ट बैंक लिमिटेड) को शाखा कार्यालय ड्राइभरटोल, रुपन्देहीबाट तपसिलमा उल्लेखित तपाई ऋणिले सिटिजन्स आवधिक कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति बि.सं. २०७८/०९/१३ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति वि.सं. २०७८/११/१६ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्न १५ (पन्ध्र) दिने सूचना, मिति वि.सं. २०७९/०२/१२ मा बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना, मिति वि.सं. २०७९/०३/१५ मा आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना र मिति २०७९/०९/२९ को आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताकरु समेतलाई सूचित गर्दा समेत ऋणीले बैंकलाई तिर्न बुझाउनु पर्ने उल्लेखित सावाँ एवम् ब्याज नतिरी नबुझाई अटेर गरी बसेको हुनाले बैंकले आफ्नो लेना रकम असुल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम निज ऋणीहरुले बैंक कर्जाको सुरक्षण स्वरुप लेखी दिएको तपसिल बमोजिमको धितो सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय ड्राइभरटोल, रुपन्देहीमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स आवधिक कर्जा

ऋणी तथा जमानीकर्ताहरुको नाम, थर, ठेगाना

ऋणीको नाम : स्काई नेपाल हेभी इक्युपमेन्ट प्रा.लि.
रजिष्टर्ड ठेगाना : बुटवल उपमहानगरपालिका वडा नं.-१३, रुपन्देही
रजिष्ट्रेसन नं. : १५१३३५/७२/०७३ (नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौं)
पान नं. : ६०४२८००७१

कम्पनीको संचालक तथा जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : प्रेम राज पराजुली
बाबु : टंक राज पराजुली
बाजे : गंगाधर पराजुली
ठेगाना : थुमपोखरा गा.वि.स. वडा नं.-६, स्याङ्जा (परिवर्तित वालिङ न.पा.-१४, स्याङ्जा)
हाल : बुटवल उप.म.न.पा. वडा नं.- ११, रुपन्देही
ना.प्र.नं. : ३१९९३
जारी मिति : २०५३/०१/०३
जि.प्र.का. : स्याङ्जा

२.नाम : जानकी पराजुली
पति : प्रेम राज पराजुली
ससुरा : टंक राज पराजुली
ठेगाना : वालिङ नगरपालिका वडा नं.-३, स्याङ्जा (परिवर्तित वालिङ न.पा.-८, स्याङ्जा)
हाल : बुटवल उप.म.न.पा. वडा नं.-११, रुपन्देही
ना.प्र.नं. : ४२१०४१/९५९२४
जारी मिति : २०६५/०८/३०
प्रथम प्रतिलिपि मितिः २०६७/०२/३०
जि.प्र.का. : स्याङ्जा

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : अनिष पराजुली
बाबु : प्रेम राज पराजुली
बाजे : टंक राज पराजुली
ठेगाना : बुटवल उप.म.न.पा. वडा नं.-११, रुपन्देही
ना.प्र.नं. : ३७-०२-७३-०३७५०
जारी मिति : २०७३/०५/१५,
प्रथम प्रतिलिपि मितिः २०७४/०५/२५
जि.प्र.का. : रुपन्देही

२. नाम : अजय कुमार न्यौपाने
बाबु : हिम लाल न्यौपाने
बाजे : कृष्ण लाल न्यौपाने
ठेगाना : कृष्ण गण्डकी गा.वि.स. वडा नं.-३, स्याङ्जा
हाल : बुटवल उप.म.न.पा. वडा नं.-३, रुपन्देही
ना.प्र.नं

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
बुधवार, १२ मङ्सिर २०८१ | Wednesday, 27 November 2024
आर्थिक अभियान

चितवनलाई वाइल्डलाइफ पर्यटनको राजधानी घोषणा गरिँदै

काठमाडौं (अस)। पोखरालाई पर्यटकीय राजधानी घोषणा गरेको एक वर्ष नपुग्दै अर्को प्रसिद्ध गन्तव्य चितवनलाई पनि पर्यटनको राजधानी घोषणा गरिने भएको छ। २०८० चैतमा पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिएको थियो। त्यसको करीब ८ महीनापछि चितवनलाई 'वाइल्डलाइफ' पर्यटनको राजधानीको रूपमा घोषणा गर्न लागिएको हो।

विश्व सम्पदाको सूचीमा समेत सूचीकृत राष्ट्रिय निकुञ्ज चितवन राष्ट्रिय निकुञ्ज जंगल सफारीका लागि चर्चित छ। सौराहामा हरेक वर्ष हात्ती महोत्सव हुँदै आएको छ। त्यसै महोत्सवको अवसरमा औपचारिक रूपमा 'जैविक विविधता तथा वन्यजन्तुको पर्यटकीय राजधानी' घोषणा गर्न लागिएको हो। क्षेत्रीय होटेल संघ, चितवनका अध्यक्ष गंगा गिरीले पोखराले पर्यटकको राजधानी घोषणा गरेपछि चितवनलाई पनि वाइल्ड लाइफ पर्यटनको राजधानी घोषणा गर्न लागिएको जानकारी दिए।

'चितवनलाई वाइल्डलाइफ पर्यटनको पहिचान दिन खोजिएको हो,' गिरीले भने, 'वन्यजन्तु, चराचुरुंगी, वनस्पति हेर्न चितवन जानुपर्छ भन्ने सन्देश दिन जैविक विविधता तथा वन्यजन्तुको पर्यटकीय राजधानी घोषणा गर्न लागेका हौं।' उनका अनुसार यस्तो राजधानी घोषणा गर्दा चितवनको प्रचारप्रसार सजिलो हुनुका साथै वाइल्डलाइफ थप प्रवर्द्धन गर्न सकिनेछ।

तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

क्षेत्रीय होटेल संघ, चितवनले पुस ११ गतेदेखि १५ गतेसम्म हुने चितवन हात्ती तथा पर्यटन महोत्सवबारे जानकारी दिन आयोजना गरेको पत्रकार सम्मेलन

चितवनमा पर्यटकीय स्तरका करीब २०० होटेल छन् भने थप पाँचतारे र अन्तरराष्ट्रिय चेन होटेल पनि आउने क्रम बढेको उनको भनाइ छ।

संघका निवर्तमान अध्यक्ष दीपक भट्टराईले चितवन वन, वन्यजन्तु र त्यहाँको वनस्पति हेर्न आन्तरिक र बाह्य पर्यटक आउने भएकाले त्यसको प्रवर्द्धनका लागि पर्यटकीय राजधानी घोषणा गर्न लागिएको जानकारी दिए। संघका अनुसार चितवनमा आन्तरिक र बाह्य गरेर २ लाख ५० हजार पर्यटक आउने गर्छन्। यो संख्या बढ्दो रहेको र सडक पूर्वाधार राम्रो भएमा थप पर्यटक आउने भट्टराईले बताए।

संघको आयोजना तथा युनाइटेड हात्ती सञ्चालन सहकारी संस्था लि र रेष्टुरेन्ट एण्ड बार एसोसिएसन नेपालको सह-आयोजनामा पुस ११ गतेदेखि १५ गतेसम्म '१८ औं चितवन हात्तीतथा पर्यटन महोत्सव-२०८१' हुने भएको छ। संघले मंगलवार काठमाडौंमा पत्रकार सम्मेलन गरेर उक्त जानकारी दिएको हो। यो महोत्सव २०५५ सालदेखि हुँदै आएको छ। हात्ती महोत्सव कोराना महामारीको प्रकोपका कारण तीन वर्ष रोकिएको थियो। महोत्सवका कारण हरेक वर्ष पर्यटकको आगमन २५ देखि ३० प्रतिशतले बढेको उल्लेख गरिएको छ। महोत्सवमा विभिन्न गतिविधि र निजी र सरकारी स्वामित्वमा रहेका ८० ओटा हात्ती सहभागी हुनेछन्।

५ दिनसम्म सञ्चालन हुने महोत्सवमा जैविक विविधता तथा वन्यजन्तुको पर्यटकीय राजधानी घोषणा कार्यक्रम, हात्तीको शृंगार प्रतियोगिता, हात्ती वनभोज, हात्तीको फुटबल पेनाल्टी प्रतियोगिता, हात्ती म्युजिकल वाकलगायत दर्जनौं कार्यक्रम हुनेछन्।

बोनसदर सम्बन्धी सूचना

यस सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.व. २०८०/०८१ को आर्थिक स्थितिको लेखाजोखा र दायित्व मूल्याङ्कन सम्बन्धी बीमाङ्कीय प्रतिवेदन श्री नेपाल बीमा प्राधिकरणबाट मिति २०८१/०८/१० गतेको पत्रबाट स्वीकृत भएको जानकारी गराउँदै २०८१ अषाढ मसान्त सम्ममा जारी भएका मुनाफामा सरीक हुने बीमालेखहरुमा निम्नानुसार मुनाफामा सरिक हुने गरी (बोनस दिनेगरी) जारी गरेका जीवन बीमालेखहरुमा निम्न तालिकामा उल्लेखित बोनसदर, मृत्यु दाबी, पूर्ण वा आंशिक अवधि भुक्तानी दाबी, समर्पण मुल्य दाबी, चुक्ता मूल्य दाबी तथा चालु बीमालेखमा समेत लागू हुनुका साथै श्री नेपाल बीमा प्राधिकरणबाट अर्को बीमाङ्कीय मूल्याङ्कन स्वीकृत नभए सम्मको लागी कम्पनीले भुक्तानी गर्ने उल्लेखित दाबीहरुमा समेत सोही बोनसदर कायम हुने ब्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

बोनसदर तालिका

बीमा योजना	बीमा अवधि	बोनसदर	बीमालेख संख्या
सावधिक सूर्यज्योति सूरक्षित बचत जीवन बीमा योजना-०१ सूर्यज्योति सुनौलो भविष्य बाल जीवन बीमा योजना-०५ सूर्यज्योति एकल तथा सिमित अवधि भूक्तानी (विकल्प १) योजना-०६ सूर्यज्योति एकल तथा सिमित अवधि भूक्तानी (विकल्प २) योजना-०७	०-९	४३	८३९
	१०-१४	४५	५,९७४
	१५-१९	५०	४३,५६०
	२०-२४	५५	१४,६१२
	२५-२९	७५	२६१
	३० वा सो भन्दा माथि	७५	२७
सावधिक सूर्यज्योति संरक्षित सावधिक जीवन बीमा योजना-५१ सूर्यज्योति सिमित अवधि भुक्तानी जीवन बीमा योजना-५३ सूर्यज्योति नौलो बाल जीवन बीमा योजना-५५ सूर्यज्योति संरक्षित बाल जीवन बीमा योजना-७१ सूर्यज्योति सामुहिक सावधिक जीवन बीमा योजना-९१ सूर्यज्योति सावधिक जीवन बीमा योजना-१५१ सूर्यज्योति सावधिक लघु जीवन बीमालेख-१८१	०-९	४०	९८३
	१०-१४	४१	८,४९०
	१५-१९	४५	११५,४५५
	२०-२४	५४	२२,२९३
	२५-२९	६०	५११
	३० वा सो भन्दा माथि	७०	३०५
सावधिक तथा आजीवन सूर्यज्योति सुरक्षित भविष्य जीवन बीमा योजना-०३	०-९	४३	९७
	१०-१४	४५	४७८
	१५-१९	५०	६,७२३
	२०-२४	५५	३,८८५
	२५-२९	७५	१८२
	३० वा सो भन्दा माथि	७५	१५
सावधिक तथा आजीवन सूर्यज्योति सुदर्शन सावधिक तथा आजीवन बीमा -५२	०-९	४०	१८
	१०-१४	४२	५१४
	१५-१९	४६	८,७०९
	२०-२४	५६	१,५९८
	२५-२९	६०	६०
	३० वा सो भन्दा माथि	७०	५२
अग्रिम भुक्तानी सावधिक सूर्यज्योति धन लाभ जीवन बीमा योजना-०२ सूर्यज्योति थ्रि ट्वेन्टी धन बहार जीवन बीमा योजना-०९	०-९	-	-
	१०-१४	४३	३१९
	१५-१९	४५	३,५०४
	२०-२४	५०	३,६८५
	२५-२९	-	-
	३० वा सो भन्दा माथि	-	-
अग्रिम भुक्तानी सावधिक सूर्यज्योति आसाधन अग्रिम भुक्तानी जीवन बीमा योजना-६१/६२ सूर्यज्योति धनवृद्धि जीवन बीमा योजना (अग्रिम भुक्तनी)-६३/६४/६५ सूर्यज्योति सजिलो(वार्षिक) भुक्तानी जीवन बीमा योजना-६६ सूर्यज्योति अग्रिम भुक्तानी बाल जीवन बीमा योजना-७३	०-९	-	-
	१०-१४	४२	६७५
	१५-१९	४२	११,३१३
	२०-२४	५२	४,७४३
	२५-२९	६०	१२
	३० वा सो भन्दा माथि	-	-
चौरासी पूजा अग्रिम भुक्तानी (नियमित) सूर्यज्योति चौरासी पूजा जीवन बीमा योजना-८४	१०-१४	४५	-
	१५-१९	५०	-
	२०-२४	५५	२१
	२५-२९	६५	८४
	३० वा सो भन्दा माथि	७०	२२८९
चौरासी पूजा अग्रिम भुक्तानी (एकल) सूर्यज्योति चौरासी पूजा जीवन बीमा योजना-८४	१०-१४	७५	-
	१५-१९	८०	-
	२०-२४	८५	४
	२५-२९	९०	१७
	३० वा सो भन्दा माथि	९०	२८२
इजि पे अग्रिम भुक्तानी सूर्यज्योति ईजी पे जीवन बीमा योजना-११	१०-१४	२०	५९
	१५-१९	२५	१,२५०
	२०-२४	३०	१,४०४

SuryaJyoti
जीवनको लागि

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
केन्द्रिय कार्यालय : शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौं
सम्पर्क : ०१-४५४५९४१/४५४५९४२
Email : info@suryajyotilife.com

नबिल बैंक लिमिटेड, दमक शाखा, झापको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८१/०८/१२)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचना द्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना **केन्द्रको कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१. **ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०७१/०७/२८ मा प्रा.फ.र.नं. ३०४/७३०५/२०७१/७/२८, अन्तर्गत दर्ता भएको **गुन श्री सप्लायर्स**।
ठेगानाः झापा जिल्ला दमक न.पा. वडा नं. १३, झापा।

ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः

चुडामणी चम्लागाईको नाति, विर बहादुर चम्लागाईको छोरा, झापा जिल्ला दमक न.पा. वडा नं. १३ स्थायी घर भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. १४२५ (जारी मिति २०५२/०३/१२, स्थान झापा) भएका **भिम राज चम्लागाई।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

सुर्य बहादुर खड्काकी छोरी, विर बहादुर चम्लागाईकी बुहारी, भिम राज चम्लागाईकी श्रीमती, झापा जिल्ला दमक न.पा. वडा नं. १३ स्थायी घर भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ०४२०४४/२७८६ (जारी मिति २०६६/०५/१९, स्थान झापा) भएकी **गितु चम्लागाई।**

धितोको विवरण

सवारी साधनको विवरणः
गुन श्री सप्लायर्स र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. प्र.१.०१.००१च.८६३१ भएको Tata Nexon Car.
धितोमा रहेको घर/जग्गाको विवरण
झापा जिल्ला दमक न.पा. वडा नं. १३ स्थायी घर भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ०८ बस्ने **गितु चम्लागाई**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला दमक न.पा. वडा नं. १३ नक्सा सिट नं. १७९००१६१८ मा अवस्थित कि.नं. ३०१, ३०४ र ३०७ क्षेत्रफल क्रमशः ९३.४०, २.०० र ९५.०० व.मि.को जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत

२. **ऋणीको नाम र ठेगानाको विवरण**

चुडामणी चम्लागाईको नाति, विर बहादुर चम्लागाईको छोरा, झापा जिल्ला दमक न.पा. वडा नं. १३ स्थायी घर भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. १४२५ (जारी मिति २०५२/०३/१२, स्थान झापा) भएका **भिम राज चम्लागाई** तथा सुर्य बहादुर खड्काकी छोरी, विर बहादुर चम्लागाईकी बुहारी, भिम राज चम्लागाईकी श्रीमती झापा जिल्ला दमक न.पा. वडा नं १३ स्थायी घर भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ०४२०४४/२७८६ (जारी मिति २०६६/०५/१९, स्थान झापा) भएकी **गितु चम्लागाई।**

क.सं. १ र २ संयुक्त धितोको विवरणः

धितोमा रहेको घर/जग्गाको विवरण
झापा जिल्ला दमक न.पा. वडा नं. १३ स्थायी घर भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ०८ बस्ने **भिम राज चम्लागाई**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला दमक न.पा. वडा नं. १३ नक्सा सिट नं. १७९००१६१८ मा अवस्थित कि.नं. ३००, ३०३ र ३०६ क्षेत्रफल क्रमशः १२७.००, १२.०० र १०५.०० व.मि.को जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

३. **ऋणीको नाम र ठेगानाको विवरण**

इन्द्र बहादुर भट्टराईको नाति, दुर्गा प्रसाद भट्टराईको छोरा, ताप्लेगुङ जिल्ला आम्बेगुदीन गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल झापा जिल्ला अर्जुनधारा न.पा. वडा नं. ०९ बस्ने, ना.प्र.नं. ३३४७९/५८९० (जारी मिति २०५२/११/०९, स्थान ताप्लेजुङ) भएका **मणि कुमार भट्टराई।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

रन बहादुर पौडेलकी छोरी, दुर्गा प्रसाद भट्टराईकी बुहारी, मणि कुमार भट्टराईकी श्रीमती, ताप्लेगुङ जिल्ला आम्बेगुदीन गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल झापा जिल्ला अर्जुनधारा न.पा. वडा नं. ०९ बस्ने, ना.प्र.नं. ४९५८०/७०३१ (जारी मिति २०५९/०२/०७, स्थान ताप्लेजुङ) भएकी **सिता भट्टराई।**

धितोको विवरणः

सवारी साधनको विवरणः
ऋणी मणि कुमार भट्टराई र धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. मे १ ख ३२८२ भएको Tata Tipper.
धितोमा रहेको घर/जग्गाको विवरण
ताप्लेगुङ जिल्ला आम्बेगुदीन गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल झापा जिल्ला अर्जुनधारा न.पा. वडा नं. ०९ बस्ने **मणि कुमार भट्टराई**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला शनिश्चरे गा.वि.स. वडा नं. ०९ नक्सा सिट नं. ०९ मा अवस्थित कि.नं. ११३९ र ११०१ क्षेत्रफल क्रमशः ०-०-१½ र ०-१-० विघाको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

४. **ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण**

प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता ऐन २०७७ बमोजिम प्रदेश सरकार, प्रदेश नं. १., उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७७/१२/१८ मा प्रा.फ.र.न. १९७७/१५८६५/१२/१८ अन्तर्गत दर्ता भएको **शुभम सप्लायर्स।**
ठेगानाः झापा जिल्ला दमक न.पा. वडा नं. ०८, झापा।

ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरण

गेहनाथ गौतमकी छोरी, दुर्गा प्रसाद भण्डारीकी बुहारी, टंक प्रसाद भण्डारीकी श्रीमती, झापा जिल्ला दमक न.पा. वडा नं. १३ स्थायी घर भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ०९ बस्ने, ना.प्र.नं. ०४२०४४/२७१३ (जारी मितिः २०६६/०४/२६, स्थान झापा) भएकी **संजिता गौतम भण्डारी।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

कृष्ण लाल भण्डारीको नाति, दुर्गा प्रसाद भण्डारीको छोरा, झापा जिल्ला दमक न.पा. वडा नं. १२ स्थायी घर भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ०९ बस्ने, ना.प्र.नं. ११६७८ (जारी मितिः २०५८/०३/२२, स्थान झापा) भएका **टंक प्रसाद भण्डारी।**

धितोको विवरण

झापा जिल्ला दमक न.पा. वडा नं. ०९ बस्ने **संजिता गौतम भण्डारी** र **टंक प्रसाद भण्डारी**को नाममा संयुक्त दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला दमक न.पा. वडा नं. १५ नक्सा सिट नं. १७९००१५१९ मा अवस्थित कि.नं. १०४ क्षेत्रफल १७८.०० व.मि.को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

बोर्डका नवनियुक्त अध्यक्ष श्रेष्ठले लिए शपथ

काठमाडौं (अस)। नेपाल धितोपत्र बोर्ड (सेबोन)का नवनियुक्त अध्यक्ष सन्तोष श्रेष्ठले पद तथा गोपनीयताको शपथ लिएका छन्। मंगलवार साँझ अर्थ मन्त्रालयमा अर्थमन्त्री विष्णु पौडेलसमक्ष उनले शपथ लिएका हुन्। शपथ लिएसँगै श्रेष्ठले बुधवारदेखि बोर्डको कार्यभार सम्हाल्नेछन्।

करीब ११ महीनापछि बोर्डले नेतृत्व पाएको छ। निकै चुनौती रहेको अवस्थामा आफूले बोर्ड अध्यक्षको जिम्मेवारी पाएको र त्यसका लागि आफू पूर्ण रूपमा तयार रहेको अध्यक्ष श्रेष्ठले बताएका छन्। आम लगानीकर्ताको हितलाई प्रमुख प्राथमिकतामा राखेको भन्दै उनले सबैभन्दा पूँजीबजारका लामो समयदेखि थाती रहेका काम अघि बढाउने उल्लेख गरे।

पूँजीबजारलाई नयाँ उचाइमा पुऱ्याउने उद्देश्यले काम गर्ने बताएका अध्यक्ष श्रेष्ठले प्राथमिकताका आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनासहित काम अघि बढाउने बताए।

सोमवार बसेको मन्त्रिपरिषद्को बैठकले श्रेष्ठलाई आगामी चारवर्षे कार्यकालका लागि बोर्डको अध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको हो। अर्थमन्त्री पौडेलले अध्यक्ष श्रेष्ठलाई शपथ गराएपछि सरकारले प्रतिस्पर्धाका आधारमा योग्य उम्मेदवारलाई बोर्ड अध्यक्षमा नियुक्त गरेको बताए। बजारमा अध्यक्ष नियुक्ति प्रक्रियाका सम्बन्धमा आएका टीकाटिप्पणीलाई श्रेष्ठले आगामी दिनमा काम गरेर प्रस्ट्याउने उनले उल्लेख गरे।

'योजना पूरा नहुँदा विकासमा नकारात्मक असर'

महेन्द्रनगर (धनुषा)। मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मधेश प्रदेशको द्रुत आर्थिक विकासका लागि राष्ट्रिय महत्त्वका योजनाको निर्माणमा गति दिनुपर्ने बताएका छन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र श्रम तथा यातायात मन्त्रालय मधेश प्रदेशको संयुक्त आयोजनामा मंगलवार जनकपुरधाममा प्रभावकारी र द्रुत सेवाका लागि बहु सरोकारवालासँग कार्यशाला गोष्ठीमा मुख्यमन्त्री सिंहले वर्षौंसम्म योजना पूरा नहुँदा मुलुकको समग्र आर्थिक विकासमा नकारात्मक असर पारिरहेको बताए।

मुख्यमन्त्री सिंहले मधेशलाई संघीय राजधानीसँग जोड्ने द्रुतमार्ग र हुलाकी राजमार्गको समयमा निर्माण भएमा बर्सेनि अर्बौंको डिजेल तथा पेट्रोलको खपतमा कमी हुने भएकाले त्यसतर्फ ध्यान दिन जरूरी रहेको बताए। मधेशमा विकासको धेरै सम्भावना भए पनि त्यसको खोज तथा सही व्यवस्थापन नभएका कारण मुलुकको समग्र विकासले गति नलिएको उनले बताए। *रासस*

न्यू विजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर